# विश्वविद्यालय अनुदान आयोग

# कार्यक्रम कार्यविधि
# आर्थिक वर्ष २०८२

**University Grants Commission**
विश्वविद्यालय अनुदान आयोग
सानोठिमी, भक्तपुर

## खण्ड – एक

## संस्थागत विकास अनुदान
## (Institutional Development Grants)


| | | |
|---|---|---|
| १. | विश्वविद्यालयहरूलाई अनुदान (Grants to Universities) | २ |
| २. | स्थापनाको चरणमा रहेका उच्च शैक्षिक संस्थालाई अनुदान (Grants for establishing new HEIs) | ३ |
| ३. | सामुदायिक क्याम्पसहरूलाई अनुदान (Grants to Community Campuses) | ३ |
| ३.१ | सामुदायिक क्याम्पसलाई नियमित अनुदान (Regular Grants to Communty Campuses) | ४ |
| ३.२ | सामुदायिक क्याम्पसलाई भौतिक विकास अनुदान (Physical Development Grants to Community Campuses) | ७ |
| ३.२.१ | भवन निर्माण अनुदान (Grants for Building Construction) | ८ |
| ३.२.२ | पुस्तक खरिदका लागि अनुदान(Grants for Purchasing Books) | ९ |
| ३.२.३ | फर्निचर खरिदका लागि अनुदान(Grants for Purchasing Furnitures) | ९ |
| ३.२.४ | उपकरण खरिदका लागि अनुदान (Grants for Purchasing Equipments) | १० |
| ३.२.५ | अतिरिक्त क्रियाकलापका लागि संरचना विकास कार्यक्रम (Infrastructure for Extra Curricular Activities) | १० |
| ३.३ | सामुदायिक क्याम्पसलाई विशेष अनुदान (Special Grants to Community Campuses) | १२ |
| ४. | उच्चशिक्षामा विशिष्टताको प्रवर्द्धन कार्यक्रम (Nurturing Excellence in Higher Education Program- NEHEP) | १४ |
| ५. | उच्च शैक्षिक संस्थालाई अनुदान (Grants to Higher Education Institutions) | १६ |


## खण्ड – ख

२३

## गुणस्तर सुधार कार्यक्रम
## (Quality Improvement Program)
### उपखण्ड - एक


| | | |
|---|---|---|
| ६. | विद्वत्वृत्ति (Fellowship) | २६ |
| ६.१ | विद्यावारिधि विद्वत्वृत्ति (Ph.D Fellowship) | २६ |
| ६.२ | एम.फिल. वृत्ति (M.Phil. Fellowship) | ३१ |
| ६.३ | पोस्टडक्टरल वृत्ति (Postdoctoral Fellowship) | ३३ |
| ७. | शोधप्रबन्ध अनुसन्धान अनुदान (Thesis Research Grants) | ३४ |
| ७.१ | विद्यावारिधिका लागि आंशिक सहयोग (Partial Support for the PhD fellow) | ३४ |
| ७.२ | अपाङ्गता भएका विद्यार्थीलाई शोधप्रबन्ध तयारीका लागि सहयोग (Thesis Preparation Support for Persons with Disabilities) | ३५ |
| ८. | अनुसन्धान पूर्वाधार विकास सहयोग (Research Infrastructure Development Support) | ३५ |
| ८.१ | विषेश अनुसन्धान प्रयोगशाला सहयोग (Specialised Research Laboratory Support) | ३५ |
| ८.२ | समकक्षी मूल्याङ्कन जर्नल प्रकाशनार्थ इन्डेक्सिङ गर्न सहयोग (Support for indexing Peer Reviewed Journals) | ३६ |
| ८.३ | उद्यमशिलता तथा स्वरोजगार कार्यक्रम (Entrepreneurship and Self Employment) | ३६ |
| ९. | अनुसन्धान प्रवर्द्धन (Research Promotion) | ३६ |
| ९.१ | लघु अनुसन्धान विकास र नवप्रवर्तन अनुदान(Small Research Development and Innovation Grant | ३७ |
| ९.२ | फ्याकल्टी अनुसन्धान अनुदान (Faculty Research Grants) | ३९ |
| ९.३ | सहकार्यात्मक अनुसन्धान अनुदान(Collaborative Research Grants | ४२ |
| ९.४ | अनुसन्धान विकास र नवप्रवर्तनको लागि म्याचिङ अनुदान (Matching Grant for Research Development and Innovation) | ४४ |
| ९.५ | विशेष अनुसन्धान (Special Research) | ४५ |

९.६ बाह्य अनुसन्धान सहकार्य(Extramural Research Collaboration ४५

९.७ जर्नलमा शोधलेख प्रकाशन सहयोग(Support for Publication of Research Articles) ४६

९.८ उत्कृष्टताका केन्द्रहरू स्थापनार्थ सहयोग (Support for the establishment of center of excellence) ४६

९.९ राष्ट्रिय महत्वका विषयमा नवप्रवर्द्धनात्मक प्राविधिक तथा वैज्ञानिक अनुसन्धान (Innovative Technical and Scientific Research in the Areas of National Importance and Priority) ४६

९.९.१ सहकार्यात्मक तथा नवप्रवर्तन अनुसन्धान अनुदान ४७

९.९.२ एकस्व अधिकार (प्याटेन्ट) सहयोग (Support for Patent) ४७

९.१० उच्च शैक्षिक संस्थाहरूमा इन्क्युवेशन केन्द्र स्थापनार्थ सहयोग (Support for establishing Incubation Center in HEIs) ४८


## उपखण्ड - दुई ४९

## क्षमता अभिवृद्धि, भ्रमण तथा अन्य विशेष कार्यक्रमहरू


१०. क्षमता विकास कार्यक्रम (Capacity Development Program) ४९

१०.१ पुनर्ताजगी तालिम (Refresher Course) ४९

१०.२ क्षमता विकास तालिम (Capacity Development Training) ४९

१०.३ अनुसन्धान विधि तालिम(Research Methodology Training) ५०

१०.४ गोष्ठी/कार्यशाला/सम्मेलन(Seminar/Workshop/Conference) ५०

१०.५ शैक्षिक संस्था उद्योगी/व्यवसायी संवाद(Academia–Industry Dialogue) ५२

१०.६ क्याम्पस प्रमुखका लागि शैक्षिक योजना तथा प्रशासन-सम्बन्धी तालिम (Training on Higher Education Planning and Administration) ५३

१०.७ विश्वविद्यालय-समुदाय सम्पर्क कार्यक्रम(University Community Linkage Program) ५४

१०.८ उच्चशिक्षासम्बन्धी नीति संवाद (Higher Education Policy Dialogue) ५४

१०.९ उच्चशिक्षामा नवप्रवर्तन तथा असल अभ्यास गर्ने नेतृत्वकर्ता पहिचान (Recognition to Academic Leaders for Innovation and Good Practices) ५५

११. अध्ययन/अध्यापन भ्रमण (Study/Teaching Visit) ५५

११.१ उच्च शैक्षिक संस्थामा प्राध्यापकको भ्रमण(Visit by Professor in Higher Education Institutions ५५

११.२ सभा/गोष्ठीमा सहभागिताका लागि भ्रमण अनुदान(Travel Grants for Participation in Seminars/ Conferences) ५६


## उपखण्ड - तीन

## विद्यार्थी छात्रवृत्ति कार्यक्रम


१२. छात्रवृत्ति (Scholarship)

१२.१ प्राविधिक शिक्षण जनशक्ति विकास कार्यक्रम (Technical Teacher Development Program)


## उपखण्ड – चार

## गुणस्तर सुनिश्चितता तथा प्रत्यायन पद्धति

(Quality Assurance and Accrediation System)


१३. गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (Quality Assurance and Accreditation)


## खण्ड - ग

## आयोगका कर्मचारीहरुका लागि क्षमता अभिबृद्धि तथा निजका सन्ततिलाई उच्चशिक्षा अध्ययनका लागि छात्रवृत्ति कार्यक्रमहरु

# विश्वविद्यालय अनुदान आयोग

## कार्यक्रम कार्यविधि– आर्थिक वर्ष २०८२/०८३

## परिचय

विश्वव्यापीकरण, अन्तर्राष्ट्रियकरण एवम् सूचना प्रविधिको विकासको परिवेशलाई आत्मसात् गर्दै उच्चशिक्षाद्वारा दिगो विकासको लक्ष्य पूरा गर्न सान्दर्भिक ज्ञान, सीपयुक्त र सक्षमता भएका दक्ष जनशक्ति विकास गराउनु आजको राष्ट्रिय आवश्यकता हो। उच्चशिक्षा प्रदान गर्ने संस्थाहरूको दिगो विकास, विस्तार र सुसञ्चालनबाट उच्च शैक्षिक संस्थामा अध्ययन, अध्यापन र अनुसन्धान भएपछि मात्र देशलाई रूपान्तरण गर्न सक्ने सक्षम जनशक्तिको उत्पादन भई विकासका लक्ष्यहरू हासिल हुन सक्छन् । यसका लागि क्षमता र योग्यताका आधारमा उच्चशिक्षा हासिल गर्न सबै विद्यार्थीहरूको पहुँच सुनिश्चित गर्नु, गुणस्तर र सान्दर्भिकतामा अभिवृद्धि गर्नु, अनुसन्धानमूलक संस्कृतिको विकास गरी उच्च शैक्षिक संस्थाहरूको सञ्चालनमा सुशासन कायम गर्नु, अध्ययन–अध्यापन र अनुसन्धानका लागि अनुकूल वातावरण निर्माण गर्नुजस्ता चुनौतीपूर्ण कार्यहरू रहेका छन् । विश्वविद्यालय, प्रतिष्ठान तथा क्याम्पसहरूको सुसञ्चालनका लागि विकास सञ्चालन तथा अनुदान, विद्यार्थीहरूलाई छात्रवृत्ति तथा शोध सहयोग, अध्ययन–अध्यापन र व्यवस्थापनमा संलग्न शिक्षक तथा कर्मचारीहरूको सीप, दक्षता र क्षमता अभिवृद्धिका लागि पुनर्ताजगी, अनुसन्धान विधिको प्रशिक्षण, विद्वतवृत्ति, अनुसन्धान अनुदान आदि कार्यक्रमहरूद्वारा उच्च शैक्षिक संस्थाहरूको विकास, विस्तार तथा शैक्षिक, प्राज्ञिक र भौतिक क्षमताको अभिवृद्धि गर्न विश्वविद्यालय अनुदान आयोगको कार्यक्रम कार्यविधि–२०८२/०८३ तर्जुमा गरिएको छ। यसका लागि नेपाल सरकारबाट प्राप्त अनुदानका साथै विश्व बैङ्कको सहुलियतपूर्ण ऋण सहयोगमा सञ्चालित उच्चशिक्षामा विशिष्टताको प्रवर्द्धन कार्यक्रम ( Nurturing Excellence in Higher Education-NEHEP) तर्फको स्रोत परिचालन गरिनेछ।

**आयोगका कार्यक्रममा सहभागी हुनका लागि पालना गर्नुपर्ने न्यूनतम सर्तहरू**

१) आयोगले निश्चित समय सीमा तोकी आवेदन/प्रस्ताव पेस गर्न सूचना जारी गर्दा तोकिएको समय सीमाभित्र आवेदन/प्रस्ताव पेस गरिसक्नुपर्नेछ,

२) आयोगले निर्दिष्ट गरेको ढाँचामा आवेदन/प्रस्ताव पेस गर्नुपर्नेछ,

३) आवेदन/प्रस्तावसम्बन्धी अन्य थप कागजात भए सोसमेत आवेदनसाथ पेस गर्नुपर्नेछ,

४) आयोगबाट अनुदान, छात्रवृत्ति, सहयोग प्राप्त गर्ने उद्देश्यले झुटो विवरण पेस गरेको प्रमाणित भएमा आवेदन/प्रस्ताव रद्द गरी कारबाही गरिनुका साथै भविष्यमा आयोगबाट कुनै पनि सुविधा उपलब्ध गराइनेछैन र दिइएको रकम पनि सरकारी बाँकीसरह असुलउपर गरिनेछ,

५) आयोगको कारबाहीमा परेका, विगतमा लिएको अनुदान कार्यको फरफारक नगरी सुविधा वर्जित सूचीमा परेका व्यक्ति वा संस्थाले आयोगका कुनै पनि कार्यक्रममा आवेदन दिन पाउनेछैनन्,

६) सामान्यतया आयोगले कारबाही गरेका व्यक्ति तथा डिफल्टरहरू (Defultors) लाई आयोगबाट अनुदान लिई सञ्चालन गरिने कार्यक्रममा विशेषज्ञको रूपमा प्रस्ताव गर्न पाइनेछैन,

७) म्याद नाघी प्राप्त हुने र रीत नपुगेका आवेदन वा प्रस्तावउपर कुनै कारबाही हुनेछैन,

८) अनुदान प्राप्त गर्ने संस्थाले प्राप्त अनुदान तोकिएको कार्यमा प्रचलित कानुनबमोजिम खर्च गर्ने/गराउने, सोको लेखा राख्ने, प्रगति प्रतिवेदन तयार गर्ने र लेखा परीक्षण गराउनु पर्नेछ ।

अध्यक्ष

# खण्ड – क

# उच्च शैक्षिक संस्थालाई संस्थागत अनुदान

**(Institutional Grants to Higher Education Institutions)**

**१. विश्वविद्यालयहरूलाई अनुदान (Grants to Universities)**

नेपालमा स्थापित तथा सञ्चालित विश्वविद्यालयहरूमा गुणस्तरीय शिक्षाको पठनपाठन तथा अनुसन्धान उन्मुख संस्कृतिको विकासका लागि आयोगबाट एकमुष्ट (कार्यरत दरबन्दी, ऐनको प्रस्तावनाअनुसारका विशेष व्यवस्था, नयाँ स्थापना भएका र विशिष्टीकृत विश्वविद्यालयलाई निर्धारित रकम), सूत्रमा आधारित (काठमाडौं, पोखरा र पूर्वाञ्चल विश्वविद्यालयलाई तय गरिएको मुख्य लगानी (Core Funding) तथा सूत्र), कार्यसम्पादनमा आधारित र कार्यक्रमगत अनुदानहरू नेपाल सरकार तथा आयोगको नीतिअन्तर्गत रहेर विश्वविद्यालयहरूलाई अनुदान उपलब्ध गराउँदै जाने कार्यक्रम रहेको छ। यसका लागि विश्वविद्यालयको दीर्घकालीन रणनीतिक योजनाका आधारमा अघिल्लो आर्थिक वर्षको शैक्षिक, भौतिक तथा वित्तीय प्रगतिको समीक्षा, चालु आर्थिक वर्षको आवधिक शैक्षिक, भौतिक तथा वित्तीय प्रगतिसहित आगामी आर्थिक वर्षको कार्यक्रम तथा बजेट प्रस्ताव आयोगसमक्ष पेस गर्ने, आयोगले प्रस्तावित बजेट र कार्यक्रम सम्बन्धमा सम्बन्धित विश्वविद्यालयका पदाधिकारीसँग छलफल गर्ने, उच्चशिक्षा क्षेत्रका लागि आवश्यक बजेट नेपाल सरकारसमक्ष सिफारिस गर्ने र उपलब्ध बजेटलाई विभिन्न विश्वविद्यालयका कार्यक्रमहरूका निम्ति बाँडफाँड गरी उच्चशिक्षाको व्यवस्थापन तथा सञ्चालन गर्ने कार्य गर्दै आएको छ।

विश्वविद्यालयहरूले आयोगमा अनुदानका लागि वार्षिक कार्यक्रम तथा बजेट प्रस्तुत गर्दा निम्नानुसारका कागजात पेस गर्नुपर्नेछ:

- विश्वविद्यालय/उच्च शैक्षिक संस्थाको अघिल्लो आर्थिक वर्ष तथा चालु आर्थिक वर्षको अद्यावधिक (प्रथम छ महिनाको) भौतिक, शैक्षिक (शैक्षिक क्यालेन्डर, सञ्चालित कार्यक्रम, शिक्षक, कर्मचारी तथा विद्यार्थीको विवरण, सम्बन्धनसम्बन्धी विवरण) र वित्तीय लक्ष्य तथा प्रगति विवरण,
- विश्वविद्यालय/उच्च शैक्षिक संस्थाको प्रस्तावित वार्षिक कार्यक्रम तथा बजेट,
- विश्वविद्यालय/उच्च शैक्षिक संस्थाको कार्यक्रमको प्राथमिकतामा भए त्यसको विवरण,
- परियोजना भए त्यसको वार्षिक कार्यक्रम र बजेट,
- अन्य संस्थाबाट कुनै किसिमको वित्तीय सहयोग, ऋण वा अनुदान प्राप्त गरेको भए त्यसको विवरण, सम्झौता र प्रगति,
- विश्वविद्यालय/उच्च शैक्षिक संस्थाको बजेट बेहोर्ने स्रोत र स्रोतगत विवरण,
- विश्वविद्यालय/उच्च शैक्षिक संस्थाको वार्षिक कार्यक्रम तथा बजेट र कार्यान्वयन योजना

राष्ट्रिय बजेट तथा कार्यक्रमअनुसार आयोगबाट विश्वविद्यालय/उच्च शैक्षिक संस्थाको लागि बजेट बाँडफाँट भएअनुसार विश्वविद्यालय/उच्च शैक्षिक संस्थाको बजेट तथा कार्यक्रम परिमार्जन आवश्यक भएमा सो गरी विश्वविद्यालय/उच्च शैक्षिक संस्थाको आधिकारिक निकायबाट स्वीकृत गराएर कार्यान्वयन गर्नुपर्नेछ। आयोगबाट तोकिएबमोजिम अनुदान निकासा गरिनेछ। त्यसका लागि

अध्यक्ष

विश्वविद्यालयले ऐन, नियम तथा कार्यविधिमा आवश्यक भनी तोकिएका कागजातहरू समावेश गर्नुपर्नेछ । सामान्यतया निम्नानुसारका विवरण आयोगमा पेस भएपछि बजेट निकासा गरिनेछ:

- विश्वविद्यालयबाट बजेट निकासाका लागि अनुरोध पत्र,
- पहिलो त्रैमासिक निकासा माग गर्दा विश्वविद्यालय सभाले स्वीकृत गरेको वार्षिक कार्यक्रम तथा बजेट, अघिल्लो आर्थिक वर्षको लक्ष्यअनुसार हासिल गरिएका उपलब्धिहरू, वार्षिक प्रगति प्रतिवेदन, अघिल्लो आर्थिक वर्षको यथार्थ आम्दानी, खर्च, बचत/न्यून, सम्पत्ति तथा दायित्वसहितको आर्थिक विवरण आदि,
- बेरुजु फछ्र्यौट प्रगतिको अद्यावधिक विवरण,
- अघिल्लो त्रैमासिकको प्रगति विवरणका आधारमा आयोगमा हुने समीक्षामा प्रगति प्रतिवेदन पेस भएका आधारमा दोस्रो, तेस्रो तथा चौथो त्रैमासिक बजेट निकासा गरिनेछ ।
- विश्वविद्यालयले विद्यार्थी भर्ना, पठन पाठन सञ्चालन, परीक्षा सञ्चालन, नतिजा प्रकाशनको शैक्षिक क्यालेन्डर प्रभावकारी परिपालना गर्नु पर्नेछ र सो नभएमा विश्वविद्यालयको अनुदान कटौती हुनेछ ।

विश्वविद्यालय/उच्च शैक्षिक संस्थाले आयोगमा तोकिएअनुसार निम्नानुसारका विषय समेटी त्रैमासिक तथा वार्षिक प्रगति विवरण पठाउनुपर्नेछ:

- राष्ट्रिय योजना आयोगले निर्दिष्ट गरेको फारमअनुसार त्रैमासिक प्रगति विवरण,
- कार्यक्रमका उपलब्धिहरू,
- अनुभूत गरिएका प्रमुख समस्याहरू,
- समस्या समाधानका लागि अवलम्बन गरिएका उपायहरू,
- विश्वविद्यालय अनुदान आयोगबाट समाधान गरिनुपर्ने समस्याहरू ।

**२. स्थापनाको चरणमा रहेका उच्च शैक्षिक संस्थालाई अनुदान (Grants for Establishing New HEIs)**

राष्ट्रिय नीति तथा कार्यक्रमको आधारमा नयाँ विश्वविद्यालय वा प्रतिष्ठान वा मेडिकल कलेज स्थापनाको कार्य अगाडि बढाउन गठन भएको विश्वविद्यालय पूर्वाधार निर्माण वा विकास समिति वा यस्तै प्रकृतिका संस्थाहरूलाई वार्षिक बजेट तथा कार्यक्रमबमोजिमको अनुदान उपलब्ध गराइनेछ । अनुदान पाउने संस्थाले तोकिएबमोजिम शैक्षिक, भौतिक पूर्वाधारमा प्राप्त रकम नियमपूर्वक खर्च गर्नुपर्नेछ । पूर्वाधार विकास र निर्माणको जिम्मेवारी पाएका निकायहरूले वार्षिक कार्यक्रम तथा बजेट प्रस्तुत गर्दा आयोगबाट तोकिएबमोजिम बजेट तथा कार्यक्रम प्रस्तुत गर्नुपर्नेछ । स्वीकृत बजेट तोकिएबमोजिम प्रगति र खर्चका आधारमा निकासा गरिनेछ ।

**३. सामुदायिक क्याम्पसहरूलाई अनुदान (Grants to Community Campuses)**

सामुदायिक क्याम्पसहरूले देशको करिब एक तिहाइ शैक्षिक भार वहन गरिरहेका सन्दर्भमा ती क्याम्पसको नियमित सञ्चालन, भौतिक तथा शैक्षिक विकासका लागि सहयोग दिने कार्यक्रम निरन्तर रूपमा रहँदै आएको छ ।

अध्यक्ष

### ३.१ सामुदायिक क्याम्पसहरूलाई नियमित अनुदान (Regular Grants to Community Campuses)

विभिन्न विश्वविद्यालयबाट सम्बन्धनप्राप्त गरी सञ्चालनमा रहेका सामुदायिक क्याम्पसहरूलाई स्वीकृत कार्यक्रम तथा बजेटको परिधि भित्ररही "सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसहरूलाई अनुदान दिने निर्देशिका, २०७३" (आठौँ संशोधन, २०८२) का आधारमा वार्षिक रूपमा नियमित अनुदान उपलब्ध गराइनेछ । उक्त निर्देशिका आयोगको वेबसाइटमा उपलब्ध छ । यस कार्यक्रमअन्तर्गत स्नातक वा स्नातकोत्तर तह सञ्चालन भई एक शैक्षिक चक्र (अन्तिम वर्षको परीक्षाफल प्रकाशित) पूरा गरेका क्याम्पसहरूलाई अनुदान प्रदान गरिने कार्यक्रम रहेको छ ।

सामुदायिक क्याम्पसले आयोगबाट नियमित अनुदान प्राप्त गर्नका लागि न्यूनतम कुल विद्यार्थी सङ्ख्या (सम्बन्धन दिने विश्वविद्यालयबाट पछिल्लो पटक लिइएको विभिन्न तहका कार्यक्रमहरूको परीक्षामा सहभागी नियमित कूल विद्यार्थी) स्थानीय सरकार संचालन ऐन, २०७४(संशोधन सहित) बमोजिम जिल्लाको वर्गीकरणको आधारमा हुनेछ । अनुदानका लागि हिमाली जिल्लामा ५० जना, पहाडी जिल्लामा ७५ जना, भित्री मधेसका जिल्लामा १०० जना, तराईका जिल्लामा १२५ जना र काठमाडौँ उपत्यकाभित्र महानगरपालिका र उपमहानगरपालिकामा अवस्थित क्याम्पसको सन्दर्भमा १५० जना तथा नगरपालिका र गाउँपालिकामा १२५ जना हुनुपर्नेछ । तर कोटा निर्धारण गरेका विषय, विज्ञान तथा प्रविधि, संस्कृत, अपाङ्गता भएका व्यक्तिहरूका लागि खुलेका विशेष क्याम्पसहरू र राष्ट्रिय महत्वका विषयहरू अध्ययन–अध्यापन गराउने क्याम्पसहरूका हकमा कुल विद्यार्थी सङ्ख्या न्यूनतम ४० जना हुनुपर्नेछ भने कोटा तोकिएका कार्यक्रमहरूमा कोटाको आधारमा हुनेछ । नियमित अनुदानका लागि निवेदन पेस गर्दा आवेदन शुल्क बापत रु. १०००/– आयोगको सानोठिमी स्थित राष्ट्रिय वाणिज्य बैङ्कमा रहेको खाता १७३०१०००००२१४००१ मा दाखिला गरेको भौचर संलग्न हुनु पर्नेछ । प्रत्येक वर्ष आयोगले सूचना जारी गरेको अन्तिम मितिभित्रमा आवश्यक कागजातहरूसहित आवेदन वा प्रस्ताव दर्ता गर्नुपर्नेछ । म्याद नाघी प्राप्त हुने र रीत नपुगेका आवेदन/प्रस्तावउपर कुनै कारबाही हुनेछैन । झुटो विवरण पेस गरेको प्रमाणित भएमा आवेदन/प्रस्ताव रद्द गरी भविष्यमा आयोगबाट कुनै सुविधा प्राप्त नहुने गरी सुविधा वञ्चित सूचीमा राख्न सकिनेछ र आवश्यक कारबाहीका लागि सम्बन्धन दिने विश्वविद्यालयलाई लेखी पठाइनेछ ।

#### नियमित अनुदानका लागि पेस गर्नुपर्ने आवश्यक कागजातहरू

**(क)** नयाँ क्याम्पसको हकमा निम्नलिखित कागजात समावेश गर्नुपर्नेछः

१. क्याम्पसको लेटर हेडमा अख्तियार प्राप्त पदाधिकारी वा व्यक्तिद्वारा दस्तखत गरिएको आधिकारिक अनुरोध पत्र,

२. आयोगद्वारा निर्दिष्ट ढाँचाको तथ्याङ्क फारम (Statistical Data Form) भरेको प्रति साथै अनलाइन पद्धतिमा समेत भरेको हुनुपर्ने,

३. पछिल्लो दुई वर्षको लेखा परीक्षण प्रतिवेदन (UDIN Number उल्लेख भएको अडिट रिपोर्ट) १–१ प्रति,

४. क्याम्पसको लेटर हेडमा क्याम्पस प्रमुख पूर्णकालीन भएको तथा निजको समयावधि तोकी क्याम्पस व्यवस्थापन समितिको अध्यक्षले दिएको पत्र,

५. एक शैक्षिक सत्र पूरा गरेको प्रमाण खुल्ने कागजपत्र (अन्तिम वर्षको परीक्षाफल प्रकाशित उत्तीर्ण विद्यार्थीको ट्रान्सक्रिप्ट) तथा मार्क लेजर ।

अध्यक्ष

६. विश्वविद्यालयले सामुदायिक क्याम्पसको रूपमा वर्गीकरण गरेको प्रमाणपत्रको प्रतिलिपि,

७. क्याम्पसको शैक्षिक, भौतिक, सामाजिक, आर्थिक अवस्थासहित सबल तथा दुर्बल पक्ष एवं भावी चुनौतीहरूसमेत उल्लेख भएको साधारण सभा/क्याम्पस व्यवस्थापन समितिबाट पारित वार्षिक प्रतिवेदन,

८. विश्वविद्यालयले शैक्षिक कार्यक्रम/हरू सञ्चालन गर्न स्वीकृति दिएको पत्र तथा नवीकरण पत्रको प्रतिलिपि,

९. नियमित विद्यार्थीको सङ्ख्या प्रमाणित गर्नका लागि क्याम्पसले सम्बन्धित परीक्षा नियन्त्रण कार्यालयमा पत्राचार गरेको आधिकारिक पत्रहरूको प्रतिलिपि ,

१०. पब्लिक क्याम्पस सङ्घको अद्यावधिक नवीकरण पत्र,

११. क्याम्पसको स्वीकृत विधान १ प्रति ।

क्याम्पसको विधानमा निम्नलिखित बुँदाहरू खुलेको हुनुपर्नेछ र आयोगमा पेस गर्दा तलका बुँदाहरू हाईलाइट गर्नुपर्नेछः

- व्यक्तिगत/समूहगत/संस्थागत कुनै पनि किसिमले नाफा आर्जन गर्ने हेतुले नभई समुदायबाट नाफा रहित रूपमा सञ्चालित भनी विधानमा लेखिएको हुनुपर्ने र सोही मर्म अनुसार क्याम्पस सञ्चालन भएको हुनुपर्ने
- क्याम्पसको साधारण सभाको सदस्य हुन सबै नेपाली नागरिक योग्य हुने व्यवस्था विधानमा लेखिएको हुनुपर्ने,
- व्यवस्थापन समितिको कार्यकालको निश्चित अवधि विधानमा तोकिएको हुनुपर्ने र पुनर्गठन भएमा त्यसको प्रमाण समाविष्ट हुनुपर्ने,
- कुनै कारणवश क्याम्पस सञ्चालन हुन नसक्ने अवस्थामा क्याम्पसको सम्पूर्ण चल–अचल सम्पत्ति, सम्बन्धन दिने विश्वविद्यालय वा नेपाल सरकारको हुने ब्यहोरा विधानमा उल्लेख भएको हुनुपर्ने ।

**(ख)** आयोगबाट एक पटक नियमित अनुदान प्राप्त गरिसकेका क्याम्पसको हकमा निम्नलिखित कागजात समावेश गर्नुपर्नेछः

१. क्याम्पसको लेटर हेडमा अख्तियार प्राप्त पदाधिकारी वा व्यक्तिद्वारा दस्तखत गरिएको आधिकारिक अनुरोध पत्र,

२. आयोगद्वारा निर्दिष्ट ढाँचाको तथ्याङ्क फारम ( Statistical Data Form) भरेको प्रति साथै अनलाइन पद्धतिमा समेत भरेको हुनुपर्ने,

३. अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन (UDIN Number) उल्लेख भएको अडिट रिपोर्ट १–१ प्रति,

४. क्याम्पसको लेटर हेडमा क्याम्पस प्रमुख पूर्णकालिन भएको तथा निजको समयावधि तोकी व्यवस्थापन समितिको अध्यक्षले दिएको पत्र,

५. हालसालै उत्तीर्ण भएका नियमित विद्यार्थीको सङ्ख्या देखिने मार्क लेजर,

६. विश्वविद्यालयले सामुदायिक क्याम्पसको रूपमा वर्गीकरण गरेको प्रमाणपत्रको प्रतिलिपि,

७. क्याम्पसको शैक्षिक, भौतिक, सामाजिक, आर्थिक अवस्थासहित सबल तथा दुर्बल पक्ष एवं भावी चुनौतीहरूसमेत उल्लेख भएको साधारण सभा/क्याम्पस व्यवस्थापन समितिबाट पारित वार्षिक प्रतिवेदन,

८. विश्वविद्यालयले शैक्षिक कार्यक्रम/हरू सञ्चालन गर्न स्वीकृति दिएको पत्र तथा नवीकरण पत्रको प्रतिलिपि,

९. नियमित विद्यार्थीको सङ्ख्या प्रमाणित गर्नका लागि क्याम्पसले सम्बन्धित परीक्षा नियन्त्रण कार्यालयमा पत्राचार गरेको आधिकारिक पत्रहरूको प्रतिलिपि,

१०. क्याम्पसको विधान संशोधन भएमा सोको प्रतिलिपि,

अध्यक्ष

११. पब्लिक क्याम्पस सङ्घको अद्यावधिक नवीकरण पत्र,

१२. प्रत्यायनकृत संस्था भए सो उल्लेख गर्ने ।

## नियमित अनुदान बाँडफाँडका आधारहरू

नियमित अनुदान माग गरी सामुदायिक क्याम्पसले आयोगमा पेस गरेका कागजातहरूका आधारमा उल्लेख भएका विद्यार्थी सङ्ख्या, शैक्षिक कार्यक्रम, उत्तीर्ण प्रतिशत, विज्ञान तथा प्रविधि/राष्ट्रिय महत्वका विषयहरू, पिछडिएको/दुर्गम/आङ्गिक क्याम्पस नभएका जिल्लालगायतका सूचकका आधारमा निम्नानुसार नियमित अनुदानको रकम निर्धारण गरिनेछ:

- एक फ्याकल्टी एक प्रोग्राम (जस्तो बि.ए.) भएको क्याम्पसलाई न्यूनतम एकमुष्ट अनुदान रु. ७,२५,०००/– (सात लाख पच्चीस हजार) दिइनेछ । (आयोगको बजेट र अनुदान पाउने क्याम्पसको सङ्ख्याको आधारमा न्यूनतम एकमुष्ट अनुदान थपघट हुन सक्नेछ),
- विद्यार्थी उत्तीर्ण प्रतिशतका आधारमा क्याम्पसहरूलाई थप अनुदान प्रदान गरिनेछ । यस अनुसार कम्तिमा ३० प्रतिशत विद्यार्थी उत्तीर्ण भएको क्याम्पसलाई मात्र अनुदान प्रदान गरिनेछ । उत्तीर्ण प्रतिशतका आधारमा थप अनुदान दिँदा उत्तीर्ण प्रतिशत, प्रगति वर्षमा परीक्षामा सम्मिलित विद्यार्थी सङ्ख्या र प्रति विद्यार्थी रु १०० रकमको कुल योग हुनेछ । तल दिइएको सूत्रअनुसार हिसाब गर्दा चार लाख भन्दा माथि अनुदान रकम आएमा अधिकतम चार लाख रुपैयाँसम्म मात्र प्रदान गरिनेछ,

सूत्र : जम्मा रकम = विभिन्न शैक्षिक कार्यक्रमहरूको नतिजा प्रकाशित वर्षमा भएको औसत उत्तीर्ण प्रतिशतमा वृद्धि (उत्तीर्ण प्रतिशत – ३०%) x परीक्षामा सम्मिलित विद्यार्थी सङ्ख्या x रु. १०० प्रति विद्यार्थी

- एकभन्दा बढी फ्याकल्टी (जस्तो बिए, बिबिएस) भएका क्याम्पसलाई न्यूनतम अनुदानमा ४० प्रतिशत थप दिइनेछ भने तीन वा सोभन्दा बढी स्नातक तह भएका क्याम्पसलाई न्यूनतम अनुदानमा ६० प्रतिशत थप दिइनेछ,
- स्नातकोत्तर तह भएका क्याम्पसलाई न्यूनतम अनुदानमा ४० प्रतिशत थप दिइनेछ भने एकभन्दा बढी स्नातकोत्तर कार्यक्रम भएका क्याम्पसलाई न्यूनतम अनुदानमा ६० प्रतिशत थप दिइनेछ,
- विज्ञान विषय/राष्ट्रिय महत्वका विषयहरू अध्ययन हुने क्याम्पसमा न्यूनतम अनुदानमा ८० प्रतिशत थप दिइनेछ,
- विश्वविद्यालयहरूका आङ्गिक क्याम्पस नभएका जिल्लाका क्याम्पसहरूलाई न्यूनतम अनुदानमा ३० प्रतिशत थप दिइनेछ । साथै विशिष्ट किसिमका कार्यक्रम जस्तै: संस्कृत, बौद्ध अध्ययन, प्राविधिक विषय आदि सञ्चालन भएको आङ्गिक क्याम्पसहरूलाई समेत यस प्रकारको थप अनुदान दिइनेछ,
- हिमाली जिल्लाका क्याम्पसलाई न्यूनतम अनुदानमा ५० प्रतिशत, पहाडी जिल्लाका क्याम्पसहरूलाई ३० प्रतिशत, भित्री मधेस र तराईका जिल्लामा अवस्थित क्याम्पसहरूलाई न्यूनतम अनुदान थप ५ प्रतिशत



अध्यक्ष

उपलब्ध गराइनेछ भने काठमाडौँ उपत्यका भित्र अवस्थित क्याम्पसहरूलाई यस प्रकारको थप अनुदान उपलब्ध गराइने छैन। हिमाली, पहाडी, भित्री मधेस, तराई र काठमाडौँ उपत्यका पर्ने जिल्लाहरू स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (संशोधन, २०७७) अनुसार हुनेछ,

- पहिलो पटक नियमित अनुदान पाउने सामुदायिक क्याम्पसलाई न्यूनतम अनुदान रु.७,२५,०००/– (सात लाख पच्चीस हजार मात्र) एकमुष्ट दिइनेछ,
- स्नातकोत्तर तहमा प्रति कार्यक्रम न्यूनतम विद्यार्थी सङ्ख्या १५ जना नहुने क्याम्पसलाई सो कार्यक्रमबापत हुन आउने थप अनुदान उपलब्ध गराइनेछैन। स्नातक तहको प्रति कार्यक्रम थप अनुदानका लागि न्यूनतम विद्यार्थी सङ्ख्या ३० जना हुनुपर्नेछ,
- नयाँ क्याम्पसका रूपमा नियमित अनुदान पाउने क्याम्पसबाहेकका नियमित अनुदान प्राप्त क्याम्पसहरूलाई विद्यार्थी सङ्ख्याका आधारमा प्रति विद्यार्थी रू.१०००/– का दरले थप अनुदान उपलब्ध गराइनेछ। यसरी विद्यार्थी सङ्ख्याका आधारमा अनुदान प्राप्त गर्नका लागि क्याम्पसमा न्यूनतम २०० जनाभन्दा बढी विद्यार्थी हुनुपर्नेछ। यस सूचकको अनुदान रकम अधिकतम रु. चार लाख भन्दा बढी हुने छैन,
- गुणस्तर सुनिश्चितता तथा प्रत्यायनकृत क्याम्पसहरूलाई थप रु. ४,००,०००/– (चार लाख मात्र) प्रोत्साहन अनुदान दिइनेछ।

**पुनश्च:** सामुदायिक क्याम्पसलाई पुँजीगत विकासका लागि विनियोजित बजेटको सीमाभित्र रहने गरी आयोगले निर्धारण गरेका विभिन्न सूचकहरूका आधारमा अनुदान गणना गरी आवश्यकताअनुसार त्यसमा समायोजन गरी रकम उपलब्ध गराउने व्यवस्था गरिनेछ।

विस्तृत जानकारीका लागि आयोगको वेबसाइटमा राखिएको "सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसहरूलाई अनुदान दिने निर्देशिका, २०७३ (संशोधन, २०८२)" बाट प्राप्त गर्न सकिनेछ।

### ३.२ सामुदायिक क्याम्पसहरूलाई भौतिक विकास अनुदान (Physical Development Grants to Community Campuses)

सामुदायिक क्याम्पसमा नयाँ भवन निर्माण, पुस्तक, फर्निचर, उपकरण खरिद र अतिरिक्त क्रियाकलापको संरचना विकास गर्नका लागि सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसहरूलाई अनुदान दिने निर्देशिका, २०७३ (संशोधन, २०८२) मा उल्लेख भएबमोजिम अनुदान उपलब्ध गराइनेछ। आयोगबाट उपलब्ध गराइने अनुदानमा अन्य स्रोतबाट समेत रकम जुटाई सम्बन्धित क्याम्पसले प्रस्तावित कार्य सम्पन्न गर्न सक्नेछन्। यस कार्यक्रमअन्तर्गत स्नातक वा स्नातकोत्तर तह सञ्चालन भई तोकिएका आधारहरू पूरा गरेका क्याम्पसहरूलाई भौतिक सुविधा विकास अनुदान उपलब्ध गराइनेछ। भवन निर्माण, पुस्तक, फर्निचर र उपकरण खरिद अनुदानमध्ये क्याम्पसको आवश्यकता तथा प्राथमिकताका आधारमा कुनै दुई शीर्षकमा मात्र आवेदन/प्रस्ताव पेस गर्न सक्नेछन्। प्रस्ताव पेस गर्दा प्रचलित कानुनबमोजिम वातावरणीय एवं सामाजिक पक्षहरूलाई समेत दृष्टिगत गरी तयार गर्नु पर्नेछ। आयोगबाट आयोगबाट नियमित अनुदानप्राप्त गरिसकेका उच्च शैक्षिक संस्थाहरू मात्र भौतिक अनुदानका लागि योग्य मानिनेछन्। पुस्तक,



अध्यक्ष

फर्निचर र उपकरणका आदि भौतिक अनुदान प्राप्त गर्नका लागि तल उल्लेख भए बमोजिमको ढाँचामा **अनुसूची–१** फाराम तथा भवन र अतिरिक्त क्रियाकलापको लागि संरचना विकास सम्बन्धी अनुदानको प्रस्ताव पेस गर्दा अनुसूची १.१ फाराम अनिवार्य रूपमा भरी संलग्न गर्नु पर्नेछ । भौतिक सुविधा विकासका लागि आयोगमा प्रस्ताव पेस गर्दा दस्तुर बापत रु. ५००/– प्रति प्रस्ताव आयोगको बैङ्क खाता रा.वा.बैङ्क, सानो ठिमी शाखा, हि.नं. १७३०१०००००२१४००१ मा दाखिला गरेको भौचर संलग्न हुनु पर्नेछ । प्रस्ताव नेपाली वा अङ्ग्रेजी भाषामा लेख्न सकिनेछ । अघिल्लो आ.व.मा प्राप्त अनुदान रकमको फरफारक नगर्ने उच्च शैक्षिक संस्थाहरूलाई चालु आ.व.मा कुनै पनि किसिमको भौतिक सुविधा विकास अनुदान उपलब्ध गराइनेछैन । भौतिक संरचना तयार गर्दा प्रचलित कानुनबमोजिम वातावरणीय एवं सामाजिक पक्षहरूलाई समेत समेटी निर्माण कार्य गर्नुपर्नेछ । विस्तृत जानकारीका लागि आयोगको वेबसाइटमा राखिएको "सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसहरूलाई अनुदान दिने निर्देशिका" हेर्न सकिनेछ । भौतिक सुविधा विकास अनुदानका लागि पेस गर्नु पर्ने प्रस्तावको ढाँचा निम्न बमोजिम हुनुपर्नेछ:

**प्रस्तावको ढाँचा**

| **विषयसूची** |
|---|
| Brief Introduction of the campus (क्याम्पसको परिचय) |
| Background of the program (कार्यक्रमको पृष्ठभूमि) |
| Justification of the program (कार्यक्रमको औचित्य) |
| Expected outcomes of the program (अपेक्षित उपलब्धि) |
| Program Budget (Breakdown of activities, rate, and quantity etc) (कार्यक्रम बजेट) |
| Action plan for the completion of work (कार्ययोजना) |
| Monitoring and Evaluation Mechanism (अनुगमन तथा मूल्याङ्कन संयन्त्र) |
| Sustainability Plan (योजनाको दिगोपना) |
| Engineer's Structural Design/Drawing (संरचनागत ढाँचा)<br>Consideration on Environmental & Social Safeguard (वातावरण तथा सामाजिक सुरक्षा सम्बन्धी ध्यान दिनुपर्ने कुराहरू) |
| Engineer's Cost Estimation (लागत अनुमान) |
| Annual Procurement Plan (वार्षिक खरिद योजना) |

### ३.२.१ भवन निर्माण अनुदान (Grants for Building Construction)

भवन निर्माण अनुदान (कक्षा कोठा/पुस्तकालय भवन/प्रशासनिक भवन/प्रयोगशाला भवन/शौचालय निर्माणका लागि अनुदान) प्राप्त गर्नका लागि सामुदायिक क्याम्पसले निम्नानुसारका कागजात समावेश गरी प्रस्ताव माग गरेको अन्तिम मितिभित्र आयोगमा आवेदन/प्रस्ताव दर्ता गरिसक्नुपर्नेछ यस अनुदानका लागि क्याम्पसको न्यूनतम विद्यार्थी सङ्ख्या १०० जना हुनुपर्नेछ । अनुदान रकम विद्यार्थी सङ्ख्याका आधारमा बढीमा रु. ३ करोडसम्म हुन सक्नेछ तर प्रति वर्ष रु. १ करोडभन्दा बढी हुने छैन ।

अध्यक्ष

**प्रस्तावका साथ संलग्न हुनुपर्ने आवश्यक कागजातहरू:**

- क्याम्पसको लेटर हेडमा अख्तियार प्राप्त पदाधिकारी वा व्यक्तिद्वारा दस्तखत गरिएको अनुरोध पत्र,
- आयोगबाट उपलब्ध गराएको ढाँचा अनुसारको प्रस्ताव । (प्रस्ताव पेस गर्दा उपलब्ध भौतिक पूर्वाधारको विवरण र थप पूर्वाधार निर्माणको औचित्य पुष्टि गर्ने विवरण उल्लेख हुनुपर्नेछ । अपूरो प्रस्ताव मान्य हुनेछैन),
- भवन निर्माणका लागि क्याम्पसको आफ्नै नाममा भएको जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि,
- प्राविधिक विज्ञले तयार पारेको प्रस्तावित भवनको इन्जिनियरिङ डिजाइन र लागत अनुमान,
- सम्बन्धित सरकारी निकायबाट भवन निर्माणका लागि लिनुपर्ने इजाजत पत्र,
- अनुसूची १.१ मा उल्लिखित तथ्याङ्क विवरण,
- प्रस्तावित निर्माणका लागि अन्य स्रोतबाट कुनै सहयोग प्राप्त भएको/नभएको बारेमा जानकारीको ब्यहोरा,
- प्रस्तावित भवनको इन्जिनियरिङ डिजाइन र लागत अनुमान फेरबदल गर्नुपर्ने भएमा सम्झौता भएका मितिले ३० दिनभित्र गरिसक्नुपर्नेछ ।

### ३.२.२ पुस्तक खरिदका लागि अनुदान (Grants for Purchasing Books)

पाठ्यपुस्तक तथा सन्दर्भ पुस्तकको अभावमा स्तरीय शिक्षा सम्भव नहुने हुँदा सम्बन्धन प्राप्त क्याम्पसहरूका पुस्तकालयको सुदृढीकरणका लागि विश्वविद्यालय अनुदान आयोगद्वारा ‘‘सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसहरूलाई अनुदान दिने निर्देशिका, २०७३’’ (आठौँ संशोधन, २०८२) को आधारमा अनुदान उपलब्ध गराइनेछ । यसअन्तर्गत प्राप्त आर्थिक सहयोग पाठ्यपुस्तक तथा सन्दर्भ पुस्तकहरू खरिद गर्नका लागि मात्र प्रयोग गर्नुपर्नेछ । अघिल्लो वर्षमा यस शीर्षकअन्तर्गत अनुदान पाएका क्याम्पसहरूलाई कम्तीमा आगामी दुई आ.व.का लागि यसै शीर्षकमा थप अनुदान दिइनेछैन । यो अनुदान प्राप्त गर्नका लागि इच्छुक क्याम्पसले निम्नानुसारको कागजातसहित आवेदन पेस गर्नुपर्नेछः

- क्याम्पसको लेटर हेडमा अख्तियार प्राप्त पदाधिकारी वा व्यक्तिद्वारा दस्तखत गरिएको अनुरोध पत्र,
- आयोगबाट उपलब्ध गराइएको ढाँचा अनुसारको प्रस्ताव । (अपूरो प्रस्तावलाई मान्यता दिइनेछैन),
- पुस्तकालयको सम्पूर्ण स्थितिसहित प्रतिवेदन (पाठ्यपुस्तक, सन्दर्भ पुस्तक तथा जर्नलहरू)
- आवश्यक पाठ्यपुस्तक तथा सन्दर्भ पुस्तकहरू अलगअलग छुट्ट्याई प्रत्येकको अनुमानित मूल्य तथा आवश्यक प्रतिसमेत उल्लेख गरिएको प्रस्ताव,
- म्याद नाघी प्राप्त भएका र रीत नपुगेका प्रस्ताव उपर कुनै कारबाही हुनेछैन ।

### ३.२.३ फर्निचर खरिदका लागि अनुदान (Grants for Purchasing Furniture)

उच्च शैक्षिक संस्था सञ्चालनका लागि आवश्यक डेस्क, बेन्च, पुस्तकालय तथा अफिस कक्षमा प्रयोग हुने विभिन्न प्रकारका फर्निचर खरिदका लागि विश्वविद्यालय अनुदान आयोगद्वारा ‘‘सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसहरूलाई अनुदान



अध्यक्ष

दिने निर्देशिका, २०७३" (आठौँ संशोधन, २०८२) को आधारमा अनुदान उपलब्ध गराउन सकिनेछ । अघिल्लो वर्षमा यस शीर्षकअन्तर्गत अनुदान पाएका क्याम्पसलाई कम्तीमा आगामी दुई आ.व.का लागि यसै शीर्षकमा थप अनुदान दिइनेछैन । यस कार्यक्रमलाई निम्नानुसार सञ्चालन गरिनेछः

- क्याम्पसको लेटर हेडमा अख्तियार प्राप्त पदाधिकारी वा व्यक्तिद्वारा दस्तखत गरिएको अनुरोध पत्र,
- आयोगबाट उपलब्ध गराइएको ढाँचा अनुसारको प्रस्ताव । (अपूरो प्रस्तावलाई मान्यता दिइनेछैन),
- यसअन्तर्गत प्राप्त सहयोग कक्षाकोठा, पुस्तकालय तथा अफिस कक्षमा प्रयोग हुने फर्निचर खरिदका लागि मात्र प्रयोग गर्नुपर्नेछ,
- म्याद नाघी प्राप्त भएका र रीत नपुगेका प्रस्ताव उपर कुनै कारबाही हुनेछैन ।

### ३.२.४ उपकरण खरिदका लागि अनुदान (Grants for Purchasing Equipments)

सामुदायिक क्याम्पसहरूमा शैक्षिक तथा प्रशासनिक कार्य दक्षतापूर्वक सम्पादन गर्न आवश्यक पर्ने Desk-top Computer, Server Computer, Smart Board, Projector, Printer, Scanner, Photocopier, E-attendance Machine, Laptop(Maximum -2 nos.), Internet Router एवं विज्ञान संकाय संचालन गर्ने क्याम्पसहरुले Science Lab मा प्रयोग हुने विभिन्न उपकरणहरू खरिद गर्न तथा विशिष्ट विषयहरू जस्तै: Mass Communication, Engineering आदि सञ्चालनका लागि आवश्यक पर्ने उपकरण खरिदका लागि यसै निर्देशिकाको आधारमा बढीमा रु. १० लाख सम्म अनुदान दिन सकिनेछ । अघिल्लो वर्षमा यस शीर्षकअन्तर्गत अनुदान पाएकालाई कम्तीमा आगामी दुई आ.व.का लागि यस शीर्षकमा थप अनुदान दिइनेछैन । यस कार्यक्रमलाई निम्नअनुसार सञ्चालन गरिनेछः

- क्याम्पसको लेटर हेडमा अख्तियार प्राप्त पदाधिकारी वा व्यक्तिद्वारा दस्तखत गरिएको अनुरोध पत्र पेस गर्नुपर्नेछ,
- आयोगबाट उपलब्ध गराइएको ढाँचा अनुसारको प्रस्ताव, (अपूरो प्रस्तावलाई मान्यता दिइनेछैन),
- यसअन्तर्गत प्राप्त सहयोग उपकरण खरिदका लागि मात्र प्रयोग गर्नुपर्नेछ,
- म्याद नाघी प्राप्त हुने र रीत नपुगेका प्रस्ताव उपर कुनै कारबाही हुनेछैन ।

### ३.२.५ अतिरिक्त क्रियाकलापको विकासका लागि अनुदान (Grants for Development on Extracurricular Activities)

**अतिरिक्त क्रियाकलापका लागि संरचना विकास कार्यक्रम (Infrastructure Development Grants for Extracurricular Activities)**

विद्यार्थीको समग्र विकासका लागि अतिरिक्त क्रियाकलाप महत्वपूर्ण रहन्छ । अतिरिक्त क्रियाकलाप उच्च शैक्षिक संस्थामा रहेका पूर्वाधारमा निर्भर रहने र सामुदायिक रूपमा सञ्चालित क्याम्पसमा अतिरिक्त पूर्वाधारको कमी रहेको तथ्य समेतलाई दृष्टिगत गरी अतिरिक्त क्रियाकलापको पूर्वाधार निर्माण (Infrastructure for Indoor & Outdoor extra curricular activities) का लागि सहयोग उपलब्ध गराउनु कार्यक्रमको मुख्य उद्देश्य रहेको छ ।



अध्यक्ष

क्याम्पसको प्रस्तावको मूल्याङ्कनका आधारमा एउटा क्याम्पसलाई एक पटक मात्र यो अनुदान उपलब्ध गराइनेछ भने यसको अधिकतम् सहयोग रु. १० लाखसम्म हुनेछ । यस शीर्षकमा अनुदान प्राप्त गरिसकेका शैक्षिक संस्थाहरु पुनः यस अनुदानका लागि योग्य हुनेछैन ।

**पेस गर्नुपर्ने कागजातहरू**

- क्याम्पसको लेटरहेडमा अख्तियार प्राप्त पदाधिकारी वा व्यक्तिद्वारा दस्तखत गरिएको अनुरोध पत्र,
- आयोगले उपलब्ध गराएको ढाँचा अनुसारको प्रस्ताव । (प्रस्ताव पेस गर्दा अनुसूची १.१ मा माग गरिएका विवरणका साथै थप पूर्वाधार निर्माण औचित्य पुष्टि गर्ने आधारहरू समेत उल्लेख हुनुपर्नेछ,
- बाह्य अतिरिक्त क्रियाकलाप (Outdoor Extracurricular Activities) को पूर्वाधार निर्माणको हकमा क्याम्पसको आफ्नो स्वामित्वमा भएको जग्गामा निर्माण गर्नुपर्नेछ र सोका लागि जग्गाधनी प्रमाणपत्र संलग्न गर्नुपर्नेछ र इनडोर अतिरिक्त क्रियाकलाप (Indoor Extracurricular Activities) का लागि क्याम्पसको आफ्नै नाममा निर्मित भवनमा प्रस्तावित पूर्वाधार निर्माण गर्नुपर्नेछ,
- प्राविधिक विज्ञले तयार पारेको प्रस्तावित खेलकुद निर्माणको नक्सा (Engineering design) र अनुमानित लागत (cost estimate) पेस गर्नुपर्ने (अपूरो प्रस्तावलाई मान्यता दिइनेछैन) ।

यस अन्तर्गत निम्नानुसारको अनुदान उपलब्ध गराइनेछः

**(क) अतिरिक्त क्रियाकलापका लागि संरचना विकास अनुदानः** सामुदायिक क्याम्पसमा संचालन गरिने अतिरिक्त क्रियाकलापहरु जस्तै फुटवल, वास्केटबल, भलिवल र टेबुलटेनिस आदिका लागि क्याम्पसको आफ्नै नाममा रहेको जग्गामा संरचना निर्माणका लागि सामुदायिक क्याम्पसबाट आयोगले उपलब्ध गराएको प्रस्तावको ढाँचा बमोजिम तयार गरी आयोगले निर्धारण गरेको समय सीमाभित्र प्रस्ताव पेस गरिएको हुनुपर्नेछ ।

**(ख) अतिरिक्त क्रियाकलापका सामग्री खरिदका लागि अनुदानः** सामुदायिक क्याम्पसले अतिरिक्त क्रियाकलापहरु जस्तै फुटवल, वास्केटबल, भलिवल र टेबुलटेनिस आदिसँग सम्बन्धित सामग्री खरिद गर्न सक्नेछन् । यसको लागि ती क्याम्पसहरुले प्राप्त कूल अनुदान रकमको बढीमा ५% देखि १०% रकम सामग्री खरिदमा उपयोग गर्न सक्नेछन् ।

**भवन निर्माण, पुस्तक, फर्निचर, उपकरण एवं अतिरिक्त क्रियाकलापको संरचना विकासका लागि अनुदान बाँडफाँडका आधारहरू**

- भवन निर्माणका लागि विद्यार्थी सङ्ख्याका आधारमा अधिकतम रु. ३ करोडसम्म अनुदान उपलब्ध गराइनेछ । तर यो शीर्षकमा क्याम्पसहरूले पेस गरेको प्रस्तावमा गरिएको माग र आयोगमा उपलब्ध बजेटका आधारमा अधिकतम अनुदान रकम कायम हुन सक्नेछ ।
- भवन निर्माण शीर्षकअन्तर्गत हालसम्म नियमित तथा परियोजना (उच्चशिक्षा सुधार परियोजना) मा निकासा भएको रकम परिमार्जित सूत्रअनुसार प्राप्त हुने अधिकतम रकममा घटाई बाँकी हुन आउने रकम मात्र प्राप्त गर्नेछन् ,



अध्यक्ष

- भवन निर्माण अनुदानअन्तर्गत रु. २ करोड वा सोभन्दा माथि अनुदान माग भएका खण्डमा स्थलगत अनुगमनका आधारमा निर्णय गरिनेछ,
- भौतिक विकास अनुदानअन्तर्गत पाउने अधिकतम अनुदान रकमभन्दा कमको प्रस्ताव पेस भएमा सोहीअनुसारको अनुदान उपलब्ध हुनेछ,
- विद्यार्थी सङ्ख्याका आधारमा पाठ्यपुस्तक, फर्निचर एवं उपकरण खरिद अनुदान उपलब्ध गराउँदा कम्तीमा विगत दुई वर्षको र बढीमा ५ वर्षभित्रको निकासा गरिएको अनुदान रकमको कूल योगलाई आधार मानी हरेक शीर्षकका छुट्टाछुट्टै सिलिङ कायम गरिनेछ । अन्य अनुदानको लागि आवश्यक विद्यार्थी सङ्ख्या र अनुदानको सिलिङ निम्नानुसार हुनेछ:

| नियमित तर्फका क्याम्पसहरू ( **Regular Community Campuses)** | | |
|---|---|---|
| विद्यार्थी सङ्ख्या | भवन (रु.) | पुस्तक/फर्निचर/उपकरण |
| १५० भन्दा कम | १ करोड | ५ लाख |
| १५१ देखि ३०० | १.५ करोड | ६ लाख |
| ३०१ देखि ५०० | २ करोड | ७ लाख |
| ५०१ देखि ७०० | २.५ करोड | ८ लाख |
| ७०१ देखि माथि | ३ करोड | १० लाख |

**३.३ विशेष अनुदान** (Special Grants)

क्याम्पसमा औपचारिक रूपमा पठनपाठन सुरु भई दुई वर्ष पूरा गरिसकेका तर नियमित अनुदान प्राप्त नगरेका सामुदायिक क्याम्पसहरूलाई "सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसहरूलाई अनुदान दिने निर्देशिका, २०७३" (आठौँ संशोधन, २०८२) अनुसार विशेष अनुदान उपलब्ध गराइनेछ । यस्तो अनुदान पाठ्यपुस्तक तथा सन्दर्भ पुस्तक, फर्निचर र उपकरण खरिदका लागि मात्र उपलब्ध गराइनेछ । अनुदान प्राप्त गर्न क्याम्पसहरूले आयोगले जारी गरेका सूचनाको अन्तिम मितिभित्रै दर्ता भइसक्ने गरी तालिका (बक्स १) मा उल्लेख भएको ढाँचाको प्रस्तावसहित अनुसूची–१ मा उल्लेख भएका थप कागजातसहित निवेदन पेस गर्नुपर्नेछ । विशेष अनुदान प्राप्त गर्नका लागि न्यूनतम कुल विद्यार्थी सङ्ख्या हिमाली जिल्लामा ५० जना, पहाडी जिल्लामा ७५ जना, भित्री मधेसका जिल्लामा १०० जना, तराईका जिल्लामा १२५ जना र काठमाडौँ उपत्यकाभित्रका महानगरपालिका तथा उपमहानगरपालिकाका सन्दर्भमा १५० जना र नगरपालिका तथा गाउँपालिकामा अवस्थित क्याम्पसको सन्दर्भमा १२५ जना हुनुपर्नेछ ।

**पेस गर्नुपर्ने आवश्यक कागजातहरू**

- क्याम्पसको लेटर हेडमा अख्तियार प्राप्त पदाधिकारी वा व्यक्तिद्वारा दस्तखत गरिएको अनुरोध पत्र,
- सम्पूर्ण विवरण खुल्ने गरी भरिएको तथ्याङ्क फारम (**Statistical Data Form),**
- पछिल्लो दुई वर्षको लेखा परीक्षण प्रतिवेदन (१/१ प्रति),

अध्यक्ष

- आयोगद्वारा उल्लेख भएअनुसारका ढाँचामा प्रस्ताव पेस गर्नुपर्नेछ (अपूरो प्रस्तावलाई मान्यता दिइनेछैन),
- दोस्रो वर्षको परीक्षामा सामेल भएको प्रमाण खुल्ने कागजपत्र,
- क्याम्पसको शैक्षिक, भौतिक, सामाजिक, आर्थिक अवस्थासहित सबल तथा दुर्बल पक्ष एवं भावी चुनौतीहरूसमेत उल्लेख भएको साधारण सभा/क्याम्पस व्यवस्थापन समिति बाट पारित वार्षिक प्रतिवेदन,
- क्याम्पसको विधान १ प्रति ,
- सम्बन्धन प्राप्तविश्वविद्यालयबाट सामुदायिक क्याम्पसको प्रमाणीकरण प्रमाणपत्र,
- क्याम्पस प्रमुख पूर्णकालीन भएको साथै निजको पदावधि खुलेको प्रमाणित पत्र (व्यवस्थापन समितिको अध्यक्षले प्रमाणित गरेको),

क्याम्पसको विधानमा निम्नलिखित बुँदाहरू खुलेको हुनुपर्नेछ र आयोगमा पेस गर्दा त्यसलाई हाईलाइट गर्नुपर्नेछ:

- व्यक्तिगत/समूहगत/संस्थागत कुनै पनि किसिमले नाफा आर्जन गर्ने हेतुले नभई समुदायबाट नाफारहित रूपमा सञ्चालित भनी विधानमा लेखिएको हुनुपर्ने र सोही मर्म अनुसार क्याम्पस सञ्चालन भएको हुनुपर्ने,
- क्याम्पसको साधारण सभाको सदस्य हुन सबै नेपाली नागरिक योग्य हुने व्यवस्था विधानमा उल्लेख गरेको हुनुपर्ने,
- व्यवस्थापन समितिको कार्यकालको निश्चित अवधि विधानमा तोकिएको हुनुपर्ने र पुनर्गठन भएमा सोको प्रमाण समावेश हुनुपर्ने,
- कुनै पनि कारणले क्याम्पस सञ्चालन हुन नसक्ने अवस्थामा क्याम्पसको सम्पूर्ण चल–अचल सम्पत्ति सम्बन्धन दिने विश्वविद्यालय वा नेपाल सरकारको हुने बेहोरा विधानमा उल्लेख भएको हुनुपर्ने ।

**विशेष अनुदान अन्तर्गत उपलब्ध गराइने अनुदानको सीमा**

विशेष अनुदान प्राप्त गर्न योग्य क्याम्पसले पाठ्यपुस्तक तथा सन्दर्भ पुस्तक, फर्निचर र उपकरण खरिद गर्न विद्यार्थी सङ्ख्याका आधारमा निम्नानुसार अनुदान दिइनेछ, यस अनुदानको सीमा निम्नानुसार हुनेछ :

| विद्यार्थी सङ्ख्या | रकम |
|---|---|
| १५० जना भन्दा कम | रु. ४,००,०००।– ( चार लाख मात्र) |
| १५१ देखि ३५० जना | रु. ५,००,०००।– ( पाँच लाख मात्र) |
| ३५१ देखि ७०० | रु. ६,००,०००।– (छ लाख मात्र) |
| ७०१ देखि माथि | रु. ७,००,०००।– (सात लाख मात्र) |

अध्यक्ष

## ४. उच्चशिक्षामा विशिष्टताको प्रवर्द्धन कार्यक्रम (Nurturing Excellence in Higher Education Program- NEHEP)

मुलुकको उच्चशिक्षा क्षेत्रलाई गुणस्तरीय, प्रतिस्पर्धी एवं राष्ट्रिय प्राथमिकतासँग सान्दर्भिक बनाई विकास गर्न नेपाल सरकारले राष्ट्रिय उच्चशिक्षा कार्यक्रम तयार गरेको छ । यस कार्यक्रमको प्रमुख उद्देश्य ज्ञानमा आधारित समाज र अर्थतन्त्रको विकासका लागि उच्चशिक्षालाई वैज्ञानिक, नवप्रवर्तनात्मक, अनुसन्धानमुखी, प्रविधिमैत्री, रोजगारोन्मुख र समावेशी बनाउँदै लैजानु रहेको छ । यसप्रकार राष्ट्रिय उच्चशिक्षा विकास कार्यक्रममा निर्धारित लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने उद्देश्यका लागि विश्व बैंकको ६० मिलियन युएस डलर सहुलियतपूर्ण ऋण सहयोगमा उच्चशिक्षामा विशिष्टताको प्रवर्द्धन कार्यक्रम सन् २०२१ देखि सञ्चालन गरिएको छ । यो कार्यक्रमको अवधि सन् २०२६ सम्म रहने छ । कार्यक्रमका लागि सहयोग आदानप्रदान गर्नेसम्बन्धी वित्तीय सम्झौता नेपाल सरकार, अर्थ मन्त्रालय र विश्व बैंकबीच १९ अगस्ट २०२१ मा सम्पन्न भई सेप्टेम्बर १६, २०२१ देखि कार्यक्रम कार्यान्वयमा रहेको छ ।

### ४.१ राष्ट्रिय उच्चशिक्षा कार्यक्रमका उद्देश्य

राष्ट्रिय उच्चशिक्षा कार्यक्रमबाट उच्चशिक्षाका निम्नलिखित क्षेत्रहरूको विकास एवं विस्तार गर्ने उद्देश्य रहेका छन् :

**(क) उच्चशिक्षामा समतामूलक पहुँचको अभिवृद्धि गर्ने**

- साधारण र विज्ञान तथा प्रविधि विषयमा भर्ना दर अभिवृद्धि गर्ने,
- गरिब तथा विपन्न वर्गका विद्यार्थीलगायत दुर्गम प्रदेशका उच्च शैक्षिक संस्थालाई छात्रवृत्ति सहायता कार्यक्रम सञ्चालन गर्ने ।

**(ख) उच्चशिक्षालाई श्रम बजारको आवश्यकतासँग आबद्ध गर्ने**

- पाठ्यक्रम परिमार्जन एवं अध्यापन र मूल्याङ्कनमा सुधार गर्ने,
- शिक्षक र शैक्षिक नेतृत्वहरूको दक्षता अभिवृद्धि गर्ने,
- उच्चशिक्षा क्षेत्र र उद्योगबीच सहकार्य, अनुसन्धान तथा उद्यमशीलता, प्रकाशन, पेटेन्टिङ आदि कार्यक्रम सञ्चालन गर्ने ।

**(ग) सुशासन, क्षमता अभिवृद्धि र उच्चशिक्षामा वित्तीय लगानी एवं नियमनको प्रावधान गर्ने**

- गुणस्तर सुनिश्चितता तथा प्रत्यायन, गुणस्तर प्रवर्द्धन र स्वायत्तताको सुदृढीकरण गर्ने,
- शैक्षिक क्यालेण्डर लागु गर्ने,
- विशिष्टता केन्द्र प्रवर्द्धन गर्ने,
- विश्वविद्यालयहरू/उच्च शैक्षिक संस्थाहरूलाई पुर्नसंरचना गरी सुशासनको विकास गर्ने,
- कार्यसम्पादनमा आधारित अनुदानलाई सुदृढ गर्दै लैजाने ।

**(घ) उच्चशिक्षाको डिजिटलाइजेशनलाई सुदृढ गरिने**

- अनलाइन/मिश्रित शिक्षणमा विद्यार्थीको सहभागिता बढाउने,
- उच्चशिक्षा व्यवस्थापन तथा सूचना प्रणालीलाई सदृढ पार्न डिजिटल लर्निङ प्लेटफर्म, इ-स्रोतहरूको आदानप्रदान र अनलाइन प्रशासन विकास गर्ने ।

अध्यक्ष

### ४.२ उच्चशिक्षामा विशिष्टताको प्रवर्द्धन कार्यक्रमको उद्देश्य

यस कार्यक्रमको उद्देश्य उच्चशिक्षाको श्रम बजारमा सान्दर्भिकता र गुणस्तरको सवलीकरण, सहकार्यमा आधारित अनुसन्धान र नवप्रवर्तनको बढावा तथा अल्पसंख्यक र प्रकोप प्रभावित समूहहरूको उच्चशिक्षामा समतामूलक पहुँचको विस्तार गर्ने रहेको छ ।

### ४.३ कार्यक्रमका भागहरू (Major Components)

उच्चशिक्षामा विशिष्टताको प्रवर्द्धन कार्यक्रमअन्तर्गतका निम्न भागहरू छन् :

भाग १ - नतिजा/परिणामहरूका लागि कार्यक्रम (Program for Results, P for R)

भाग २ - परियोजनामा वित्तीय लगानी (Investment Project Financing, IPF)

### ४.४ कार्यान्वयन गर्ने निकायहरू

उच्चशिक्षामा विशिष्टताको प्रवर्द्धन कार्यक्रम कार्यान्वयनका लागि निम्नानुसारका निकायहरू रहनेछन् :

#### ४.४.१ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

उच्चशिक्षासँग सम्बन्धित नीतिनिर्माण गर्ने नियमनकारी निकायका रूपमा मन्त्रालयले कार्य गर्नेछ ।

#### ४.४.२ विश्वविद्यालय अनुदान आयोग

उच्चशिक्षामा विशिष्टताको प्रवर्द्धन कार्यक्रम कार्यान्वयनको सम्पूर्ण जिम्मेवारी वहन गर्ने निकायका रूपमा आयोगले कार्य गर्नेछ । उच्च शैक्षिक निकायहरूसँगको समन्वयमा कार्यक्रम तथा बजेट तर्जुमा, बजेट प्राप्ति एवं निकासा, क्षमता अभिवृद्धिसम्बन्धी तालिम, अनुसन्धानमा सहयोग एवं अनुगमन तथा मूल्याङ्कन गर्नेछ । यस निकायका प्रमुख कार्यहरू निम्नानुसार छन् :

- वार्षिक कार्यक्रम तथा बजेट योजना तयार गर्ने,
- सम्बन्धित निकायमा कार्यक्रम तथा बजेट स्वीकृतिका लागि पेस गर्ने,
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र अन्य निकायबीच समन्वय गर्ने,
- प्रगति विवरण तयार गर्ने, सोको समीक्षा गरी प्रतिवेदन सम्बन्धित निकायमा पेस गर्ने,
- कार्यक्रममा निर्दिष्ट लक्ष्य हासिल गर्नका लागि प्राप्त भएका नतिजाहरूको स्वतन्त्र प्रमाणीकरण निकायमार्फत प्रमाणित गरी दातृ निकाय र सम्बन्धित मन्त्रालयमा प्रगति विवरण पेस गर्ने,
- कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने निर्देशिका/कार्यविधि तयार गरी कार्यान्वयन गर्ने,
- समग्र क्रियाकलापहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

उल्लिखित कार्यहरू कार्यान्वयन गर्न विश्वविद्यालय अनुदान आयोगमा स्थापित कार्यक्रम सहयोग सचिवालयले समन्वय गर्नेछ ।

#### ४.४.३ त्रिभुवन विश्वविद्यालय कार्यक्रम सहयोग एकाई

उच्चशिक्षामा उत्कृष्टताको प्रवर्द्धनका लागि त्रि.वि.अन्तर्गतका विविधि क्रियाकलापहरूको सञ्चालन, सहयोग, रेखदेख एवं नियन्त्रण गर्ने जिम्मा यस निकायको हुनेछ ।

अध्यक्ष

### ४.४.४ अन्य विश्वविद्यालयहरू/उच्च शैक्षिक संस्थाहरू

मुलुकभित्रका अन्य विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थाहरूले समग्र उच्चशिक्षा क्षेत्रको गुणस्तर अभिवृद्धि, अनुसन्धान, विद्यार्थीको पहुँच, उच्च शैक्षिक संस्थाको Digitalization आदि क्रियाकलाप सञ्चालन गर्ने र कार्यक्रममा निर्दिष्ट नतिजाहरू प्राप्तिका आधारमा आयोगमार्फत यी निकायहरूलाई आर्थिक सहयोग गरिनेछ ।

## ५. उच्च शैक्षिक संस्थालाई अनुदान (Grants to Higher Education Institutions)

यस कार्यक्रममार्फत दफा ४.३ मा उल्लेख भएको भाग-१ अन्तर्गत रही उच्चशिक्षाको समग्र सुधार एवं विस्तारका गर्न ४ वटा नतिजाका क्षेत्रहरू निर्धारण गरिएको छ । उक्त क्षेत्रहरूभित्र ६ वटा Disbursement Linked Indicators (DLIs) र १७ वटा Disbursement Linked Results (DLRs) रहेका छन् । निर्धारित क्षेत्रमा लक्षित उपलब्धि हासिल गरेबापत उच्च शैक्षिक संस्थाहरूलाई निम्नानुसारका कार्यका लागि सहयोग उपलब्ध गराइनेछ :

**Result Area 1. Improved Labor-Market Relevance, Entrepreneurship, and Collaborative Research**

यस नतिजा क्षेत्रअन्तर्गत रही मुख्य रूपमा उच्चशिक्षालाई श्रम बजारसँग सान्दर्भिक बनाउन सोसम्बन्धी अध्ययन गर्ने र उच्च शैक्षिक कार्यक्रमको विकास तथा विस्तार गरी उद्यमशीलता र सहकार्यमूलक अनुसन्धानमा सहयोग गरिनेछ । बजारको आवश्यकताअनुसार रोजगारदातासँगको परामर्शमा पाठ्यक्रम विकास/परिमार्जन गरेबापत सहयोग उपलब्ध गराइनेछ । यसअन्तर्गत निम्नानुसारका दुईवटा DLI तथा तीनवटा DLRs रहेका छन् :

**DLI 1: Labor Market Driven Autonomous Courses, Faculty Members Training and Academic Leaders Sensitization**

यस DLI अन्तर्गत निम्नानुसारका तीनवटा DLR हरू रहेका छन् :

**DLR1.1 : Standards, Operational Policies and guidelines for Faculty Competency Development and Academic Leaders Sensitization**

विश्वविद्यालय/उच्च शिक्षण संस्थामा कार्यरत शिक्षकहरूको सिकाइ प्रवर्द्धन/तालिम तथा नेतृत्ववर्गको क्षमता विकासका लागि Leadership Sensitization सम्बन्धी सञ्चालन नीति तथा निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याइएका छन् ।

**DLR 1.2. Upto 1600 Faculty Members Trained and Academic Leaders Sensitized**

विश्वविद्यालय/उच्च शिक्षण संस्थामा कार्यरत शिक्षकहरूको सिकाइ प्रवर्द्धन/तालिमका लागि Faculty training र नेतृत्ववर्गका लागि Leadership Sensitization कार्यक्रम सञ्चालन गरिनेछ । यसअन्तर्गत कार्यक्रम अवधिभर करिब १४०० शिक्षकहरूलाई तालिम प्रदान गर्नुका साथै करिब २०० उच्चशिक्षा संस्थामा नेतृत्व गरेका व्यक्तिहरूलाई उल्लिखित कार्यक्रमका बारेमा अभिमुखीकरण गरिनेछ । यससम्बन्धी अन्य व्यवस्था **NEHEP Operational Manual** अनुसार हुनेछ ।

**DLR1.3 100 Market-Driven Autonomous Programs Introduced**

श्रम बजारको आवश्यकताबमोजिम शैक्षिक कार्यक्रमको विकास र सञ्चालनका लागि उच्च शैक्षिक संस्थाहरूलाई आर्थिक अनुदान उपलब्ध गराइनेछ । यसअन्तर्गत कार्यक्रम अवधिभरमा करिब १०० नयाँ कार्यक्रमको विकास/परिमार्जन गरेबापत विश्वविद्यालय/स्कुल/विभाग/स्वायत्त क्याम्पसलाई आयोगद्वारा तोकिएका मापदण्डबमोजिम सहयोग उपलब्ध गराइनेछ ।

**DLI 2 : Collaborative Research and Entrepreneurship Program**

सहकार्यमूलक अनुसन्धान र उद्यमशीलता कार्यक्रमअन्तर्गत निम्नानुसारका तीनवटा DLR रहेका छन् :

DLR2.1 : Standards, Operational Policies and Guidelines for Collaborative Research and Entrepreneurship Programs Designed and Approved

अध्यक्ष

सहकार्यमूलक अनुसन्धान र उद्यमशीलता कार्यक्रमसम्बन्धी सञ्चालन नीति तथा निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याइएका छन् ।

DLR 2.2. Collaborative Research Projects Awarded

यस अनुदानको मुख्य उद्देश्य नवीनतम तथा समतामूलक सहकार्यात्मक अनुसन्धान परियोजनाहरूको विकासलाई बढावा दिनु हो । यस अनुदानअर्न्तगत अनुसन्धानकर्ताहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सहकार्य गर्न सहज बनाइनेछ । यस अनुदानले अन्वेषकहरूको संस्थागत आदानप्रदान, प्रकाशनहरू र बौद्धिक सम्पत्ति अधिकार साझेदारीका साथ अन्तर्राष्ट्रिय वैज्ञानिक सहकार्यको पनि लक्ष्य लिएको छ । यस अनुदानले सरकारको पन्धौं आवधिक योजना, राष्ट्रिय शिक्षा नीति-२०७६, र विज्ञान प्रविधि तथा नवप्रवर्तन (STI) नीति २०७६, उच्चशिक्षामा अनुसन्धान दिगोपन योजना Research Sustainability Plan in Higer Education (२०२१-२०२४) का साथै राष्ट्रिय उच्चशिक्षा कार्यक्रम ढाँचामा (National Higher Edducation Program Framework) परिकल्पना गरिएअनुसार विज्ञान र इन्जिनियरिङ सङ्कायमा समान महिला सहभागिता बढाउने लक्ष्यमा पनि योगदान पुऱ्याउने रहेको छ । कार्यक्रम अवधिमा ३० वटा सहकार्यात्मक अनुसन्धान परियोजना सञ्चालन हुनेछन् । यससम्बन्धी कार्य अनुसन्धान निर्देशिकामा उल्लेख गरिएबमोजिम हुनेछ ।

DLR 2.2. (a) विभिन्न विश्वविद्यालयका ६० जना शिक्षकहरुलाई उत्कृष्टता तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धाका आधारमा छनौट गरिनेछ ।

DLR 2.3 Entrepreneur Trained and Provided Seed Funds

यस कार्यक्रमको मुख्य उद्देश्य उद्यम संस्कृतिको विकासका लागि विद्यार्थी तथा शिक्षकहरूमा उद्यमशीलतासम्बन्धी सीपहरूको बढावा दिनु हो । यस कार्यक्रमअन्तर्गत उद्यमशीलता सीप प्रशिक्षण, कानुनी प्रशिक्षण, वित्तीय शिक्षा तथा बीज कोष अनुदानमार्फत विद्यार्थी तथा शिक्षकहरूलाई उद्यमशीलता र स्वरोजगारी पछ्याउन पाँच वर्षमा कम्तीमा ५०० विद्यार्थी तथा शिक्षकहरूलाई उद्यमशीलता तालिम दिने लक्ष्य लिइएको छ । तालिम प्राप्त उत्कृष्ट उद्यमी विद्यार्थी/शिक्षकहरूमध्येबाट प्राप्त कम्तीमा ५० प्रस्तावलाई बीज कोष अनुदान प्रदान गरिनेछ । यस कार्यक्रमको निर्देशिका आयोगले तोकेबमोजिम हुनेछ ।

**Results Area2-Strengthening Governance and Financing of Higher Education for Quality Enhancement**

उच्चशिक्षामा सुशासन सुदृढीकरण, गुणस्तर सुनिश्चितता तथा प्रत्यायन र गुणस्तर अभिवृद्धिका लागि कार्यसम्पादन अनुदानमार्फत वित्तीय सहयोग उपलब्ध गराइनेछ । यसअन्तर्गत निम्नानुसारका दुईवटा DLI तथा ६ वटा (DLRs) रहेका छन् :

**DLI 3 : Quality Assurance and Accreditation, and Quality Enhancement**

गुणस्तर सुनिश्चितता तथा प्रत्यायन र गुणस्तर प्रवर्द्धनअन्तर्गत निम्नानुसारका ४ वटा DLR रहेका छन् :

DLR 3.1 Accredited HEIs Undertook At Least Three QEE Activities Based on their Institutional Development Plan

कार्यक्रम अवधिभित्रमा गुणस्तर प्रत्यायन प्राप्त ५० वटा उच्च शैक्षिक संस्थालाई संस्थागत विकास योजनाअन्तर्गत रही कम्तीमा ३ वटा गुणस्तर अभिवृद्धिसम्बन्धी कार्यक्रम सञ्चालन गर्नाका लागि आयोगबाट निर्धारण हुने सहयोग उपलब्ध गराइनेछ ।

DLR 3.2 HEIs Reconstituted as Nonaffiliating degree awarding HEIs/ Universities or Equivalent TU Chapters

यस कार्यक्रमको अवधिभरमा ४ वटा शैक्षिक संस्थालाई सम्बन्धन नदिने विश्वविद्यालय/स्वायत्त उच्च शैक्षिक संस्थाको रूपमा स्थापना वा रूपान्तरणका लागि नेपाल सरकारको प्रचलित ऐन, नियमअनुसार आयोगद्वारा तोकिएको प्रावधानअनुरूपको सहयोग उपलब्ध गराइनेछ ।

अध्यक्ष

DLR 3.3 Universities or academies have completed peer review for QAA

कार्यक्रम अवधिभित्र करिब ४ वटा विश्वविद्यालय वा स्वायत्त उच्च शैक्षिक संस्था वा एकेडमीहरूलाई गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रणालीअनुरूप समकक्षी मूल्याङ्कन सम्पन्न गरेको आधारमा आयोगद्वारा तोकिएका प्रावधानअनुरूपको सहयोग उपलब्ध गराइनेछ ।

DLR 3.4 Additional 150 HEIs/Program have been Accredited/ Completed Peer Review for QAA

आयोगले सञ्चालन गरेको गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रणालीअनुरूप गुणस्तर प्रत्यायन प्राप्त वा अन्तिम समकक्षी मूल्याङ्कन कार्य सम्पन्न गर्ने थप १५० वटा उच्च शैक्षिक संस्था/कार्यक्रमलाई आयोगले तोकेको निर्देशिकाबमोजिमको सहयोग उपलब्ध गराइनेछ ।

**DLI 4 : Performance Based Grants**

कार्य सम्पादनमा आधारित अनुदानअन्तर्गत निम्नानुसारका दुईवटा DLR रहेका छन् :

DLR4.1 : Standards, Operational Policies and Guidelines for Performance Grants Designed and Approved

उच्च शैक्षिक संस्थालाई विस्तारित कार्य सम्पादन अनुदान उपलब्ध गराउनेसम्बन्धी सञ्चालन नीति तथा निर्देशिका अनुसार कार्यान्वयनमा ल्याइनेछ ।

DLR 4.2 Performance Grants (Cumulative)

कार्यक्रम अवधिमा करिब ४०० वटा उच्च शैक्षिक संस्थालाई आयोगद्वारा निश्चित मापदण्ड पूरा गरेको आधारमा तय गरिएको अनुदान रकम कार्य सम्पादन अनुदानमार्फत नियमित रूपले उपलब्ध गराइनेछ ।

**Results Area3-Widening Access to Quality Higher Education for Disadvantaged Students**

उच्चशिक्षामा विद्यार्थीहरूको समतामूलक पहुँच अभिवृद्धिका लागि आर्थिक तथा भौगोलिक दृष्टिकोणबाट पछाडि परेका विद्यार्थीहरूको भर्ना सङ्ख्या बढाउन छात्रवृत्ति एवं प्रकोप प्रभावित प्रदेशका शैक्षिक संस्थाहरूलाई निर्धारित मापदण्डका आधारमा वित्तीय सहयोग उपलब्ध गराइनेछ । यसअन्तर्गतको DLI तथा DLRs निम्नानुसार रहेका छन् :

**DLI 5 : Enrollment or Disadvantaged Students and in Lagging and/or Disaster Affected Provinces**

उच्चशिक्षामा पछाडिएका (भौगोलिक, आर्थिक, सामाजिक आदि) र आर्थिक रूपमा विपन्न वर्गका विद्यार्थीहरूको पहुँच बढाउने उद्देश्यले सक्षम विद्यार्थीहरूका लागि छात्रवृत्ति उपलब्ध गराइनेछ ।

यसप्रकारको अनुदान निम्नानुसारका दुईवटा DLR का लागि उपलब्ध गराइनेछ :

DLR 5.1 Upto 20,000 (Additional) Higher Education Students Supported from Bottom Quintiles

यस कार्यक्रमले Proxy Means Testing का माध्यमबाट **विपन्नताको सूची अन्तिम bottom two quintiles** मा पर्ने करिब २०,००० विपन्न विद्यार्थीलाई आर्थिक सहयोग उपलब्ध गराउनेछ । विपन्न विद्यार्थी छनोटका लागि Proxy Means Testing (PMT) वा यस्तै गरिब पहिचान गर्न सकिने मापदण्ड अवलम्बन गरिनेछ । कोभिड १९ महामारीलगायतका प्रकोपबाट प्रभावित विद्यार्थीलाई समावेश गर्न PMT मापदण्ड पनि परिमार्जन गरिनेछ । यस कार्यक्रममा छनोट भएका विद्यार्थीलाई बैंक खातामार्फत सोझै सहयोग रकम भुक्तानीको व्यवस्था मिलाइनेछ ।

DLR 5.2 100 HEIs in Lagging and/or Disaster Affected Provinces Received Equity Grants

भौगोलिक, आर्थिक तथा सामाजिक दृष्टिकोणबाट पछि परेको वा प्रकोप प्रभावित प्रदेशका करिब १०० वटा उच्च शैक्षिक संस्थाहरूले अनुदान प्राप्त गर्नेछन् । यस्ता उच्च शैक्षिक संस्थाहरूको गुणस्तर अभिवृद्धिका लागि



अध्यक्ष

क्षमतावान शिक्षकलाई आकर्षित गर्न तथा शिक्षण सुधारका लागि अनलाइन कनेक्टिभिटी, स्रोतहरूको साझेदारी, अनलाइन पाठ्यक्रम सञ्चालन गरिनेछ ।

**Results Area4–Extending Digitization of Higher Education**

उच्च शैक्षिक संस्थाहरूको Data System Development, Digitalization and Connectivity, Virtual Learning Environment आदिको विकास तथा विस्तारका लागि यस कार्यक्रममार्फत सहयोग उपलब्ध गराइनेछ । यसअन्तर्गतको DLI तथा DLRs निम्नानुसार रहेका छन् :

**DLI 6 Online Teaching, Learning and Digitized Administration**

उच्चशिक्षाको डिजिटलाइजेसन विस्तारअन्तर्गत डिजिटलाइजेसन र कनेक्टिभिटीसम्बन्धी नीति र प्रणालीमा सुधार गरी उच्चशिक्षाको प्रशासनलाई व्यवस्थित बनाउँदै संस्थागत क्षमता सुदृढ गर्ने एवं शिक्षण र सिकाइलाई अनलाइनमार्फत सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

उच्चशिक्षामा Online शिक्षण/सिकाइ र Digitized प्रशासनका लागि डिजिटलाइजेसन विस्तारका लागि यस DLI अन्तर्गत तीनवटा DLR हरू रहेका छन् :

DLR 6.1 Standards, Operational Policies and Guidelines for Higher Education Digitization, Connectivity and Implementation Procedures Designed and Approved

Higher Education Digitization, Connectivity and Implementation Procedures सम्बन्धी सञ्चालन प्रक्रियाको निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

DLR 6.2 Share of Students Registered in Courses with Online/Blended Teaching Methods Increased to 50 %.

Online/Blended शिक्षणका लागि तयार गरिएको शैक्षिक कार्यक्रममा विद्यार्थीहरूको नाम दर्ताको प्रतिशत ५०% पुऱ्याइने लक्ष्य रहेको छ । यसका लागि सम्बन्धित निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

DLR 6.3 : Digital Learning Platform and Online Administration Established at UGC

विश्वविद्यालय अनुदान आयोगमा Digital Learning Platform स्थापना तथा विकास गरिनेछ भने आयोगका प्रशासनिक कार्यहरू सञ्चालनका लागि Online Administration System प्रणालीको स्थापना गरिनेछ ।

आयोगले उच्चशिक्षामा विशिष्टताको प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि निर्दिष्ट DLI र DLR हासिल गर्न सञ्चालन निर्देशिका तयार गरी लागु गर्नेछ साथै विश्व बैंकको सहमतिमा कार्यक्रम कार्यान्वयन निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याउनेछ । आयोगको वार्षिक कार्यक्रम कार्यान्वयन निर्देशिका-२०८२ मा उल्लेख भएबमोजिमका विभिन्न लक्ष्य हासिल गर्नका लागि आयोगद्वारा जारी गरिएको उच्चशिक्षामा विशिष्टताको प्रवर्द्धन कार्यक्रम कार्यान्वयन निर्देशिकाअनुरूप क्रियाकलापहरू सञ्चालन गरिनेछ । कार्यक्रमको वार्षिक कार्यक्रम तथा लक्ष्य तपसिलबमोजिम रहेको छ :

अध्यक्ष

तपसिल

## उच्चशिक्षामा विशिष्टताको प्रवर्द्धन कार्यक्रमको वार्षिक कार्यक्रम तथा लक्ष्य

| Program Development Objective Indicators by Objectives/ Outcomes | | | |
|---|---|---|---|
| **Indicator Name** | **DLI** | **Baseline** | **Target upto 2082/083** |
| **Outcome 1: To strengthen labor market relevance and quality of higher education** | | | |
| 1. Number of labor-market relevant programs introduced in consultation with employers and industries (cumulative) (Number) | DLI 1 related | 0.00 | 100.00 |
| 2. Number of students completed first year in labor market relevant programs (LMRP) (cumulative) (Number) | | 0.00 | 13,500.00 |
| Average share of female (Percentage) | | 0.00 | 45.00 |
| 3. Number of HEIs/ Programs Accredited / completed peer review for quality assurance and accreditation (QAA) (cumulative) (Number) | DLI 3 related | 77.00 | 227.00 |
| **Outcome 2: To boost collaborative research and innovation** | | | |
| 4. Number of collaborative research projects awarded (cumulative) (Number) | DLI 2 related | 0.00 | 30.00 |
| **Outcome 3: To enhance equitable access for underprivileged and disaster affected groups** | | | |
| 5. Number of higher education students supported from bottom quintiles (Cumulative) (Number) | DLI 5 related | 0.00 | 20,000.00 |
| Share of female (Percentage) | | 0.00 | 50.00 |
| 6. Share of students registered in online/blended learning (Percentage) | DLI 6 related | 20.00 | 50.00 |
| Share of female of the total (Percentage) | | 45.00 | 45.00 |

## Intermediate Results Indicators by Results Areas

| **Indicator Name** | **DLI** | **Baseline** | **Target of 2080/081** |
|---|---|---|---|
| **Results Area 1 - Improved Labor-market relevance, Entrepreneurship, and Collaborative Research** | | | |
| 1. Number of HEIs which have published graduate tracking reports (cumulative) (Number) | DLI 1 related | 0.00 | 200 |



अध्यक्ष

| Indicator Name | DLI | Baseline | Target of 2080/081 |
|---|---|---|---|
| 2. Number of students enrolled in labor market relevant programs (cumulative) (Number) | | 0.00 | 15000 |
| 3. Share of female enrollment in STEM programs (Percentage) | | 8.00 | 14 |
| 4. Number of faculty members trained and academic leaders sensitized (cumulative) (Number) | | 0.00 | 1600 |
| 4.a. Number of faculty members trained, including all the eligible female faculty members (Number) | | 0.00 | 1400 |
| 4.b. Number of academic leaders sensitized, including all the eligible female academic leaders (Number) | | 0.00 | 200 |
| 5. Number of students/graduates participated in entrepreneurship training (cumulative) (Number) | DLI 2 related | 0.00 | 500 |
| Share of female (Percentage) | | 0.00 | 45.00 |
| 6. Number of trained entrepreneurs received seed fund (cumulative) (Number) | | 0.00 | 50 |
| 7. Number of Publications in refereed journals (cumulative) (Number) | | 0.00 | 260 |
| Merit based selection of of faculty members through global competition among Nepali scholars | | 0 | 60 |
| **Results Area 2 - Strengthening Governance and Financing of Higher Education for Quality Enhancement** | | | |
| 8. Number of HEIs reconstituted as Deemed Universities (cumulative) (Number) | DLI 3 related | 0.00 | 4 |
| 9. Number of universities completed peer review for QAA (cumulative) (Number) | | 0.00 | 4 |
| 10. Number of accredited HEIs undertook QE activities (cumulative) (Number) | | 0.00 | 50 |
| 11. Number of HEIs received Performance Based Grants (PBG) (Number) | DLI 4 related | 0.00 | 400.00 |
| **Results Area 3 - Widening Access to Quality Higher Education for Disadvantaged Students** | | | |
| 12. Improved Student GER disaggregated by gender in Lagging Provinces (Text) | DLI 5 related | Province 2:<br>Total (T) - 4.75%,<br>Female (F) - 4.05%;<br>Karnali:<br>T -8.84%; F- 7.04%<br>Sudurpaschim:<br>T- 38%; F- 9.83% | Province 2:<br>T- 12%, F - 12%;<br>Karnali:<br>T-14%; F- 14%;<br>Sudurpacschim:<br>T-15%; F- 15% |



अध्यक्ष

| Indicator Name | DLI | Baseline | Target of 2080/081 |
|---|---|---|---|
| 13. Number of HEIs supported with equity grants in lagging and/or disaster affected provinces/ remote regions (cumulative) (Number) | | 0.00 | 100 |
| **Results Area 4 – Extending Digitization of Higher Education** | | | |
| 14. Share of HEIs participating in online data feeding (cumulative) (Percentage) | DLI 6 related | 25.00 | 70 |
| 15. Number of universities passing Rule for blended mode of course delivery and final examination (cumulative) (Number) | | 0.00 | 8 |
| **Program Management and M&E** | | | |
| 16. Conduction of Beneficiary Satisfaction Survey (Text) | | Not Applicable | Not Applicable |
| Students benefiting from direct interventions to enhance learning (CRI, Number) | | 0.00 | 500000 |
| Students benefiting from direct interventions to enhance learning - Female (CRI, Number) | | 0.00 | 250000 |

उच्चशिक्षामा विशिष्टताको प्रवर्द्धन कार्यक्रम र नियमित कार्यक्रमबाट विश्वविद्यालय अनुदान आयोगको पुन संरचना गर्ने, विश्वविद्यालयहरूको विभाग र सङ्कायहरूको पुनर्संरचना गर्ने, सबै विश्वविद्यालयको शैक्षिक क्रियाकलापमा एकरूपता हुने गरी क्यालेन्डर निर्माण, अनुदानसँग आबद्ध हुने गरी कार्यान्वयन र अनुगमन, २० घण्टा कामको न्यूनतम ज्याला सहित कमाउँदै पढ्दै कार्यक्रम सञ्चालन सम्बन्धमा अध्ययन गरी कार्यान्वयन गर्ने, स्नातक र स्नातकोत्तर तह उत्तीर्णलाई मापदण्डका आधारमा स्वयंसेवक शिक्षकको रूपमा परिचालन गर्ने र उच्चशिक्षामा अध्ययनरत विद्यार्थीहरूको विभिन्न विधामा रहेका प्रतिभा पहिचान गर्ने, उच्चशिक्षामा समकक्षता कायम गर्ने, राष्ट्रिय योग्यता जाँच प्रणाली कार्यान्वयन गर्ने, राष्ट्रिय योग्यता प्रारुपअनुरुप उच्चशैक्षिक कार्यक्रमहरु कार्यान्वयन गर्ने लगायतका कार्यक्रम सञ्चालन गर्ने गरी तय भएकाछन् ।

अध्यक्ष

# खण्ड - ख
# गुणस्तर सुधार कार्यक्रम
## (Quality Improvement Programs)

विश्वविद्यालय अनुदान आयोगले गुणस्तर सुधार कार्यक्रमअन्तर्गत संस्थागत अनुसन्धान पूर्वाधारको विकास गर्ने, शिक्षक र विद्यार्थीको अनुसन्धान क्षमता अभिवृद्धि गर्ने, शिक्षक र विद्यार्थीबाट अनुसन्धानको प्रस्ताव माग गर्ने, आयोगमा पेस भएका शोध प्रस्तावलाई शोधअनुदान र स्नातकोत्तर, एमफिल र विद्यावारिधि तहका विद्यार्थीलाई नियमित रूपमा वृत्ति एवं शोधप्रबन्ध तयारी सहायता प्रदान गर्नेजस्ता कार्य गर्दै आएको छ । यस खण्डअन्तर्गत अनुसन्धान सहायता र क्षमता अभिवृद्धि, भ्रमण तथा अन्य विशेष कार्यक्रमहरू रहेका तीनवटा उपखण्डहरू छन् :

### उपखण्ड - एक
### अनुसन्धान सहायता कार्यक्रम

अनुसन्धान सहायता कार्यक्रम आयोगको अनुसन्धान निर्देशिका (Research Development and Innovation Programs Implementation Guidelines 2025-7th edition) मा व्यवस्था भएअनुसार कार्यान्वयन गरिनेछ । यस कार्यविधिमा उल्लेख नभएका अन्य व्यवस्था सोही निर्देशिकाअनुसार हुनेछ ।

वृत्ति, शोधसहयोग र अनुदान वितरणको प्रयोजनको लागि कृषि तथा वन, इन्जिनियरिङ, स्वास्थ्यविज्ञान र विज्ञान तथा प्रविधितर्फकालाई प्राविधिक समूह (Technical cluster) र शिक्षा, मानविकी तथा समाजशास्त्र र व्यवस्थापन तर्फकालाई अप्राविधिक समूह (Non-technical cluster) मानिनेछ ।

त्यस्तै कार्यक्रमका लक्षित आवेदकहरूमध्ये विश्वविद्यालयमा कार्यरत वा विश्वविद्यालयबाट अध्ययन बिदा लिई शैक्षिक उपाधिका लागि विश्वविद्यालयमा भर्ना भएका शिक्षकलाई 'फ्याकल्टी समूह' (Faculty group), सार्वजनिक सेवा समूह' र नियमित विद्यार्थीलाई 'युवा विद्यार्थी समूह' (Young student group) मा विभाजन गरिनेछ । आयोगबाट प्रदान गरिने विद्धतवृत्ति तथा अनुसन्धान सहायता अनुदानको लघुसूची प्रकाशनका निमित्त हरेक क्लष्टर समितिमा प्रारम्भिक चरणमा उत्तीर्णाङ्क वा सो भन्दा बढी अङ्क प्राप्तगर्ने प्रस्तावहरुका लघुसूची प्रकाशित गरिनेछ ।

**(क) अनुसन्धान सहायताको लागि राष्ट्रिय प्राथमिकताका क्षेत्रहरू**

आयोगले अनुसन्धान सहायता कार्यक्रमको लागि निम्नलिखित क्षेत्र र उद्देश्यहरूलाई राष्ट्रिय प्राथमिकताको क्षेत्र तोकिएको छ । राष्ट्रिय प्राथमिकतासँग आबद्ध शोधहरूका निम्ति विशेष अङ्क वा प्राथमिकता दिने प्रावधान निर्देशिकामा राखिएको छ । यसको विस्तृत विवरण **अनुसूची-१३** मा उल्लेख गरिएको छ ।

(१) विज्ञान तथा प्रविधि
(२) इन्जिनियरिङ
(३) स्वास्थ्यविज्ञान

अध्यक्ष

(४) कृषि तथा वन

(५) निम्नलिखित क्षेत्र वा लक्ष्यसँग सम्बन्धित शोध

(क) गरिबी न्यूनीकरण

(ख) रोजगारी सिर्जना

(ग) राष्ट्रिय अर्थतन्त्रको सर्वाङ्गीण विकास

(घ) समावेशी लोकतन्त्रका लागि आर्थिक सामाजिक र राजनीतिक रूपान्तरण

(ङ) राष्ट्रिय सम्पदाको संरक्षण र विकास

(च) परम्परागत ज्ञान सीप र प्रविधिको प्रवर्द्धन

(छ) जैविक विविधतालगायत प्राकृतिक स्रोत र वातावरणको संरक्षण र दिगो उपयोग

(ज) कृषिको विविधीकरण र व्यावसायीकरणलगायतका उत्पादकत्व अभिवृद्धि

(झ) शिक्षा, स्वास्थ्य, पेय जल, सफाइ, भोजन र पौष्टिकतामा प्रगति

(ञ) सुशासनको प्रवर्धन

(ट) यातायातलगायतका पूर्वाधार

(ठ) जलस्रोत

(ड) नवीकरणीय ऊर्जा

(ढ) लघुउद्योग र व्यापार

(ण) प्राकृतिक प्रकोप र जोखिम व्यवस्थापन

(त) वैश्विक उष्णता तथा वातावरण परिवर्तन

(थ) विकासमा सार्वजनिक-निजी-सामुदायिक साझेदारी र सहभागिता

(द) सम्बन्धित विषयका सैद्धान्तिक र विधिगत अनुसन्धान, तथा

(ध) दिगो विकास लक्ष्यहरुलाई संवोधन हुने अन्तरविधागत अनुसन्धान

(न) आयोगले उपयुक्त ठानेका अन्य विषयहरू

अनुसन्धानलाई निम्नलिखित तीन वर्गमा विभाजन गरिएको छ र सहायताको रकम कार्यक्रमको प्रकृति र अनुसन्धानको वर्गअनुसार निर्धारित गरिने प्रावधान राखिएको छ :

बक्स-२ **अनुसन्धानको वर्ग**

| क.सं. | **अनुसन्धानको वर्ग** | **अनुसन्धान** | **प्रकृति** |
|---|---|---|---|
| १ | 'क' वर्ग | Wet laboratory based | उच्च लगानीमूलक |
| २ | 'ख' वर्ग | Field based | मध्यम लगानीमूलक |
| ३ | 'ग' वर्ग | Dry laboratory or library based | न्यून लगानीमूलक |

अध्यक्ष

**(ख) विद्वतवृत्ति/अनुसन्धान सहायताका लागि आवेदकले पालना गर्नुपर्ने न्यूनतम सर्तहरू**

(१) आयोगले निश्चित समयसीमा तोकी आवेदन दिन वा प्रस्ताव पेस गर्न सूचना जारी गर्दा आयोगबाट तोकिएको समय सीमाभित्र आवेदन वा प्रस्ताव पेस गरिसक्नुपर्नेछ,

(२) म्याद नाघी आएका र रीत नपुगेका आवेदन वा प्रस्तावउपर कुनै कारबाही हुनेछैन,

(३) आयोगबाट अनुदान, छात्रवृत्ति, सहयोग प्राप्त गर्ने उद्देश्यले झुटो विवरण पेस गरेको प्रमाणित भएमा, कागजात अपुग देखिएमा, न्यूनतम योग्यता नपुगेको ठहरिएमा आवेदन वा प्रस्ताव जुनसुकै अवस्थामा पनि रद्द गरिनाका साथै भविष्यमा आयोगबाट कुनै पनि सुविधा उपलब्ध गराइनेछैन र दिएको रकम पनि सरकारी बाँकीसरह असुल उपर गरिनेछ,

(४) निवेदन वा प्रस्ताव आयोगले निर्दिष्ट गरेको ढाँचामा आधारित भई आवश्यक कागजातहरूसहित आवेदन फारममा उल्लेख भएका सम्पूर्ण विवरणका साथ पेस गर्नुपर्नेछ,

(५) आयोगको कारबाहीमा परेका र विगतमा लिएका कार्यको फरफारक नगरी सुविधावर्जित सूचीमा परेका व्यक्ति वा संस्थाले आयोगका कुनै पनि कार्यक्रममा आवेदन दिन पाउनेछैनन्,

(६) सामान्यतया आयोगले कारबाही गरेका व्यक्ति तथा डिफल्टरहरू (Defaulters) लाई आयोगबाट अनुदान लिई सञ्चालन गरिने कार्यक्रममा विशेषज्ञको रूपमा प्रस्ताव गर्न पाइनेछैन,

(७) अध्ययन/अनुसन्धानको प्रतिवेदन/शोधलेख /शोधग्रन्थमा आयोगबाट वृत्ति/अनुसन्धान अनुदान प्राप्त गरेको बेहोरा अन्यथा लेखिए बाहेक अनिवार्य रूपमा कृतज्ञताज्ञापन (acknowledgement) मा उल्लेख भएको हुनुपर्नेछ,

(८) आवेदकमध्ये महिला, दलित, मधेसी, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति र तोकिएका दुर्गम जिल्लाको उच्च शैक्षिक संस्थामा कार्यरत व्यक्तिहरूलाई सामूहिक रूपमा 'अल्पसुविधा प्राप्त समूह' (Underprivileged group) भनिनेछ । अछाम, कालिकोट, जाजरकोट, जुम्ला, हुम्ला, डोल्पा, बझाङ, बाजुरा र मुगु जिल्लाहरूलाई दुर्गम क्षेत्र मानिनेछ । अल्पसुविधा प्राप्त समूहका आवेदकले सोबापतको अङ्क प्राप्त गर्नका लागि अल्पसुविधा प्राप्त समूहको परिचय खुल्ने प्रमाणपत्र आवेदनसाथ पेस गर्नुपर्नेछ,

(९) आयोगबाट गठन भई क्रियाशील रहेका विभिन्न समिति/परिषद्/कार्यटोली आदिमा संलग्न सदस्यहरू तथा स्वार्थको द्वन्द हुनेहरुले आवेदन दिन मिल्नेछैन,

(१०) एक व्यक्तिले एक पटकमा एउटा कार्यक्रममा मात्र आवेदन दिन सक्नेछ । एकभन्दा बढी कार्यक्रममा आवेदन दिएको पाइएमा पहिले दर्ता भएको आवेदनलाई मात्र छनोट प्रक्रियामा समावेश गरिनेछ,

(११) कुनै एक शीर्षकमा प्राप्त अनुसन्धान अनुदान अर्को शीर्षक वा व्यक्तिमा स्थानान्तरण हुनेछैन,

(१२) प्रस्ताव मूल्याङ्कनका क्रममा दुई जना विषयगत विशेषज्ञले दिएको अङ्कमा ३०% वा सोभन्दा बढीको फरक देखिएमा तेस्रो मूल्याङ्कनकर्ताबाट प्रस्ताव मूल्याङ्कन गराई प्राप्त अङ्क पहिला मूल्याङ्कन भई प्राप्त भएको निकटतम अङ्कसँग जोडी औसत निकालिनेछ,

(१३) छनोट तथा अन्य प्रक्रियाका सम्बन्धमा यस कार्यक्रमभित्र उल्लेख नभएका कुराहरू अयोगको निर्णयानुसार हुनेछन्,

(१४) सहकार्यात्मक अनुसन्धान, फ्याकल्टी अनुसन्धान र लघुअनुसन्धान विकास र नवप्रवर्तन अनुदानमा सहभागी हुनका लागि क्रमशः कम्तीमा ३, २ र १ वर्षको सेवा अवधि बाँकी रहेको हुनुपर्नेछ,

अध्यक्ष

(१५) उमेर हद ६३ वर्ष नाघि सेवा निवृत्त भई उच्च शैक्षिक संस्थामा अध्यापनरत /कार्यरत शिक्षकहरु मुख्य तथा सह अन्वेषक भएर आवेदन दिन पाउने छैन तर विशेषज्ञ /सल्लाहकारका रुपमा संलग्न हुन कुनै बाधा पुग्ने छैन ।

(१६) विज्ञबाट प्रस्तुतीकरण मूल्याङ्कन गर्दा ८० प्रतिशतभन्दा माथि तथा ५० प्रतिशतभन्दा मुनि अङ्क प्रदान गर्दा कारण खुलाउनुपर्नेछ ।

(१७) विद्वतवृत्ति/अनुसन्धानका लागि निर्धारित समय अध्ययन/अनुसन्धानका लागि मात्र गणना गरिनेछ । अनुसन्धानात्मक लेख प्रकाशनका लागि निर्धारित समयभन्दा ढिला भएमा सो अवधि उल्लंघन भएको मानिने छैन ।

(१८) दर्शनाचार्य वृत्ति र विद्यावारिधि वृत्तिका हकमा मौखिक प्रतिरक्षा भएको मितिले ६ महिना भित्र शोधग्रन्थ तथा प्रमाणपत्र पेस गरिसक्नुपर्नेछ ।

## ६. विद्वत्वृत्ति (Fellowship)

यस कार्यक्रमअन्तर्गत योग्यता अभिवृद्धिको लागि विश्वविद्यालयको पिएच.डी. र एम.फिल. तहमा भर्ना भएका शिक्षक र युवा विद्यार्थीहरूलाई अध्ययनमा सहयोग गर्न विद्वत्वृत्ति प्रदान गरिनेछ। पिएच.डी. उपाधि प्राप्त गरेका उम्मेदवारलाई आयोगबाट अनुदान प्राप्त सहकार्यात्मक अनुसन्धान परियोजनामा संलग्न भई अनुसन्धान गर्नका लागि पोस्टडक्टरल वृत्ति प्रदान गरिनेछ। विद्यावारिधि र एमफिलका लागि आयोगले तोकेको न्यूनतम मापदण्ड पूरा गरेका कार्यक्रममा दर्ता/भर्ना भएका शोधार्थी/विद्यार्थीहरूमात्र आयोगबाट वृत्ति प्राप्त गर्न योग्य हुनेछन् ।

### ६.१ विद्यावारिधि (Ph.D.) विद्वत्वृत्ति

शैक्षिक योग्यताको संवर्धन गरी गुणस्तरीय उच्चशिक्षा प्रदान गर्न सहयोग पुऱ्याउने उद्देश्यले स्वदेशी विश्वविद्यालयहरूमा विद्यावारिधि अध्ययनका लागि विश्वविद्यालय/सम्बन्धन प्राप्त क्याम्पसहरूमा कार्यरत शिक्षकहरू, स्वदेशी विश्वविद्यालयमा विद्यावारिधि अध्ययंनरत युवा विद्यार्थीहरू र नेपालको *सार्वजनिक सेवामा* कार्यरत व्यक्तिलाई प्रतिस्पर्धाका आधारमा विद्वत्वृत्ति प्रदान गरिनेछ। Times Higher Education World University Rankings वा QS World University Rankings वा Shanghai World University Ranking को शीर्ष १००० भित्र समावेश भएका विदेशी शैक्षिक/ अनुसन्धानमूलक संस्थामा विद्यावारिधिका लागि भर्ना भएका नेपाली विद्यार्थीहरू समेत आवेदन दिन योग्य हुनेछन् । एम.फिल. Integrated PhD Program अन्तर्गतका विद्यार्थीहरूलाई समेत यस वृत्तिमा समावेश गरिनेछ । यस कार्यक्रमको उद्देश्य विद्यावारिधि गरिरहेका नेपाली विद्यार्थीलाई राष्ट्रिय प्राथमिकतामा पर्ने गुणस्तरीय अनुसन्धान गर्न सहयोग गर्नु हो । विद्यावारिधि वृत्तिलाई फ्याकल्टी, युवा विद्यार्थी र सार्वजनिक सेवागरी तिन समूहमा विभाजन गरी वार्षिक रूपमा ८० जना विद्यार्थीलाई विद्वत्वृत्ति प्रदान गरिनेछ। आयोगले विद्यावारिधिको कोटामा आवेदन सङ्ख्या तथा बजेटका आधारमा वार्षिक कोटा हेरफेर गर्न सक्नेछ । आयोगले प्रदान गर्ने विद्वत्वृत्तिमध्ये उपलब्ध कोटामध्ये १० प्रतिशत सार्वजनिक सेवाका लागि र ९० प्रतिशत कोटाको ५० प्रतिशत कोटा विषयगत समितिलाई समानुपातिक रूपमा वितरण गरिनेछ। यसरी विषयगत समितिलाई प्राप्त कोटालाई फ्याकल्टी र युवा समूहमा बराबर बाँडिनेछ । बाँकी रहेको ५० प्रतिशत कोटा दोस्रो चरणको मूल्याङ्कनमा उपस्थित सङ्ख्याको अनुपातका आधारमा फ्याकल्टी, युवा विद्यार्थी कोटामा बाँडफाँड गरिनेछ। आयोगले निर्धारण गरेको छनोट प्रक्रियामा कुनै समूहका आवेदक सफल नभई सिट सङ्ख्या बाँकी रहेमा ती सिट स्वतः अर्को समूह (फ्याकल्टी, युवा विद्यार्थी) मा जानेछन् ।

अध्यक्ष

**नोटः सार्वजनिक सेवा भन्नाले नेपाल सरकारको पूर्ण स्वामित्व र नियन्त्रण भएको सार्वजनिक संस्थामा गरिएको सेवा भन्ने बुझिन्छ ।**

**६.१.१ निवेदन दिने प्रक्रिया**

(१) विद्वत्वृत्तिका लागि आयोगले सूचना प्रकाशित गरेपश्चात् तोकिएको अवधिभित्र आयोगद्वारा निर्धारित ढाँचाअनुसारको फारम भरी आवेदन पेस गर्नुपर्नेछ। विद्वत्वृत्तिका लागि आवेदन फारम **अनुसूची-२** अनुसारको हुनेछ । उक्त फारम आयोगको वेबसाइटबाट डाउनलोड गर्न सकिनेछ,

(२) आवेदनका साथ दरखास्त दस्तुर रु. ३००।- विश्वविद्यालय अनुदान आयोगको नाममा राष्ट्रिय वाणिज्य बैंक, सानोठिमी शाखाको खाता नम्बर १७३०१०००००२१४००१ मा बुझाएको रसिद/भौचर संलग्न गर्नुपर्नेछ,

(३) विद्यावारिधि अध्ययनार्थ विद्वत्वृत्तिका लागि आवेदन दिने स्थायी/पूर्णकालीन शिक्षकहरूको उमेर सूचना प्रकाशित भएको मितिसम्म ५० वर्ष ननाघेको तर महिला, आदिवासी/जनजाति, मधेसी, दलित तथा अपाङ्गता भएका र पिछडिएको क्षेत्रमा कार्यरत आवेदकको हकमा ५२ वर्ष ननाघेको हुनुपर्नेछ। युवा विद्यार्थी समूहअन्तर्गत आवेदन दिनेहरूको उमेर सूचना प्रकाशित भएको मितिसम्म ४० वर्ष ननाघेको तर महिला, आदिवासी/जनजाति, मधेसी, दलित तथा अपाङ्गता भएका र पिछडिएको क्षेत्रमा कार्यरत आवेदकको हकमा ४२ वर्ष ननाघेको हुनुपर्नेछ, । सार्वजनिक सेवामा कार्यरत आवेदकको हकमा ४५ वर्ष ननाघेको हुनुपर्नेछ ।

(४) विद्यावारिधि वृत्तिका लागि विश्वविद्यालयमा दर्ता/भर्ना भएका शोधार्थीहरूले मात्र आवेदन दिन सक्नेछन्,

(५) स्नातकोत्तर तहमा दोस्रो श्रेणी वा सो सरहभन्दा माथिको श्रेणीमा उत्तीर्ण भएकाहरू मात्र वृत्तिमा आवेदनका लागि योग्य हुनेछन्,

(६) विद्यावारिधिका लागि विश्वविद्यालयमा दर्ता गरेको शोध प्रस्ताव विश्वविद्यालयको सम्बन्धित निकायले स्वीकृत गरेको मितिले सूचनाको म्याद समाप्त हुने मितिसम्ममा १ वर्ष पूरा नभइसकेका शोधार्थीहरू विद्वत्वृत्तिका लागि आवेदन दिन योग्य हुनेछन् साथै अघिल्लो आ.व. भन्दा आयोगको सूचना ढिला हुन गएमा सो अवधिमा स्वीकृत भएका प्रस्तावहरूसमेत आवेदनका लागि योग्य मानिनेछन्,

(७) फ्याकल्टी र सार्वजनिक सेवामा कार्यरतको फेलोसिपतर्फ आवेदन दिनका लागि सूचना प्रकाशित भएको मितिसम्म उच्च शिक्षण संस्था/सार्वजनिक सेवामा कम्तीमा ३ वर्ष स्थायी/पूर्णकालीन सेवा अविछिन्न रुपमा गरेको हुनुपर्नेछ,

(८) एकै समयमा कुनै दुई विश्वविद्यालयमा विद्यावारिधि अध्ययनका लागि दर्ता गरी विद्वत्वृत्ति लिएको भए दोहोरो हुने गरि विद्वत्वृत्ति लिन पाइनेछैन । यस किसिमका आवेदन रद्द गरी आयोगबाट भविष्यमा कुनै पनि सुविधा प्राप्त गर्न योग्य नहुने सुविधावञ्चित सूचीमा राखिनेछ,

(९) आवेदनका साथ निम्नलिखित कागजात पेस गर्नुपर्नेछ :

(क) विद्यावारिधि अध्ययनार्थ तयार गरिएको स्वीकृत प्रस्ताव १ प्रति र डिजिटल प्रतिसहित, (अनुसन्धानकर्ताको परिचय खुल्ने कुनै पनि बेहोरा प्रस्तावमा उल्लेख हुन नहुने)

(ख) नेपाली नागरिकता/राष्ट्रिय परिचयपत्रको प्रमाणपत्रको प्रतिलिपि १ प्रति,

(ग) स्नातकोत्तर र सोभन्दा माथिको शैक्षिक प्रमाणपत्रको प्रतिलिपि र श्रेणी खुल्ने कागजात १ प्रति,



अध्यक्ष

(घ) विदेशी विश्वविद्यालयबाट प्राप्त उपाधिको हकमा नेपाल सरकारको आधिकारिक संस्थाले दिएको समकक्षता प्रमाणपत्रको प्रतिलिपि १ प्रति,

(ङ) समावेशीअन्तर्गत आवेदन दिने उम्मेदवारहरूले समावेशिताको आधिकारिक प्रमाणपत्रको प्रतिलिपि १ प्रति,

(च) विश्वविद्यालयले प्रस्ताव स्वीकृत गरेको बेहोरा खुल्ने पत्रको प्रतिलिपि १ प्रति,

(छ) विद्यावारिधिका लागि आयोगले तोकेको न्यूनतम मापदण्ड पूरा भएको प्रमाणित कागजात ।

**फ्याकल्टी समूहतर्फ आवेदन दिनेहरूका हकमा निम्नलिखित थप कागजातसमेत पेस गर्नुपर्नेछ :**

- स्थायी/पूर्णकालीन नियुक्तिको प्रमाणपत्रको प्रतिलिपि १ प्रति (करारमा कार्यरत फ्याकल्टीलाई पूर्णकालीन मानिने छैन),
- कार्यरत संस्थाको सिफारिस पत्रको सक्कल १ प्रति ।
- विद्यावारिधि पश्चात हाल कार्यरत शिक्षण संस्थामा रोजगारीको अविछिन्नता रहने प्रमाण ।

**सार्वजनिक सेवा समूहतर्फ आवेदन दिनेहरूका हकमा निम्नलिखित थप कागजातसमेत पेस गर्नुपर्नेछ :**

- सार्वजनिक सेवामा स्थायी नियुक्तिको प्रमाणपत्रको प्रतिलिपि १ प्रति,
- सार्वजनिक सेवाबाट विदा दिएको वाा दिइने प्रमाण र अध्ययनका लागि पूर्व स्वीकृतिको पत्रको प्रतिलिपि १ प्रति,
- कार्यरत संस्थाको सिफारिस पत्रको सक्कल १ प्रति ।

**६.१.२ वृत्ति छनोट प्रक्रिया**

(१) आयोगमा प्राप्त प्रस्तावहरूलाई आवेदकको परिचय नखुल्ने गरी कोड गरिनेछ,

(२) आयोगमा पेस भएका प्रस्तावहरूलाई सम्बन्धित विषयगत समितिमार्फत दुई जना विषयगत विशेषज्ञबाट मूल्याङ्कन गराइनेछ,

(३) शोध प्रस्ताव मूल्याङ्कनमा दुई विशेषज्ञको मूल्याङ्कनबाट औसत ५०% ल्याउने उम्मेदवार मात्र दोस्रो चरणको मूल्याङ्कनका लागि योग्य हुनेछ,

(४) प्रस्तुतीकरणमा न्यूनतम ५०% अङ्क प्राप्त गरेका आवेदकहरूमात्र वृत्तिका लागि योग्य हुनेछन्,

(५) लेखरचना, शैक्षिक योग्यता तथा अल्पसुविधा प्राप्त समूहका लागि निर्धारण गरिएको अङ्क निर्देशिकामा उल्लिखित ढाँचामा भरिनेछ,

(६) प्रस्ताव मूल्याङ्कन, प्रस्तुतीकरण, लेखरचना, शैक्षिक योग्यता तथा समावेशिताका लागि निम्नानुसारको अङ्क निर्धारण गरिएको छ :

**पहिलो चरण**

(क) प्रस्ताव मूल्याङ्कन - ९०

**दोस्रो चरण**

(क) प्रस्तुतीकरण - ६०

(ख) शैक्षिक योग्यता - २०

(ग) अनुसन्धानमूलक लेखरचना - २२

(घ) समावेशिता - ८

अध्यक्ष

### ६.१.३ वृत्ति रकम र निकासा प्रक्रिया

(१) वृत्ति प्राप्त गर्न विद्यावारिधि अनुसन्धानका लागि नाम दर्ता/भर्ना भएको शुल्क बुझाएको मिति खुल्ने रसिद/प्रमाणित कागजात आयोगमा पेस गर्नुपर्नेछ,

(२) वृत्तिको किस्ता अर्धवार्षिक रूपमा उपलब्ध गराइनेछ। दोस्रो किस्ताका लागि पाँचदेखि दस पृष्ठको प्रगति विवरण सुपरिवेक्षकको सिफारिससहित प्रत्येक ६/६ महिनामा पेस गर्नुपर्नेछ अन्यथा किस्ता भुक्तानी रोक्का हुनेछ। मनोनयन हुँदाको अवस्थामा विधिवत् दर्ता/भर्ना भइसकेकाहरूले अध्ययनको प्रगति प्रतिवेदनसहित आयोगमा निवेदन पेस गरेपश्चात् ६ महिनाभन्दा कम अवधि बितिसकेको भए एक किस्ता र सोभन्दा बढी समय अध्ययन गरिसकेको अवस्थामा दुई किस्ता रकम एकैपटक उपलब्ध गराइनेछ। तेस्रो किस्ताका लागि भने आयोगमा विशेषज्ञसमक्ष प्रगति प्रस्तुतीकरण कार्यक्रम सम्पन्न भएपछि विज्ञबाट अध्ययनको प्रगति सन्तोषजनक भए/नभएको भन्ने सिफारिस प्राप्त भएका आधारमा उपलब्ध गराइनेछ। विज्ञद्वारा प्रगति सन्तोषजनक नभएको विवरण प्राप्त भएमा पुनः ३-६ महिनापछि प्रस्तुतीकरण गरी अध्ययन सन्तोषजनक भएको प्रमाणित गर्ने मौका दिइनेछ र सोमा पनि सन्तोषजनक प्रगति नभएमा वृत्ति रोक्का गरिनेछ,

(३) अनुसन्धान पूरा गरिसकेपछि आफू कार्यरत संस्थामा रही संस्थाको नियमानुसार वा पाँच वर्षको अवधिसम्म सेवा नछोड्ने बेहोरा खुलाई आफ्नो संस्थामा पेस गरेको कबुलियतनामाको प्रतिलिपि आयोगमा पेस गर्नुपर्नेछ। सो कबुलियत आयोगमा पेस गर्न नसक्नेलाई आयोग वृत्ति रकम उपलब्ध गराउन बाध्य हुनेछैन,

(४) विद्वत्वृत्तिमा छनोट भएकाहरूले निम्नानुसारको रकम प्राप्त गर्नेछन् :

| क्र.सं. | वृत्ति विवरण | रकम (रु.) | निकासा प्रक्रिया |
|---|---|---|---|
| क. | मासिक वृत्ति | १०,०००/- | विश्वविद्यालयमा स्थायी नाम दर्ता/भर्ना भएको मितिले ३ वर्षका लागि उपलब्ध गराइनेछ। अन्तिम किस्ता शोधग्रन्थ बुझाएपछि मात्र निकासा गरिनेछ। |
| ख. | कार्यपत्र प्रस्तुतीकरण | यस पुस्तिकाको ११.२ मा निर्दिष्ट गरेअनुसार | विद्यावारिधि शोधशीर्षकको औचित्य पुष्टि हुने कार्यशालाहरूमा कार्यपत्र प्रस्तुतीकरणका लागि यस शीर्षकअन्तर्गत अनुदान प्रदान गरिनेछ। अन्य प्रक्रिया यस पुस्तिकाको ११.२ मा निर्दिष्ट गरेअनुसार हुनेछ। |
| ग. | जर्नलमा लेख प्रकाशन सहयोग (२ वटा सम्म) | यस पुस्तिकाको ९.७ मा निर्दिष्ट गरेअनुसार अधिकतम रु ७५,०००/- प्रति शोधलेख | विद्यावारिधि शोधशीर्षकको औचित्य पुष्टि हुने अनुसन्धानमूलक लेख प्रकाशनका लागि अनुदान प्रदान गरिनेछ। अन्य प्रक्रिया यस पुस्तिकाको ९.७ मा निर्दिष्ट गरेअनुसार हुनेछ। |



अध्यक्ष

(५) विद्यावारिधिमा स्थायी नाम दर्ता गरेको मितिले पाँच वर्षभित्र शोधप्रबन्ध नबुझाएमा शोधकर्ताले कारण खुलाएर शोधनिर्देशक र संस्था प्रमुखसहितको सिफारिसमा निवेदन दिनुपर्नेछ । आयोगले सो निवेदनको मूल्याङ्कन गरी विलम्बको कारण सन्तोषजनक देखेमा बढीमा १ वर्ष म्याद थप गर्न सक्नेछ । थप गरेको समयभित्र अध्ययन सम्पन्न गरेमा आयोगबाट निकासा हुन बाँकी रकम उपलब्ध गराइनेछ । यसपछि थप एक वर्ष (६+१ वर्ष) भित्र कार्य सम्पन्न भए बाँकी अनुदान उपलब्ध नगराउने गरी आयोगले फरफारख गर्न सक्नेछ । सो हुन नसकेमा शारीरिक वा मानसिक अक्षमताका कारणबाहेक अन्य अवस्थामा निकासा गरिएको रकम सरकारी बाँकीसरह आयोगले असुल गर्दै भविष्यमा आयोगबाट कुनै पनि सुविधा उपलब्ध नगराउने गरी सुविधावञ्चित सूचीमा राखिनेछ,

(६) विद्यावारिधिको समयावधि गणना गर्दा विश्वविद्यालयमा प्रस्ताव स्वीकृत भएको मितिबाट मौखिक प्रतिरक्षा गरेको मितिसम्म गणना गरिनेछ,

(७) विश्वविद्यालयहरू वा अन्य निकायबाट विद्यावारिधि अनुसन्धानका लागि वृत्ति पाउने/पाएकाहरूले त्यस्तो वृत्ति छोडेको पत्र र नपाएकाहरूको हकमा नपाएको बेहोराको पत्र कार्यरत र अध्ययनरत संस्थाबाट लेखाई आयोगमा बुझाउनुपर्नेछ । अन्य सङ्घसंस्थाबाट वृत्ति पाएको पुष्टि भएमा तत्काल वृत्ति बन्द गरिनेछ र लिएको रकम असुलउपर गरिनेछ,

(८) आयोगमा अन्तिम किस्ता रकम माग गर्दा विद्यावारिधि शोधमा आधारित कम्तीमा दुईवटा अनुसन्धानमूलक लेख पियर रिभ्युड जर्नलमा छापिएको हुनुपर्नेछ । अनुसन्धानमूलक लेख प्रकाशित नभएको वा प्रकाशनार्थ स्वीकृत नभएको अवस्थामा अन्तिम किस्ता रकम उपलब्ध गराइनेछैन र वृत्ति फरफारक भएको समेत मानिनेछैन,

(९) आयोगबाट विद्यावारिधि अनुसन्धानका लागि वृत्तिमा मनोनयन हुँदाको समयमा स्वीकृत भएको प्रस्तावका मुख्य उद्देश्यहरू परिवर्तन नहुने गरी अनुसन्धानको शीर्षक परिमार्जन भएमा वा परिमार्जन गर्न आवश्यक देखिएमा सुपरिवेक्षकको सिफारिसमा सम्बन्धित विश्वविद्यालय/विभागको अनुसन्धान समितिले दिएको सिफारिसपत्र आयोगमा पेस गरेपश्चात् वृत्ति कायम राखिनेछ तर अनुसन्धानको शीर्षक तथा उद्देश्य पूर्ण रूपमा परिवर्तन भएमा वृत्ति रोकिनेछ,

(१०) विद्यावारिधि वृत्तिमा छनोट भएकाहरूले छनोटसम्बन्धी सूचना प्रकाशित भएको ६ महिनाभित्र आवश्यक सम्पूर्ण कागजातहरूसहित वृत्ति निकासाका लागि आयोगमा निवेदन दर्ता नगराए वृत्ति स्वतः रद्द हुनेछ ।

### (११) विद्यावारिधि शोध सहयोग (Ph.D. Research Support)

यस कार्यक्रमको उद्देश्य विद्यावारिधि कार्यक्रमका नेपाली विद्यार्थीलाई विद्यावारिधि शोधप्रबन्धको लागि राष्ट्रिय प्राथमिकतामा पर्ने गुणस्तरीय अनुसन्धान गर्न सहयोग गर्नु हो ।

यस कार्यक्रमका लागि छुट्टै आवेदन दिनुपर्नेछैन । विद्यावारिधि विद्वत्वृत्ति (खण्ड ६.१.२) का लागि आवेदन दिएका नेपालका विश्वविद्यालयमा दर्ता भएका सबै आवेदक यस कार्यक्रमका लागि स्वतः उम्मेदवार हुनेछन् र आवेदनको मूल्याङ्कनपश्चात् सम्बन्धित क्लस्टरका योग्यताक्रममा माथि रहेका उम्मेदवारले कोटाअनुसार यो सहयोग पाउनेछन् ।

आवेदनको मूल्याङ्कन फ्याकल्टी समूहका, युवा विद्यार्थी समूहका र सार्वजनिक सेवा समूहका उम्मेदवारलाई एकै समूहमा राखी गरिनेछ । आवेदनको छनोट राष्ट्रिय प्राथमिकताका क्षेत्रमा अनुसन्धान गर्न प्रस्तावित शोध प्रस्तावको



अध्यक्ष

मूल्याङ्कन तथा उमेदवारको शैक्षिक एवं अनुसन्धान योग्यता मूल्याङ्कनको आधारमा हुनेछ। शोध प्रस्तावलाई प्राज्ञिक गुणवत्ताका सूचकाङ्क र राष्ट्रिय प्राथमिकतासँगको आबद्धताको आधारमा मूल्याङ्कन गरिनेछ।

यस कार्यक्रमअन्तर्गतका उम्मेदवारले शोध प्रस्तावमा प्रस्तावित बजेटअनुसारको शीर्षकमा खर्च गर्न पाउने गरी शोध सहयोगस्वरूप बक्स-२ अनुसारको अनुसन्धानको वर्ग हेरी २ लाखदेखि ५ लाखसम्म आवश्यकताअनुसार आयोगले विद्यावारिधि शोध सहयोग उपलब्ध गराउनेछ। शोध सहयोग रकमको निर्धारण अनुसन्धानको प्राविधिक पक्ष, प्रस्तावित बजेटका आधारमा निर्धारण गरिनेछ। यो रकम शोधकार्यको आवश्यकताअनुसार निकासा भई खर्च हुने गरी अध्ययनका लागि भर्ना भएको विभागको खातामा जम्मा गरिनेछ। सो रकमको खर्चसम्बन्धी विवरण आयोगले अनुगमन गर्न सक्नेछ। यसरी प्राप्त अनुदानको खर्च विवरण अनुसन्धान पश्चात आयोगमा शोधप्रबन्धसँगै बुझाउनु पर्नेछ।

अनुसन्धान वर्ग र रकम

| क्र.सं. | अनुसन्धानको वर्ग | अनुसन्धान | प्रकृति | रकम |
|---|---|---|---|---|
| १ | 'क' वर्ग | Wet laboratory based | उच्च लगानीमूलक | ५,००,०००/- |
| २ | 'ख' वर्ग | Field based | मध्यम लगानीमूलक | ३,००,०००/- |
| ३ | 'ग' वर्ग | Dry laboratory or library based | न्यून लगानीमूलक | २,००,०००/- |

### ६.२ एम.फिल. वृत्ति (M.Phil. Fellowship)

शैक्षिक योग्यता अभिवृद्धि गरी गुणस्तरीय उच्चशिक्षा प्रदान गर्न सहयोग पुऱ्याउने उद्देश्यले नेपालका विश्वविद्यालयमा र सम्बन्धन प्राप्त उच्चशिक्षा संस्थाहरूमा एम.फिल. तह अध्ययन गर्न दर्ता/भर्ना/छनोट सूचीमा परेका विद्यार्थीहरूलाई प्रतिस्पर्धाका आधारमा एम.फिल. वृत्ति प्रदान गरिनेछ। एम.फिल. वृत्ति वार्षिक रूपमा ५० को सङ्ख्यामा प्रदान गरिनेछ। विश्वविद्यालय/सम्बन्धन प्राप्त क्याम्पसहरूमा कार्यरत शिक्षकहरू र स्वदेशी विश्वविद्यालयमा एम.फिल. अध्ययनरत/अध्ययन गर्न इच्छुकहरूलाई प्रतिस्पर्धाका आधारमा वृत्ति प्रदान गरिनेछ। आयोगले प्रदान गर्ने वृत्तिमध्ये ५०% कोटा विषयगत समितिलाई समानुपातिक रूपमा वितरण गरिनेछ। यसरी विषयगत समितिलाई प्राप्त कोटालाई फ्याकल्टी र युवा विद्यार्थी समूहमा बराबर बाँडिनेछ। बाँकी रहेको ५०% कोटा दोस्रो चरणको मूल्याङ्कनमा उपस्थित सङ्ख्याको अनुपातका आधारमा बाँडफाँड गरिनेछ। आयोगले निर्धारण गरेको छनोट प्रक्रियामा आवेदकहरू सफल नभई कुनै एक समूहमा सिट सङ्ख्या बाँकी रहेमा स्वतः अर्को समूहमा जानेछ। यो वृत्ति १८ महिना अवधिको कार्यक्रममा दर्ता/भर्ना भएका विद्यार्थीहरूलाई मात्र दिइनेछ। एम.फिल. Integrated PhD Program मा भर्ना भई वृत्तिमा आवेदन दिने उम्मेदवारहरूको हकमा एम.फिल को उपाधि लिन चाहने उम्मेदवारहरूले मात्र आवेदन दिन पाउनेछन्। एम. फिल. अध्ययन कार्य विश्वविद्यालयमा भर्ना भएको १.५ वर्षभित्र सम्पन्न गर्नुपर्नेछ। सो हुन नसकेमा अध्ययनरत संस्थाबाट अध्ययनको वस्तुस्थिति स्पष्ट उल्लेख गरी म्याद थपका लागि आयोगमा निवेदन दिनुपर्नेछ। सो प्रगति सन्तोषजनक देखिएमा आयोगले १ वर्षसम्म म्याद थप गर्न सक्नेछ। थप गरेको समयभित्र अध्ययन सम्पन्न गरेमा आयोगबाट निकासा हुन बाँकी रकम उपलब्ध गराइनेछ। यसपछि थप



अध्यक्ष

एक वर्षभित्र कार्य सम्पन्न भए बाँकी अनुदान उपलब्ध नगराउने गरी आयोगले फरफारक गर्न सक्नेछ । सो पनि हुन नसकेमा भविष्यमा आयोगबाट कुनैपनि सुविधा उपलब्ध नगराउने गरी सुविधावञ्चित सूचीमा राखिनेछ ।

*(नोट : अघिल्लो आर्थिक वर्षहरूमा एम.फिल. वृत्ति प्राप्त गरेकाको हकमा पनि समय सीमा माथि उल्लेख गरेअनुसार हुनेछ ।)*

**६.२.१ एम.फिल. वृत्तिका लागि निवेदन दिने प्रक्रिया**

(१) एम.फिल. वृत्तिका लागि आयोगले सूचना प्रकाशित गरेपश्चात् तोकिएको अवधिभित्र आयोगद्वारा निर्धारित ढाँचाअनुसारको फारम भरी आवेदन पेस गर्नुपर्नेछ । यो वृत्तिका लागि आवेदन फारम **अनुसूची-३** अनुसार हुनेछ । सो फारम आयोगको वेबसाइटबाट पनि डाउनलोड गर्न सकिनेछ,

(२) आवेदनका साथ दरखास्त दस्तुर रु. २००।- आयोगको आर्थिक प्रशासन शाखा वा विश्वविद्यालय अनुदान आयोगको नाममा राष्ट्रिय वाणिज्य बैंक, सानोठिमी शाखाको खाता नम्बर १७३०१०००००२१४००१ मा जम्मा गरेको रसिद/भौचर संलग्न गर्नुपर्नेछ,

(३) कुनै संस्थामा कार्यरत आवेदकले आवेदन दिनका लागि सो संस्थामा पूर्णकालीन रूपमा कार्य आरम्भ गरेको कम्तीमा एक वर्ष पुगेको हुनुपर्नेछ,

(४) आवेदनका साथ निम्नलिखित कागजातहरू अनिवार्य रूपले यस आयोगमा पेस गर्नुपर्नेछ :

(क) नेपाली नागरिकता/राष्ट्रिय परिचयपत्रको प्रमाणपत्रको प्रतिलिपि १ प्रति,

(ख) स्नातक र सोभन्दा माथिका शैक्षिक प्रमाणपत्रको प्रतिलिपि १ प्रति,

(ग) विदेशी विश्वविद्यालयबाट प्राप्त उपाधिको हकमा समकक्षता प्रमाणपत्रको प्रतिलिपि १ प्रति,

(घ) भर्ना भएको पुष्टि हुने रसिद/प्रमाणित कागजात

**शिक्षण संस्थामा कार्यरत आवेदकको हकमा निम्नलिखित थप कागजातहरू पेस गर्नुपर्नेछ :**

- नियुक्ति पाएको प्रमाणका लागि नियुक्तिपत्रको प्रतिलिपि - १ प्रति,
- कार्यरत संस्थाको सिफारिसपत्रको सक्कल - १ प्रति,

(५) एम.फिल. अध्ययनार्थ वृत्तिका लागि आवेदन दिने शिक्षकहरूको हकमा सूचना प्रकाशित भएको मितिसम्म ४५ वर्ष ननाघेको तर अल्पसुविधायुक्त समूहमा पर्नेको हकमा ४७ वर्ष ननाघेको हुनुपर्नेछ भने युवा विद्यार्थी समूहमा आवेदन दिनेहरूको उमेर सूचना प्रकाशित भएको मितिसम्म ३५ वर्ष ननाघेको र अल्पसुविधायुक्त समूहमा पर्नेकोहकमा ३७ वर्ष ननाघेको हुनुपर्नेछ,

**६.२.२ मूल्याङ्कनको अङ्कभार**

(क) अन्तर्वार्ता - ५०

(ख) शैक्षिक योग्यता - २५

(ग) अनुसन्धानमूलक लेखरचना - १७

(घ) समावेशिता - ८

**६.२.३ अनुदान रकम निकासा प्रक्रिया**

(१) एम.फिल. अध्ययनका लागि भर्ना भएको मिति खुल्ने रसिद/प्रमाणित कागजात आयोगमा पेस गर्नुपर्नेछ,

(२) विश्वविद्यालय वा अन्य निकायबाट दर्शनाचार्य. अध्ययनका लागि वृत्ति पाउने/पाएकाहरूले त्यस्तो वृत्ति छोडेको पत्र र नपाएकाहरूको हकमा नपाएको बेहोराको पत्र अध्यापनरत र अध्ययनरत संस्थाबाट लेखाई आयोगमा दिनुपर्नेछ । यसै अध्ययनका लागि अन्य संघ संस्थाबाट वृत्ति पाएको पुष्टि भएमा तत्काल वृत्ति बन्द गरिने र लिएको रकम असुलउपर गरिनेछ,

अध्यक्ष

(३) वृत्तिमा मनोनयन भएकाहरूले सूचना प्रकाशित भएको ६ महिनाभित्र आवश्यक सम्पूर्ण कागजातहरूसहित वृत्ति निकासाका लागि आयोगमा निवेदन दर्ता नगराए वृत्ति स्वतः रद्द हुनेछ,

(४) वृत्ति मासिक रु.८,०००/- हुनेछ र ६/६ महिनाको किस्तामा उपलब्ध गराइनेछ,

(५) वृत्ति रकम निम्नानुसार निकासा गरिनेछ :

| किस्ता | रकम (रु.) | सर्तहरू तथा पेस गर्नुपर्ने आवश्यक कागजातहरू |
|---|---|---|
| प्रथम | ४८,००० /- | भर्ना भएको पुष्टि हुने रसिद/प्रमाणित कागजात, अन्यत्रबाट सहयोग नपाएको प्रमाणितपत्र (अध्ययनरत तथा अध्यापनरत संस्थाबाट) |
| दोस्रो | ४८,००० /- | पहिलो सेमेस्टर उत्तीर्ण गरेको प्रमाण |
| तेस्रो | ४८,००० /- | विश्वविद्यालयबाट स्वीकृत शोधग्रन्थको एक प्रति, सोको डिजिटल प्रति र ट्रान्सक्रिप्ट आयोगमा बुझाएपश्चात् |
| प्रिन्टिङ/बाइन्डिङ खर्च | २०,००० /- | शोधग्रन्थमा आधारित शोधलेख पियर रिभ्युड जर्नलमा प्रकाशित वा प्रकाशनार्थ स्वीकृत भएको आधिकारिक कागजात आयोगमा पेस गरेपश्चात् । |

## ६.३ पोस्टडक्टरल **वृत्ति (Postdoctoral Fellowship)**

यस कार्यक्रमको उद्देश्य नेपालका विश्वविद्यालयमा अनुसन्धान संस्कृतिको प्रवर्धन र विश्वविद्यालयमा ठूला अनुसन्धान परियोजनालाई उपयुक्त विज्ञता भएको अनुसन्धानकर्ता उपलब्ध गराउनु हो। यो कार्यक्रम आयोगबाट सहकार्यगत अनुसन्धान अनुदान (Collaborative Research Grant) उपलब्ध भएका अनुसन्धान परियोजनासँग समेत सम्बद्ध गर्न सकिनेछ। यस वर्ष ३ उम्मेदवारलाई यो वृत्ति प्रदान गरिनेछ।

प्राविधिक क्षेत्रमा सहकार्यगत अनुसन्धानका लागि विषयगत विज्ञता भएको पोस्टडक्टरल शोधार्थी आवश्यकता भएमा प्रमुख अनुसन्धाताले शोध प्रस्तावसँगै वा छुट्टै त्यस्तो शोधार्थी उपलब्ध गराउन आवेदन दिन सक्नेछन्। प्रमुख अनुसन्धाताले विधिपूर्वक विज्ञापन र छनोट गरेका पोस्टडक्टरल शोधार्थी उम्मेदवारले आयोगमा पोस्टडक्टरल वृत्तिको लागि आवेदन दिनुपर्नेछ। आयोगले आवेदनको मूल्याङ्कन गरी वृत्तिबारे निर्णय गर्नेछ। वृत्तिको निम्ति छनोट भएका उम्मेदवारलाई सम्बन्धित निकायमार्फत आयोगले दुई वर्षको लागि रु.४०,०००/- प्रति महिनाको दरले पोस्टडक्टरल वृत्ति प्रदान गर्नेछ। पोस्टडक्टरल वृत्तिको लागि विज्ञापन, आवेदन, छनोट, वृत्ति घोषणा र अनुबन्धको कार्यविधि आयोगले तोकेबमोजिम हुनेछ।

**न्यूनतम योग्यता**

(१) पिएच.डी. उपाधि प्राप्त गरेको पाँच वर्ष ननाघेको वा अन्यत्र पोस्टडक्टरल फेलो/अनुसन्धानकर्ताको रूपमा सेवा पूरा गरेको समयबाट २ वर्ष ननाघेको हुनुपर्नेछ,

(२) पोस्टडक्टरल शोधार्थीका रूपमा काम गर्ने अनुसन्धान परियोजनाका प्रमुख शोधकर्ता (Principal Investigator) ले प्रदान गरेको स्वीकृतिपत्र (Acceptance Letter) प्राप्त र सो अनुसन्धान परियोजना सञ्चालन हुने संस्था (Host institution) को अनुमोदनपत्र (Letter of Approval) प्राप्त गरेको हुनुपर्नेछ,



अध्यक्ष

(३) अनुसन्धान परियोजनासँग सान्दर्भिक विषय र क्षेत्रमा शोध प्रकाशन (सूचीकृत जर्नलमा कम्तीमा दुई मौलिक शोधलेख प्रकाशन गरेको हुनुपर्नेछ ।)

**छनोट प्रक्रिया**

(१) आयोगबाट सहकार्यगत अनुसन्धान अनुदान प्राप्त परियोजनाका प्रमुख शोधकर्ताले आयोगले तोकेअनुसार विधिवत् छनोट र ससर्त नियुक्ति दिएको पोस्टडक्टरल शोधार्थीले आयोगमा **अनुसूची-४** को आवेदन फारम भरी आवेदन दिनुपर्नेछ,

(२) आवेदनका साथ दरखास्त दस्तुर रु. ५००।- विश्वविद्यालय अनुदान आयोगको नाममा रा.बा. बैंङ्क, सानोठिमी शाखाको खाता नम्बर १७३०१००००२१४००१ मा बुझाएको रसिद/भौचर संलग्न गर्नुपर्नेछ,

(३) आयोगले आवेदनको मूल्याङ्कन गरी फेलोसिपबारे निर्णय गर्नेछ,

(४) आयोगबाट फेलोसिप प्रदान भएका उम्मेदवारले सम्बन्धित संस्थामा काम सुरु गरेको प्रतिवेदन (Joining Report) आयोगमा पठाउनुपर्नेछ ।

## ७. शोधप्रबन्ध अनुसन्धान अनुदान (Thesis Research Grants)

### ७.१ विद्यावारिधिका लागि आंशिक सहयोग (Partial Support for the PhD fellow)

पिएच.डी. अनुसन्धानका लागि कुनै किसिमको आर्थिक सहयोग नपाएका शोधकर्ताहरूलाई स्थलगत अध्ययन, पुस्तक/सन्दर्भ सामाग्री, टाइपिङ/बाइन्डिङजस्ता कार्यका लागि देहायबमोजिम अनुदान सहयोग उपलब्ध गराइनेछ । यसका लागि कुनै पनि आर्थिक सहयोग नपाएको बेहोरा उल्लेख भएको पत्र सम्बन्धित डीन कार्यालय/विश्वविद्यालय/शोधनिर्देशक र कार्यरत संस्था भए सोको सिफारिससहित शोध प्रस्ताव/प्रगति विवरण (Proposal/ Progress Report) संलग्न गरी **अनुसूची-५** को फारम भरी पेस गर्नुपर्नेछ । ६ महिनाको अन्तरालमा एकपटकमा एउटा कार्यका लागि सहयोग दिइनेछ र टाइपिङ/बाइन्डिङबापतको सहयोग शोधप्रबन्ध बुझाएपछि अघिल्लो सहयोग उपलब्ध गराएको ६ महिना नबितेको भए तापनि दिइनेछ । सार्क राष्ट्रहरूमा विद्यावारिधि गरिरहेका विद्यार्थीको हकमा अध्ययनरत संस्था पब्लिक/सामुदायिक हुनुपर्नेछ । मौखिक प्रतिरक्षा गरेको ६ महिनाभित्र आयोगमा टाइपिङ/बाइन्डिङ खर्चका लागि आवेदन दिनुपर्नेछ ।

| क.सं. | विवरण | अधिकतम रकम (रु.) | निकासा प्रक्रिया |
|---|---|---|---|
| (क) | पुस्तक/सन्दर्भ ग्रन्थ तथा स्थलगत अध्ययन | ४०,०००।- | पुस्तक खरिद गरेको सक्कल बिलमा वा अध्ययनका लागि सूचीकृत पुस्तकको सूचीमा शोधनिर्देशकको हस्ताक्षर, शोधनिर्देशकले स्थलगत अध्ययनका लागि गरेको सिफारिससहितको निवेदन आयोगमा पेस गरेपश्चात् रकम उपलब्ध गराइनेछ । विद्यावारिधि दर्ता गरेको ३ वर्षसम्ममा माग गरिसक्नुपर्नेछ । |
| (ख) | टाइपिङ्ग/बाइन्डिङ्ग | २०,०००।- | अध्ययन गरेको विश्वविद्यालयमा स्वीकृत एक प्रति शोधप्रबन्ध, सोको विद्युतीय प्रति र प्रमाणपत्र आयोगमा प्राप्त भएपछि यो रकम प्रदान गरिनेछ । आयोगले गरेको आर्थिक सहयोगको सम्बन्धमा शोधग्रन्थको कृतज्ञतामा उल्लेख गर्नु अनिवार्य हुनेछ । विद्यावारिधि |

अध्यक्ष

| | | | |
|---|---|---|---|
| | | | अन्तर्गत टाइपिङ्ग/बाइन्डिङ्गको रकम मात्र माग गर्नेको हकमा कृतज्ञता आवश्यक पर्ने छैन । |

### ७.२ अपाङ्गता भएका विद्यार्थीलाई शोधप्रबन्ध तयारीका लागि सहयोग (Thesis Preparation Support for Persons with Disabilities)

स्नातकोत्तर र एम.फिल. तहमा अध्ययन गर्ने अपाङ्गता भएका विद्यार्थीहरूलाई शोधपत्र तयार गर्ने खर्च उपलब्ध गराइनेछ। आयागेमा प्राप्त प्रस्तावहरुलाई सम्बन्धित विषय विशेषज्ञबाट मूल्यांकन गराई छनोट भएका आवेदकहरुलाई अनुसन्धानको वर्ग हेरी (बक्स २) अनुसार 'क' वर्गमा रु. ५० हजार, 'ख' वर्गमा रु. ३० हजार र 'ग' वर्गमा रु. २० हजार उपलब्ध गराइनेछ । यस कार्यक्रमअन्तर्गत विद्यार्थीहरूले निम्नानुसारका कागजातहरू संलग्न गरी **अनुसूची-६** बमोजिमको आवेदन फारम भरी पेस गर्नुपर्नेछ :

- अपाङ्गताको वर्ग खुल्ने प्रमाणपत्र,
- नेपाली नागरिकता/राष्ट्रिय परिचयपत्रको प्रमाणपत्रको प्रतिलिपि १ प्रति,
- स्नातक तहको प्रमाणपत्र,
- अध्ययनरत संस्थाले स्वीकृत गरेको शोध प्रस्ताव ।

उपर्युक्तअनुसारका कागजपत्रहरूसहित निवेदन पेस गरेपश्चात् अनुदानबापतको जम्मा रकमबाट ५०% र बाँकी रकम विभागद्वारा स्वीकृत एक प्रति शोधप्रबन्ध, सोको विद्युतीय प्रति र ट्रान्सक्रिप्टको प्रतिलिपि आयोगमा बुझाएपछि उपलब्ध गराइनेछ। शोधपत्रमा विश्वविद्यालय अनुदान आयोगबाट आर्थिक सहयोग प्राप्त गरेको बेहोरा अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ।

आवेदन दिएका समयमा आवेदकले शोधपत्र तयार गरी अध्ययन गरेको संस्थामा बुझाइसकेको भए अपाङ्गताको वर्गअनुसारको रकम एकमुष्ट उपलब्ध गराइनेछ। आयोगमा आवेदन दिंदा अध्ययन गरेको संस्थामा शोधपत्र बुझाई मौखिक परीक्षा भएको छ महिना ननाघेको हुनुपर्नेछ।

## ८. अनुसन्धान पूर्वाधार विकास सहयोग (Research Infrastructure Development Support)

शैक्षिक संस्थामा अनुसन्धान प्रयोगशालाको सुदृढीकरण र विस्तार, केन्द्रीय पुस्तकालयहरूको नेटवर्किङ र सुदृढीकरण गर्न सहयोग गर्नु यस कार्यक्रमको उद्देश्य हो। साथै प्राविधिक तथा वैज्ञानिक अन्वेषण तथा नवप्रवर्तनात्मक कार्यका लागि अध्ययन, अनुसन्धान (शैक्षिक अनुसन्धान, उपकरण तथा परामर्श ) मा सहयोग गर्नु पनि यस कार्यकमको उद्देश्य रहेको छ। यस कार्यक्रमको कार्यविधि आयोगले तोकेबमोजिम हुनेछ।

### ८.१ विशेष अनुसन्धान प्रयोगशाला सहयोग (Specialised Research Laboratary)

यस कार्यक्रमको उद्देश्य शैक्षिक संस्थाहरूमा विषेश प्रकारको अनुसन्धान प्रयोगशाला स्थापना र सुदढ गर्न, प्रयोगशाला सामग्री र उपकरण खरिद गर्न, उपकरण मर्मत गर्ने करार विस्तार गर्न र प्रयोगशाला राम्ररी सञ्चालन गर्न आवश्यक पर्ने भौतिक पूर्वाधार सुदृढ गर्न सहयोग गर्नु हो। आयोगले उपलब्ध गराउने सहयोगमा Forensic Science, Nanotechnology, ICT, Agricultural Technology, Infectious Diseases, Herbal Sciences जस्ता प्राविधिक विषयलाई प्राथमिकता दिइनेछ । प्राविधिक विषय सञ्चालन गर्ने उच्च शैक्षिक संस्थाहरू यो



अध्यक्ष

सहयोगका लागि योग्य हुनेछन् । Wet Laboratory का लागि अधिकतम रु. एक करोड र Dry Laboratory का लागि अधिकतम रु. २५ लाख सम्मको सहयोग प्रदान गरिनेछ।

**८.२ समकक्षी मूल्याङ्कन जर्नल प्रकाशनार्थ इन्डेक्सिङ गर्न सहयोग (Support for indexing Peer Reviewed Journals)**

यस कार्यक्रमको उद्देश्य नेपालबाट प्रकाशन हुने स्तरीय र अन्तर्राष्ट्रिय सूचीकृत हुने सम्भावना भएका समकक्षी पुनरवलोकित प्राज्ञिक जर्नललाई सूचीकृत गर्न सहयोग हुने गरी स्तर प्रवर्धन गर्न र त्यस्तो स्तरका नयाँ प्राज्ञिक जर्नल प्रकाशन गर्न वित्तीय सहयोग दिनु हो। यसले राष्ट्रियस्तरका जर्नलहरूको गुणस्तर अभिवृद्धि गरी अन्तर्राष्ट्रिय स्तरमा पहिचान गराउनेछ । यसको लागि आयोगले राष्ट्रिय समकक्षी पुनरवलोकित जर्नलको मानदण्ड र वर्गीकरणको आधार तयार गरी लागु गर्नेछ। सो मापदण्डको आधारमा समकक्षी मूल्याङ्कित जर्नललाई अनुदान दिने कार्यविधि तयार गरी अनुदान दिइनेछ। यस वर्ष बढीमा १ समकक्षी पुनरवलोकित जर्नललाई अनुदान दिने योजना बनाइएको छ। यस कार्यक्रमअन्तर्गत अधिकतम अनुदान रकम रु. ५ लाखसम्म दिन सकिनेछ।

**८.३ उद्यमशीलता तथा स्वरोजगार कार्यक्रम (Entrepreneurship and Self Employment)**

यस कार्यक्रमको मुख्य उद्देश्य उद्यम संस्कृतिको विकासका लागि विद्यार्थीहरू तथा शिक्षकहरूमा उद्यमशीलता सीपहरूको बढावा दिनु हो । यस कार्यक्रमअन्तर्गत उद्यमशीलता सीप प्रशिक्षण, उद्यमशीलताका लागि आवश्यक कानुनी प्रशिक्षण, वित्तीय शिक्षा तथा बीज कोष अनुदानमार्फत स्नातक वा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरूलाई उद्यमशीलता र स्वरोजगारी पछ्याउन सहयोग गरिनेछ । तालिम प्राप्त उत्कृष्ट व्यावसायिक विचारलाई उद्यमको रुपमा विकास र सञ्चालनका लागि स्नातक वा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरूमध्ये कम्तीमा २० वटा लाई बीज कोष अनुदान प्रदान गरिनेछ। यस कार्यक्रमको निर्देशिका आयोगले तोकेबमोजिम हुनेछ।

**९. अनुसन्धान प्रवर्द्धन (Research Promotion)**

यस कार्यक्रमको उद्देश्य नेपालका विश्वविद्यालयका शिक्षकहरूको एकल वा संयुक्त अन्वेषकको सहकार्यमा हुने अनुसन्धान परियोजनाको प्रस्तावलाई अनुदान प्रदान गरी अनुसन्धान गराउन र विद्यार्थीलाई यस्ता परियोजनामा संलग्न गराई शोधप्रबन्ध तयार गर्ने अवसर प्रदान गर्नुसमेत हो । यस कार्यक्रमअन्तर्गत तीन प्रकारका अनुसन्धानका कार्यक्रम रहनेछन् । सहयोगको अधिकतम रकम र प्रमुख सर्तहरू निम्नलिखित तालिकामा रहेका छन् । सहयोग रकमको निर्धारण अनुसन्धानको प्राविधिक पक्ष, प्रस्तावित बजेट र नम्सका आधारमा निर्धारण गरिनेछ ।

| | कार्यक्रमको प्रकार | अनुसन्धान वर्ग | रकम (रु.) | अनुदान वितरण पद्धति | न्यूनतम अन्वेषक | न्यूनतम विद्यार्थी | समयावधि ( वर्ष ) |
|---|---|---|---|---|---|---|---|
| १ | सहकार्यात्मक अनुसन्धान (Collaborative Research) | क | २०,००,०००।- | अन्वेषण कार्य गर्ने संस्थामार्फत | ३ | ३ | २.५ |
| | | ख | १५,००,०००।- | | | | |
| | | ग | १२,५०,०००/- | | | | |

अध्यक्ष

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | फ्याकल्टी अनुसन्धान (Faculty Research) | क | ४,००,०००।- | अन्वेषण कार्य गर्ने संस्थामार्फत | २ | २ | १.५ |
| | | ख | ३,००,०००।- | | | | |
| | | ग | २,००,०००।- | | | | |
| ३ | लघु अनुसन्धान विकास तथा नवप्रवर्तन (Small RDI) | क | २००,०००।- | | १ | १ | १ |
| | | ख | १५०,०००।- | | | | |
| | | ग | १००,०००।- | | | | |

## ९.१ लघु अनुसन्धान विकास र नवप्रवर्तन अनुदान (Small Research Development and Innovation Grant – SRDIG)

यस कार्यक्रमको उद्देश्य विश्वविद्यालयमा शिक्षण र सिकाइको अङ्ग हुने गरी नवप्रवर्तनमुखी साना अनुसन्धानलाई सहयोग गर्नु हो। एक वर्षभित्र अनुसन्धान पूरा गर्नुपर्ने गरी प्रत्येक परियोजनालाई अधिकतम रु.२,००,०००/- (दुई लाख ) को अनुदान दिइनेछ। विश्वविद्यालयमा एक वर्ष शिक्षण सेवा पूरा गरेका फ्याकल्टीले कुनै पनि तहका विद्यार्थीका तालिम र शोधप्रबन्धको अङ्ग हुने र लगभग एक वर्षभित्र सम्पन्न हुने अनुसन्धान गर्न चाहेमा अनुदानका लागि यस कार्यक्रममा आवेदन दिन सक्नेछन्। यस कार्यक्रमअन्तर्गत साना आधारभूत अनुसन्धान र साना विकास र नवप्रवर्तन परियोजनालाई अनुदान दिइनेछ। समस्या समाधानप्रति लक्षित नयाँ प्रविधि, उत्पादन र सेवाको आविष्कार र परिष्कार वा त्यस्तो नवप्रवर्तनलाई सहयोग पुग्ने साना आधारभूत अनुसन्धानलाई यस कार्यक्रमले सहयोग गर्नेछ। वार्षिक ५० वटा परियोजनालाई यो अनुदान प्रदान गरिनेछ। यो सुविधा प्राप्त गरिसकेका शिक्षकहरूले पुन: यो अनुदानका लागि आवेदन गर्न कम्तीमा दुई वर्ष समयावधि नाघेको वा अघिल्लो अनुसन्धानको निरन्तरता (Longitudinal Research) हुनुपर्नेछ।

**लघुअनुसन्धान विकास र नवप्रवर्तनका लागि न्यूनतम योग्यता**

(१) प्रमुख अनुसन्धानकर्ता (Principal Investigator) कम्तीमा शोधप्रबन्धसहितको स्नातकोत्तर उपाधि प्राप्त र समकक्षी पुनरवलोकित जर्नलमा कम्तीमा एक मौलिक शोधलेख प्रकाशित गरेको शिक्षक हुनुपर्ने,

(२) समकक्षी पुनरवलोकित जर्नलमा शोधलेख प्रकाशन नगरेको र शोधप्रबन्ध नभएको स्नातकोत्तर उपाधि प्राप्त फ्याकल्टीले आयोग वा अन्य संस्थाबाट सञ्चालित कम्तीमा ३-५ दिनको अनुसन्धान तालिम लिएको हुनुपर्ने वा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको सम्मेलनमा कार्यपत्र प्रस्तुत गरेको हुनुपर्ने,

(३) अनुसन्धान कार्यमा सम्भव भएसम्म कम्तीमा एक जना सोही संस्थामा अध्ययनरत स्नातकोत्तर/स्नातक वा सोभन्दा माथिका शोधप्रबन्ध (Dissertation/project work) तयार गर्नुपर्ने विद्यार्थी संलग्न गराउनुपर्नेछ र विद्यार्थी संलग्न गराउन सूचना जारी गर्नुपर्नेछ।

(४) शोधप्रबन्ध, शोधप्रकाशन, अनुसन्धान तालिम नभएका र स्नातकोत्तर उपाधिमात्र प्राप्त फ्याकल्टीले सहशोधकर्ताको रूपमा मात्र आवेदन दिन सक्नेछन्,

(५) यस कार्यक्रममा आवेदन दिने प्रमुख अनुसन्धानकर्ता र सहअनुसन्धानकर्ता कम्तीमा एक वर्ष पूर्णकालीन शिक्षण गरेको हुंनुपर्नेछ।

अध्यक्ष

**यस कार्यक्रमको सञ्चालन विधि निम्नानुसार हुनेछ :**

(१) यस अनुसन्धानका लागि आयोगले सूचना प्रकाशित गरेपश्चात् तोकिएको अवधिभित्र निर्धारित ढाँचाअनुसारको फारम भरी आवेदन पेस गर्नुपर्नेछ। यस अनुसन्धानका लागि आवेदन **अनुसूची-७** र **अनुसूची- ७.१** को फारम भरी विस्तृत विवरण पेस गर्नुपर्नेछ। सो फारम आयोगको वेबसाइटबाट पनि डाउनलोड गर्न सकिनेछ,

(२) आवेदनका साथ दरखास्त दस्तुर रु. १००।- विश्वविद्यालय अनुदान आयोगको नाममा राष्ट्रिय वाणिज्य बैंक, सानोठिमी शाखाको खाता नम्बर १७३०१०००००२१४००१ मा बुझाएको रसिद/भौचर संलग्न गर्नुपर्नेछ,

(३) आवेदनका साथ निम्नानुसारका कागजातहरू अनिवार्य रूपमा समावेश गर्नुपर्नेछ :

(क) कार्यरत संस्थाले दिएको नियुक्तिपत्रको प्रतिलिपि,

(ख) कार्यरत संस्थाको सिफारिसपत्रको सक्कल प्रति,

(ग) नेपाली नागरिकता/राष्ट्रिय परिचयपत्रको प्रमाणपत्रको प्रतिलिपि १ प्रति,

(घ) स्नातक र सोभन्दा माथिको शैक्षिक प्रमाणपत्रको प्रतिलिपि १ प्रति,

(ङ) विदेशी विश्वविद्यालयबाट प्राप्त उपाधिको हकमा समकक्षता प्रमाणपत्रको प्रतिलिपि,

(च) यस अनुसन्धानका लागि आयोगले तोकेको ढाँचामा तयार पारेको प्रस्ताव ३ प्रति ( अनुसन्धानकर्ताको परिचय खुल्ने कुनै पनि बेहोरा प्रस्तावमा उल्लेख नभएको हुनुपर्ने),

(छ) समकक्षी मूल्याङ्कन जर्नलमा प्रकाशित शोधलेखको प्रतिलिपि वा अनुसन्धान तालिमको प्रमाणपत्रको प्रतिलिपि वा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको सम्मेलनमा कार्यपत्र प्रस्तुत गरेको प्रमाणपत्रको प्रतिलिपि ।

**(४) छनोट प्रक्रिया**

(क) आयोगमा प्राप्त प्रस्तावहरूलाई आवेदकको परिचय नखुल्ने गरी कोड राखिनेछ,

(ख) आयोगमा पेस भएका प्रस्तावहरूलाई सम्बन्धित विषयगत समितिमार्फत दुई जना विषयगत विशेषज्ञबाट मूल्याङ्कन गराइनेछ,

(ग) प्रस्ताव मूल्याङ्कनमा द'ई जनाविशेषज्ञको मूल्याङ्कनबाट औसत ५०% ल्याउने उम्मेदवार मात्र दोस्रो चरणको मूल्याङ्कनका लागि योग्य हुनेछन्,

(घ) लेखरचना, शैक्षिक योग्यता तथा अल्पसुविधा प्राप्त समूहका लागि निर्धारण गरिएको अङ्क निर्देशिकामा उल्लिखित ढाँचामा भरिनेछ ।

(५) प्रस्ताव मूल्याङ्कन, शैक्षिक योग्यता तथा समावेशिताका लागि निम्नानुसारको अङ्क निर्धारण गरिएको छ :
मूल्याङ्कनको लागि अङ्क विभाजन देहायबमोजिम गरिएको छ :

(क) शोध प्रस्ताव मूल्याङ्कन - ८०

(ख) प्रस्तुतीकरण - ६०

(ग) शैक्षिक योग्यता, अनुसन्धानमूलक लेख प्रकाशन, अनुसन्धान अनुभव, विद्यार्थी र सहअनुसन्धानकर्ताको संलग्नता - ५२

(घ) अल्पसुविधा प्राप्त समूह - ८

(६) अनुसन्धानप्रस्ताव स्वीकृत भई आयोगले सूचना टाँस गरेर तोकेको मितिभित्र मनोनयनमा सहमति नजनाउने आवेदकको मनोनयन रद्द गरिनेछ,

(७) प्रस्ताव छनोटमा परेपछि आयोगले निश्चित समयसीमा तोकी सम्झौताका लागि अनुसन्धानकर्तालाई सूचना दिनेछ,

(८) अनुदान रकम निम्नानुसारले निकासा गरिनेछ :

| किस्ता | निकासा | सर्तहरू |
|---|---|---|
| प्रथम | ४०% | आयोग र अनुसन्धानकर्ताबीच सम्झौता भएपश्चात्, |
| दोस्रो | ४०% | प्रथम प्रगति प्रतिवेदन (First Progress Report) आयोगमा पेस गरेपश्चात्, |
| तेस्रो | २०% | अन्तिम प्रतिवेदनको मस्यौदा बुझाएपछि आयोगले विशेषज्ञद्वारा मूल्याङ्कन गराएर क्लस्टर समितिसमक्ष सफल प्रस्तुतीकरणपश्चात्, विशेषज्ञ तथा समितिका सदस्यहरूले दिएको सुझावअनुसार प्रतिवेदनलाई सुधार गरी एक प्रति गाताबन्दी (Hard Bound) गरिएको अन्तिम प्रतिवेदन र त्यसको विद्युतीय प्रति आयोगमा पेस गरी सम्झौताको प्रतिबद्धताबमोजिम समकक्षी मूल्याङ्कन जर्नलमा प्रकाशन वा प्रकाशनार्थ स्वीकृत भएको प्रमाण पेस गरिसकेपछि। |

(९) निर्धारित समयमा अनुसन्धान सम्पन्न नभएमा औचित्य हेरी अधिकतम ६ महिनासम्म समय थप गर्न सकिनेछ। समय थप गर्न आवश्यक भएमा अनुसन्धानकर्ताले सम्झौतापत्र बमोजिमको निर्धारित समयसीमा सकिनु अगावै समय थप गर्नु परेको कारण सहित आयोगमा निवेदन पेस गर्नु पर्नेछ। थप गरेको समयसीमाभित्र अनुसन्धान सम्पन्न गरेमा आयोगबाट निकासा हुन बाँकी रकम उपलब्ध गराइनेछ। त्यसपछि थप एक वर्षभित्र कार्य सम्पन्न भए बाँकी अनुदान उपलब्ध नगराउने गरी आयोगले फरफारक गर्न सक्नेछ। सो पनि हुन नसकेमा शारीरिक वा मानसिक अक्षमताका कारणबाहेक अन्य अवस्थामा निकासा गरिएको रकम सरकारी बाँकीसरह आयोगले असुलउपर गर्नेछ र भविष्यमा आयोगबाट कुनै पनि सुविधा उपलब्ध नगराउने गरी सुविधावञ्चित सूचीमा राखिनेछ।

(१०) सङ्ख्या निर्धारण प्रक्रिया :

यस कार्यक्रमका लागि तोकिएको कोटाको ५० प्रतिशत समानुपातिक रूपमा क्लस्टरअनुसार विभाजन गरिनेछ। बाँकी रहेको ५० प्रतिशत दोस्रो चरणको मूल्याङ्कनमा उपस्थित सङ्ख्याको आधारमा बाँडफाँड गरिनेछ।

## ९.२ फ्याकल्टी अनुसन्धान अनुदान (Faculty Research Grant)

यस कार्यक्रमको उद्देश्य स्नातकोत्तर वा त्यसमाथिका विद्यार्थीका शोधप्रबन्ध सुपरिवेक्षण गरिरहेका वा गर्न सक्ने फ्याकल्टीहरूलाई गुणस्तरीय शोधप्रबन्धको लागि उपयुक्त हुनसक्ने एक वा बढी फ्याकल्टीले सञ्चालन गर्ने अनुसन्धानका लागि सहयोग गर्नु हो। यस कार्यक्रमअन्तर्गत अनुसन्धानको वर्ग हेरी रु. ४,००,०००/ - (चार लाख) सम्म अनुदान प्रदान गरिनेछ। परियोजनाको अवधि १.५ वर्षसम्मको हुनेछ। यस वर्ष **अनुसूची-१३** मा उल्लेख

अध्यक्ष

भएबमोजिम प्राथमिकताका क्षेत्रमा (priority area) परेका ५० वटा अनुसन्धान परियोजनालाई प्रतिस्पर्धाका आधारमा यो अनुदान प्रदान गरिनेछ ।

**फ्याकल्टी अनुसन्धानका लागि न्यूनतम योग्यता**

(१) प्रमुख अनुसन्धानकर्ता (Principal Investigator) कम्तीमा शोधप्रबन्धसहितको स्नातकोत्तर उपाधि प्राप्त र समकक्षी मूल्याङ्कन जर्नलमा कम्तीमा एक मौलिक शोधलेख प्रकाशित गरेको शिक्षक हुनुपर्ने,

(२) अनुसन्धान कार्यमा कम्तीमा १ जना पूर्णकालीन शिक्षक सहअनुसन्धानकर्ता र दुई जना सम्भव भएसम्म सोही संस्थामा अध्ययनरत स्नातकोत्तर/स्नातक वा सोभन्दा माथिका विद्यार्थीहरूलाई संलग्न गराइएको हुनुपर्ने,

(३) शोधप्रबन्ध, शोधप्रकाशन, अनुसन्धान तालिम नभएका र स्नातकोत्तर उपाधिमात्र प्राप्त फ्याकल्टीले सहशोधकर्ताका रूपमा मात्र आवेदन दिन सक्नेछन्,

(४) यस कार्यक्रममा आवेदन दिने प्रमुख अनुसन्धानकर्ता कम्तीमा दुई वर्ष पूर्णकालीन शिक्षण गरेको हुनुपर्नेछ भने सहअनुसन्धानकर्ता शिक्षक कम्तीमा एक वर्ष पूर्णकालीन शिक्षण गरेको हुनुपर्नेछ ।

**आवेदन दिने प्रक्रिया निम्नबमोजिम रहेको छ :**

(१) फ्याकल्टी अनुसन्धानका लागि आयोगले सूचना प्रकाशित गरेपश्चात् तोकिएको अवधिभित्र निर्धारित ढाँचाअनुसारको फारम भरी आवेदन पेस गर्नुपर्नेछ । यस अनुसन्धानका लागि आवेदन **अनुसूची- ७** र **अनुसूची- ७.१** बमोजिमको फारम भरी विस्तृत विवरण पेस गर्नुपर्नेछ। सो फारम आयोगको वेबसाइटबाट पनि डाउनलोड गर्न सकिनेछ,

(२) आवेदनका साथ दरखास्त दस्तुर रु. ५००।- विश्वविद्यालय अनुदान आयोगको नाममा राष्ट्रिय वाणिज्य बैंक, सानोठिमी शाखाको खाता नम्बर १७३०१००००२१४००१ मा बुझाएको रसिद/भौचर संलग्न गर्नुपर्नेछ,

(३) आवेदनका साथ निम्नानुसारका कागजातहरू अनिवार्य रूपमा समावेश गर्नुपर्नेछ :

(क) कार्यरत संस्थाले दिएको नियुक्तिपत्रको प्रतिलिपि,
(ख) कार्यरत संस्थाको सिफारिसपत्रको सक्कल प्रति,
(ग) नेपाली नागरिकता/राष्ट्रिय परिचयपत्रको प्रमाणपत्रको प्रतिलिपि १ प्रति,
(घ) स्नातकोत्तर र सोभन्दा माथिको शैक्षिक प्रमाणपत्रको प्रतिलिपि,
(ङ) विदेशी विश्वविद्यालयबाट प्राप्त उपाधिको हकमा समकक्षता प्रमाणपत्रको प्रतिलिपि,
(च) आयोगले तोकेको ढाँचामा तयार पारेको प्रस्ताव ३ प्रति (अनुसन्धानकर्ताको परिचय खुल्ने कुनै पनि बेहोरा प्रस्तावमा उल्लेख नभएको हुनुपर्ने),
(छ) समकक्षीपुनरावलोकित जर्नलमा प्रकाशित शोधलेखको प्रतिलिपि,
(ज) सहअनुसन्धानकर्ताको आवेदन, नियुक्तिपत्र, शैक्षिक प्रमाणपत्र आदि ।

**(४) छनोट प्रक्रिया**

(क) आयोगमा प्राप्त प्रस्तावहरूमा आवेदकको परिचय नखुल्ने गरी कोड राखिनेछ,
(ख) आयोगमा पेस भएका प्रस्तावहरूलाई सम्बन्धित विषयगत समितिमार्फत दुई जना विषयगत विशेषज्ञबाट मूल्याङ्कन गराइनेछ,

अध्यक्ष

(ग) प्रस्ताव मूल्याङ्कनमा दुई जना विशेषज्ञको मूल्याङ्कनबाट औसत ५०% ल्याउने उम्मेदवार मात्र दोस्रो चरणको मूल्याङ्कनका लागि योग्य हुनेछन् ।

(घ) लेखरचना, शैक्षिक योग्यता तथा अल्पसुविधाप्राप्त समूहका लागि निर्धारण गरिएको अङ्क निर्देशिकामा उल्लिखित ढाँचामा भरिनेछ ।

(५) प्रस्ताव मूल्याङ्कन, प्रस्तुतीकरण, लेखरचना, शैक्षिक योग्यता तथा समावेशिताका लागि निम्नानुसारको अङ्क निर्धारण गरिएको छ :

मूल्याङ्कनको लागि अङ्क विभाजन देहायबमोजिम गरिएको छ :

(क) शोध प्रस्ताव मूल्याङ्कन - ८०

(ख) प्रस्तुतीकरण - ६०

(ग) शैक्षिक योग्यता, अनुसन्धानमूलक लेख प्रकाशन, अनुसन्धान अनुभव, विद्यार्थी र सहअनुसन्धानकर्ताको संलग्नता - ५२

(घ) अल्पसुविधा प्राप्त समूह - ८

(६) अनुसन्धान प्रस्ताव स्वीकृत भई आयोगले सूचना प्रकाशित गरेर तोकेको मितिभित्र मनोनयनमा सहमति नजनाउने आवेदकको मनोनयन रद्द गरिनेछ ।

(७) अनुदान रकम निम्नानुसारले निकासा गरिनेछ :

| किस्ता | निकासा | सर्तहरू |
|---|---|---|
| प्रथम | ४०% | आयोग र अनुसन्धानकर्ताबीच सम्झौता भएपश्चात्, |
| दोस्रो | ३०% | प्रथम प्रगति प्रतिवेदन (First Progress Report) आयोगमा पेस भएपश्चात्, |
| तेस्रो | २०% | दुई प्रति अन्तिम प्रतिवेदनको मस्यौदा बुझाएपछि आयोगले विशेषज्ञद्वारा मूल्याङ्कन गराएपछि क्लस्टर समितिसमक्ष सफल प्रस्तुतीकरणपश्चात्, |
| चौथो | १०% | विशेषज्ञ तथा समितिका सदस्यहरूले दिएको सुझावअनुसार प्रतिवेदनलाई सुधार गरी एक प्रति गाताबन्दी (Hard Bound) गरिएको अन्तिम प्रतिवेदन र त्यसका विद्युतीय प्रति आयोगमा पेस गरी सम्झौताको प्रतिबद्धताबमोजिम समकक्षी मूल्याङ्कन जर्नलमा प्रकाशन वा प्रकाशनार्थ स्वीकृत भएको प्रमाण पेस गरेपश्चात् । |

(८) निर्धारित समयमा अनुसन्धान सम्पन्न नभएमा औचित्य हेरी अधिकतम ६ महिनासम्म समय थप गर्न सकिनेछ । समय थप गर्न आवश्यक भएमा अनुसन्धानकर्ताले सम्झौतापत्र बमोजिमको निर्धारित समयसीमा सकिनु अगावै समय थप गर्नु परेको कारण सहित आयोगमा निवेदन पेस गर्नु पर्नेछ । थप गरेको समयसीमाभित्र अनुसन्धान सम्पन्न गरेमा आयोगबाट निकासा हुन बाँकी रकम उपलब्ध गराइनेछ । यसपछि थप एक वर्षभित्र कार्य सम्पन्न भए बाँकी अनुदान उपलब्ध नगराउने गरी आयोगले फरफारक गर्न सक्नेछ । सो पनि हुन नसकेमा शारीरिक वा मानसिक अक्षमताका कारणबाहेक अन्य अवस्थामा निकासा गरिएको रकम सरकारी बाँकीसरह आयोगले असुलउपर गर्दै भविष्यमा आयोगबाट कुनै पनि सुविधा उपलब्ध नगराउने गरी सुविधावञ्चित सूचीमा राखिनेछ,

अध्यक्ष

(९) सङ्ख्या निर्धारण प्रक्रिया

यस कार्यक्रमका लागि तोकिएको कोटाको ५० प्रतिशत समानुपातिक रूपमा क्लस्टरअनुसार विभाजन गरिनेछ। बाँकी रहेको ५० प्रतिशत दोस्रो चरणको मूल्याङ्कनमा उपस्थित सङ्ख्याको आधारमा बाँडफाँड गरिनेछ।

**९.३ सहकार्यात्मक अनुसन्धान अनुदान (Collaborative Research Grant)**

यस कार्यक्रमको उद्देश्य विश्वविद्यालयमा सहकार्यात्मक अनुसन्धान संस्कृतिको प्रवर्धन गर्नु, राष्ट्रिय प्राथमिकताका क्षेत्रमा सापेक्ष रूपमा ठूला अनुसन्धान परियोजना सञ्चालन गर्न सहयोग गरी राष्ट्रिय अनुसन्धान योगदानको वृद्धि गर्नु र विश्वविद्यालय शिक्षणलाई अनुसन्धानसँग आबद्ध गर्नु हो। यस कार्यक्रमअन्तर्गत एउटै वा विभिन्न शैक्षिक संस्थाहरू र अनुसन्धान संस्थाहरूका फ्याकल्टी सदस्य र अनुसन्धकर्ताहरूका बीच सहकार्यमा हुने एकल वा बहुविषयगत अनुसन्धानको शोध प्रस्तावलाई प्रतिस्पर्धाका आधारमा छनोट गरी अनुसन्धानको वर्ग हेरी रु. २०,००,००० (बीस लाख) सम्म अनुदान प्रदान गरिनेछ। परियोजनाको अवधि २.५ वर्ष रहनेछ। **अनुसूची-१३** मा उल्लेख भएबमोजिम प्राथमिकताका क्षेत्र (priority area) मा परेका अनुसन्धान परियोजनालाई प्रतिस्पर्धाका आधारमा यो अनुदान प्रदान गरिनेछ। प्राविधिक र प्रयोगशालामा आधारित अनुसन्धानका लागि आवश्यकताका आधारमा २ वर्षको लागि नियुक्त हुने गरी एक पोस्टडक्टरल फेलो समावेश गर्न सकिनेछ। यस्तो आवश्यकता आवेदनमा खुलाउनुपर्नेछ र छुट्टै आवेदन प्रक्रिया अपनाउनुपर्नेछ (पोस्टडक्टरल फेलोसम्बन्धी विस्तृत जानकारी खण्ड ख - ६.३ मा उल्लेख छ।)

**सहकार्यात्मक अनुसन्धानका लागि न्यूनतम योग्यता**

(१) प्रमुख अनुसन्धानकर्ता (Principal Investigator) विद्यावारिधि उपाधि प्राप्त र सो उपाधि प्राप्त गरे पश्चात कम्तीमा तीन वर्ष पूर्णकालीन/स्थायी रूपमा कार्य गरेको हुनुपर्नेछ,

(२) प्रमुख अनुसन्धानकर्ताले विगत पाँच बर्षमा सूचीकृत जर्नलमा कम्तीमा तीनवटा मौलिक शोधलेख प्रथम लेखक/सहलेखक भई प्रकाशन गरेको हुनुपर्नेछ वा Q1/Q2 ranked जर्नलमा कम्तीमा दुईवटा मौलिक शोधलेख प्रकाशन गरेको हुनुपर्नेछ,

(३) यस कार्यक्रममा आवेदन दिन सहशोधकर्ताहरूले कम्तीमा एक वर्ष पूर्णकालीन शिक्षण/अनुसन्धान गरेको हुनुपर्नेछ,

(४) सहशोधकर्ताले समकक्षी पुनरवलोकित जर्नलमा विगत पाँच बर्षमा कम्तिमा दुईवटा मौलिक शोधलेख प्रकाशन गरेको हुनुपर्नेछ, वा Q1/Q2 ranked जर्नलमा कम्तीमा एउटा मौलिक शोधलेख प्रकाशन गरेको हुनुपर्नेछ,

(५) अनुसन्धान कार्यमा कम्तीमा दुई जना फ्याकल्टी र सम्भव भएसम्म सोही संस्थामा अध्ययनरत तीन जना स्नातकोत्तर वा सोभन्दा माथिका विद्यार्थीहरूलाई संलग्न गराउनुपर्नेछ र विद्यार्थी संलग्न गराउन सूचना जारी गर्नुपर्नेछ।

**आवेदन दिने प्रक्रिया निम्नबमोजिम रहेको छ :**

(१) यस अनुसन्धानका लागि आयोगले सूचना प्रकाशित गरेपश्चात् तोकिएको अवधिभित्र निर्धारित ढाँचाअनुसारको फारम भरी आवेदन पेस गर्नुपर्नेछ। म्याद नाघी प्राप्त हुने र रीत नपुगेका आवेदनउपर कुनै कारबाही हुने छैन। अनुसन्धानका लागि निर्धारित समयसीमाभित्र तोकिएको ढाँचामा विस्तृत प्रस्ताव

अध्यक्ष

**अनुसूची- ७** र **अनुसूची - ७.१** बमोजिमको फारम भरी विवरण पेस गर्नुपर्नेछ । सो फारम आयोगको वेबसाइटबाट पनि डाउनलोड गर्न सकिनेछ ।

(२) आवेदनका साथ दरखास्त दस्तुर रु. १,०००।- विश्वविद्यालय अनुदान आयोगको नाममा राष्ट्रिय वाणिज्य बैंक, सानोठिमी शाखाको खाता नम्बर १७३०१०००००२१४००१ मा बुझाएको रसिद/ भौचर संलग्न गर्नुपर्नेछ ।

(३) आवेदनका साथ निम्नानुसारका कागजातहरू अनिवार्य रूपमा समावेश गर्नुपर्नेछ :

(क) कार्यरत संस्थाले दिएको नियुक्तिपत्रको प्रतिलिपि,

(ख) कार्यरत संस्थाको सिफारिसपत्रको सक्कल प्रति,

(ग) नेपाली नागरिकता/राष्ट्रिय परिचयपत्रको प्रमाणपत्रको प्रतिलिपि १ प्रति,

(घ) स्नातकोत्तर र सोभन्दा माथिको शैक्षिक प्रमाणपत्रको प्रतिलिपि १ प्रति,

(ङ) विदेशी विश्वविद्यालयबाट प्राप्त उपाधिको हकमा समकक्षता प्रमाणपत्रको प्रतिलिपि,

(च) आयोगले तोकेको ढाँचामा तयार पारेको प्रस्ताव ३ प्रति (अनुसन्धानकर्ताको परिचय खुल्ने कुनै पनि बेहोरा प्रस्तावमा उल्लेख नभएको हुनुपर्ने),

(छ) सूचीकृत जर्नलमा प्रकाशित शोधलेखको प्रतिलिपि,

(ज) सहअनुसन्धानकर्ताको आवेदन फारम, नागरिकता, कार्यरत संस्थाको नियुक्तिपत्र, शैक्षिक प्रमाणपत्रलगायतका प्रतिलिपि ।

**(४) छनोट प्रक्रिया**

(क) आयोगमा प्राप्त प्रस्तावहरूमा आवेदकको परिचय नखुल्ने गरी कोड राखिनेछ,

(ख) आयोगमा पेस भएका प्रस्तावहरूलाई सम्बन्धित विषयगत समितिमार्फत दुई जना विषयगत विशेषज्ञबाट मूल्याङ्कन गराइनेछ,

(ग) प्रस्ताव मूल्याङ्कनमा दुई जना विशेषज्ञको मूल्याङ्कनबाट औसत ५० प्रतिशत ल्याउने उम्मेदवार मात्र दोस्रो चरणको मूल्याङ्कनका लागि योग्य हुनेछ,

(घ) लेखरचना, शैक्षिक योग्यता तथा अल्पसुविधा प्राप्त समूहका लागि निर्धारण गरिएको अङ्क निर्देशिकामा उल्लिखित ढाँचामा भरिनेछ ।

(५) प्रस्ताव मूल्याङ्कन, प्रस्तुतीकरण, लेखरचना, शैक्षिक योग्यता तथा समावेशिताका लागि निम्नानुसारको अङ्क निर्धारण गरिएको छ :

(क) शोध प्रस्ताव मूल्याङ्कन - ८०

(ख) प्रस्तुतीकरण - ६०

(ग) शैक्षिक योग्यता, अनुसन्धानमूलक लेखप्रकाशन, अनुसन्धान अनुभव, विद्यार्थी र सहअनुसन्धानकर्ताको संलग्नता - ५२

(घ) अल्पसुविधाप्राप्त समूह - ८

(६) अनुसन्धान प्रस्ताव स्वीकृत भई आयोगले सूचना टाँस गरेर तोकेको मितिभित्र मनोनयनमा सहमति नजनाउने आवेदकको मनोनयन रद्द गरिनेछ,

(७) अनुदान रकम निम्नानुसारले निकासा गरिनेछ :

अध्यक्ष

| किस्ता | निकासा | सर्तहरू |
|---|---|---|
| प्रथम | ४०% | आयोग र अनुसन्धानकर्ताबीच सम्झौता भएपश्चात्, |
| दोस्रो | ३०% | प्रथम प्रगति प्रतिवेदन( First Progess Report) आयोगमा पेस गरेपश्चात्, |
| तेस्रो | २०% | दुई प्रति अन्तिम प्रतिवेदनको मस्यौदा बुझाएर आयोगले विशेषज्ञद्वारा मूल्याङ्कन गराएर क्लस्टर समितिसमक्ष सफल प्रस्तुतीकरणपश्चात्, |
| चौथो | १०% | विशेषज्ञ तथा समितिका सदस्यहरूले दिएको सुझावअनुसार प्रतिवेदनलाई सुधार गरी एक प्रति गाताबन्दी (Hard Bound) गरिएको अन्तिम प्रतिवेदन र त्यसको विद्युतीय प्रति आयोगमा पेस गरी सम्झौताको प्रतिबद्धताबमोजिम पिअर रिभ्युड जर्नलमा प्रकाशन वा प्रकाशनार्थ स्वीकृत भएको प्रमाण पेस गरेपश्चात् । |

(८) निर्धारित समयमा अनुसन्धान सम्पन्न नभएमा औचित्य हेरी अधिकतम ६ महिनासम्म समय थप गर्न सकिनेछ। समय थप गर्न आवश्यक भएमा अनुसन्धानकर्ताले सम्झौतापत्र बमोजिमको निर्धारित समयसीमा सकिनु अगावै समय थप गर्नु परेको कारण सहित आयोगमा निवेदन पेस गर्नु पर्नेछ । थप गरेको समयसीमाभित्र अनुसन्धान सम्पन्न गरेमा आयोगबाट निकासा हुन बाँकी रकम उपलब्ध गराइनेछ। त्यसपछि थप एक वर्षभित्र कार्य सम्पन्न भए बाँकी अनुदान उपलब्ध नगराउने गरी आयोगले फरफारक गर्न सक्नेछ । सो पनि हुन नसकेमा शारीरिक वा मानसिक असक्षमताका कारणबाहेक अन्य अवस्थामा निकासा गरिएको रकम सरकारी बाँकीसरह आयोगले असुल गर्दै भविष्यमा आयोगबाट कुनैपनि सुविधा उपलब्ध नगराउने गरी सुविधावञ्चित सूचीमा राखिनेछ ।

(९) सङ्ख्या निर्धारण प्रक्रिया

यस कार्यक्रमका लागि तोकिएको कोटाको ५०% समानुपातिक रूपमा क्लस्टरअनुसार विभाजन गरिनेछ। बाँकी रहेको ५०% दोस्रो चरणको मूल्याङ्कनमा उपस्थित सङ्ख्याको आधारमा बाँडफाँड गरिनेछ ।

## ९.४ अनुसन्धान विकास र नवप्रवर्तनको लागि म्याचिङ अनुदान (Matching Grant for Research Development and Innovation)

यस कार्यक्रमको उद्देश्य विश्वविद्यालयमा हुने अनुसन्धान विकास र नवप्रवर्तनको परियोजनाहरूमा उद्योग र अन्य क्षेत्रको अनुदानलाई उत्प्रेरित गर्नु हो । विश्वविद्यालयमा सञ्चालित कुनै पनि अनुसन्धान विकास र नवप्रवर्तनको परियोजनामा पब्लिक संस्थाहरूसँग संयुक्त कार्यक्रम गरी छनोट भएका प्रस्तावलाई पब्लिक संस्थाले प्रतिबद्धता गरेअनुसारको अनुदान (बढीमा सोही बराबरको रकम) आयोगले थप्नेछ। यस कार्यक्रमअन्तर्गतको परियोजनामा आयोगले बेहोर्ने अनुदानको सीमा रु.१००,०००/- (एक लाख) देखि रु. १५,००,०००/- (पन्ध्र लाख) बीच रहनेछ। यस कार्यक्रमअन्तर्गतको अनुदानको लागि आवेदक फ्याकल्टी वा अनुसन्धान टोलीले बाह्य दाताको अनुदान प्रतिबद्धताको प्रमाणका साथ आवेदन दिनुपर्नेछ। यस वर्ष ५ वटा यस्ता परियोजनालाई सहयोग गर्ने योजना गरिएको छ। आयोगले निश्चित समयसीमा तोकी प्रस्ताव माग गरेको समयमा आवेदन बुझाउने उम्मेदवारलाई मात्र प्रतिस्पर्धाका आधारमा अनुदान उपलब्ध गराइनेछ ।

आवेदन, मूल्याङ्कन, छनोट र अनुदान घोषणाको लागि आयोगले प्रदान गर्ने अनुसन्धान अनुदानहरूमध्ये रकमको आधारमा देहायबमोजिम जुन अनुदानसँग नजिक छ त्यही अनुदानको कार्यविधि अपनाइनेछ :

अध्यक्ष

| क्र.सं. | प्रायोजकले प्रतिबद्धता जनाएको रकम (आयोगले बराबर रकम थप्नेछ) | कार्यविधि |
|---|---|---|
| १. | रु.१००,००० - २,००,००० | लघुअनुसन्धान विकास र नवप्रवर्तन अनुदान कार्यविधिअनुसार |
| २. | रु.२,००,००० -४,००,००० | फ्याकल्टी अनुसन्धान अनुदान कार्यविधिअनुसार |
| ३. | रु.७,५०,००० - १५,००,००० | सहकार्यात्मक अनुसन्धान अनुदान कार्यविधिअनुसार |

### ९.५ विशेष अनुसन्धान (Special Research)

यस कार्यक्रमको उद्देश्य आवश्यकतामा आधारित अनुसन्धानलाई सहयोग गर्नु हो । राष्ट्रिय महत्व भएका वा जरुरी विषयमा गरिने वैज्ञानिक अनुसन्धान र आयोग एवं विश्वविद्यालयहरू र सरकारी निकायहरूलाई आवश्यक वा उपयोगी हुने नीतिगत अनुसन्धानलाई यस कार्यक्रमअन्तर्गत सहयोग गरिनेछ । सामान्यतया आयोगले नै विषय तोकी योग्य अनुसन्धानकर्ता र संस्थाहरूलाई शोध प्रस्ताव पेस गर्न आह्वान गर्नेछ । यस कार्यक्रमका लागि आयोगले विस्तृत कार्यविधि बनाई कार्यक्रम सञ्चालन गर्नेछ । यस वर्ष २ वटा नीतिगत अनुसन्धान परियोजना सञ्चालन गर्ने योजना रहेको छ । यस कार्यक्रमका लागि सामान्यतया सहकार्यात्मक अनुसन्धानका लागि तोकिएको सर्त लागु हुनेछ ।

### ९.६ बाह्य अनुसन्धान सहकार्य (Extramural Research Collaboration)

आयोगको अनुदान सहयोगमा शैक्षिक संस्थामा सञ्चालन हुने सबै प्रकारका अनुसन्धान परियोजनामा मान्यता प्राप्त अन्तर्राष्ट्रिय विश्वविद्यालय (विश्व वरीयतामा १००० भित्र परेको) र अनुसन्धान संस्थाका फ्याकल्टी वा अनुसन्धानकर्ताबीच अनुसन्धान सहकार्यलाई प्रोत्साहन गरिनेछ । यस्ता सहकार्यका परियोजनामा प्रमुख शोधकर्ता नेपालको विश्वविद्यालयको फ्याकल्टी हुनुपर्नेछ । बाह्य संस्थाका फ्याकल्टी र अनुसन्धानकर्ताले अनुसन्धान परियोजनाको सहशोधकर्ताका रूपमा मात्र सहकार्य गर्न पाउनेछन् । आयोगको अनुदान सहयोगमा नेपाल बाहिरका विश्वविद्यालय र अनुसन्धान संस्थासँग सहकार्य गर्दा निम्नलिखित सर्तहरू पालना गर्नुपर्नेछ :

(क) अनुसन्धान परियोजनाका प्रमुख शोधकर्ता नेपालका विश्वविद्यालयको फ्याकल्टी हुनुपर्नेछ,

(ख) विदेशका राष्ट्रिय निकाय/बोर्डको मान्यताप्राप्त विश्वविद्यालय र अनुसन्धान संस्थाका फ्याकल्टी र अनुसन्धानकर्ता सहशोधकर्ता हुनुपर्नेछ,

(ग) बाह्य संस्थाका सहशोधकर्ताको न्यूनतम योग्यता पिएच.डी. उपाधि र अनुसन्धान प्रकाशनको प्रामाणिक अभिलेख (सूचीकृत जर्नलमा कम्तीमा ३ वटा मौलिक शोधलेख प्रकाशन भएको) हुनुपर्नेछ,

(घ) बाह्य संस्थाका सहशोधकर्ताले आवेदनसँगै संस्थाप्रमुखको हस्ताक्षरसहितको स्वीकृतिपत्र पेस गर्नुपर्नेछ,

(ङ) अनुसन्धानको मुख्य अंश नेपालको शैक्षिक/अनुसन्धान संस्थामा सञ्चालन हुनुपर्नेछ,

(च) कुनै पनि प्रयोग र अध्ययन गर्नुपर्दा त्यसको लागि सुविधा उपलब्ध भएसम्म नेपालमा नै गर्नुपर्नेछ । नेपालमा उपलब्ध नभएका सुविधा र गुणस्तरको लागि आवश्यक भएमा मात्र बाह्य संस्थामा प्रयोग र अध्ययन गर्न सकिनेछ,

(छ) अनुसन्धानको सामग्री, नमुना र प्रविधि ओसारपसार गर्नुपरेमा नेपालको कानुन, अनुसन्धान आचारसंहिता र निर्देशिका पालना गर्नुपर्नेछ,

(ज) विदेशी सहशोधकर्ताको हकमा बेहोरिने भिसालगायत सम्पूर्ण दायित्व सम्बन्धित संस्थाको हुनेछ ।

अध्यक्ष

## ९.७ जर्नलमा शोधलेख प्रकाशन सहयोग (Support for Publication of Research Articles)

यस कार्यक्रमअन्तर्गत आयोगबाट अनुदान प्राप्त उच्च शैक्षिक संस्थामा पूर्णकालीन रूपमा कार्यरत शिक्षक/अनुसन्धानकर्तालाई सो अनुसन्धानमा आधारित शोधलेख उच्च प्रभाव अङ्क भएका अन्तर्राष्ट्रिय सूचीकृत जर्नलमा (Indexed Journal with Impact Factor & Ranking ) प्रकाशित गर्दा लाग्नसक्ने प्रकाशन शुल्क बेहोरिनेछ । आयोगले बेहोर्ने रकमको सीमा रु.७५,००० तोकिएको छ । यस कार्यक्रम अन्तर्गत वर्षमा बढीमा दईवटा सम्म लेखहरु प्रकाशन गर्न सहयोग गरिनेछ । तर Q3/Q4 मा बर्गिकृत भएको एउटा लेखलाई मात्र सहयोग उपलब्ध हुनेछ । सहयोगका लागि आवेदक, मुख्य अन्वेषक वा सम्पर्क लेखक (corresponding author) हुनुपर्नेछ । शोधप्रकाशन सहयोग प्राप्त गर्नका लागि जर्नल open access हुनुपर्नेछ । आवेदकले प्रकाशन शुल्क तिरेको ६ महिनाभित्र शोधभर्नाका लागि निवेदन दिनु पर्नेछ । आवेदकले प्रकाशनार्थ पेस गरेका शोधलेखको पाण्डुलिपि, प्रकाशनको लागि स्वीकृत भएको पत्र, प्रकाशन शुल्क तिरेको रकम खुल्ने बिल र आवेदक कार्यरत रहेको संस्थाको सिफारिससहित **अनुसूची-८** बमोजिमको फारम भरी आवेदन दिनुपर्नेछ। Predatory जर्नलमा प्रकाशित लेखहरुलाई कुनै अनुदान दिइने छैन ।

## ९.८ उत्कृष्टताका केन्द्रहरू स्थापनार्थ सहयोग (Support for the establishment of center of excellence)

यस कार्यक्रमको उद्देश्य विश्वविद्यालयहरूमा अध्ययन/अध्यापन र अनुसन्धानको गुणस्तर सुनिश्चित गरी नवप्रवर्तनात्मक कार्यलाई प्राथमिकता दिई विशिष्टीकृत विषयमा उत्कृष्टता केन्द्रहरू बनाउनु हो । यस कार्यक्रमसँग सम्बन्धित प्रस्ताव तथा सङ्ख्या आयोगले आवश्यकता र उपलब्ध स्रोतको आधारमा निर्धारण गर्नेछ । यस कार्यक्रममा सहभागी हुन चाहने संस्थाले **अनुसूची- ८.२** बमोजिमको आवेदन फारम भरेको हुनुपर्नेछ र निम्नानुसारका सर्तहरूसमेत पालना गरेको हुनुपर्नेछ :

(क) मुलुकका विश्वविद्यालय तथा सो सरहका उच्च शैक्षिक संस्थाहरू हुनुपर्ने,

(ख) प्रस्तावना सम्बन्धित विश्वविद्यालय वा सोसरहका उच्च शैक्षिक संस्थाहरूको उपकुलपतिबाट स्वीकृत भएको हुनुपर्ने,

(ग) एक विश्वविद्यालयले बढीमा २ वटा प्रस्ताव पेस गर्नसक्ने (एकभन्दा बढी प्रस्ताव पेस गरेको अवस्थामा सम्बन्धित विज्ञहरू दोहोरिन पाइनेछैन),

(घ) यस कार्यक्रममा सहभागी हुन थप न्यूनतम सर्त तथा मूल्याङ्कनका आधार आयोगले निर्धारण गरेबमोजिम हुनेछन् ।

## ९.९ राष्ट्रिय महत्वका विषयमा नवप्रवर्द्धनात्मक प्राविधिक तथा वैज्ञानिक अनुसन्धान (Innovative Technical and Scientific Research in the Areas of National Importance and Priority)

राष्ट्रिय शिक्षा नीति २०७६, विज्ञान प्रविधि र नवप्रवर्द्धन नीति २०७६, सोह्रौं आवधिक योजना तथा आयोगको वार्षिक नीति कार्यक्रम तथा बजेटमा समावेश भएको राष्ट्रिय महत्वका विषयमा नवप्रवर्तनात्मक प्राविधिक तथा वैज्ञानिक अनुसन्धान कार्यक्रमले सरकारका प्राथमिकता प्राप्त क्षेत्रमा परिणाममुखी अनुसन्धान गर्ने अपेक्षा राखेको छ । यस कार्यक्रका लागि विश्वविद्यालयका अनुसन्धान केन्द्रहरू, विश्वविद्यालयका सङ्काय/स्कुलहरू, उच्च शैक्षिक संस्था, प्रतिष्ठानबाट ऊर्जा, यातायात, पर्यटन, कृषि, शिक्षा, स्वास्थ्य, खाद्यसुरक्षा, वनविज्ञान, वातावरण, पहाडी अर्थव्यवस्था, सहरी विकास, वैदेशिक रोजगारी, सामाजिक विकास आदि विषयक्षेत्रहरूमा अनुसन्धान गरी **समृद्ध नेपाल सुखी नेपाली** भन्ने राष्ट्रिय लक्ष्यमा योगदान पुर्‍याउने अपेक्षासमेत

अध्यक्ष

गरिएको छ । नेपाल सरकारले आयोगलाई विषय खुलाई अनुसन्धान गरिदिन भनी लेखेर आएमा समेत आयोगले यस कार्यक्रममार्फत अनुसन्धानका कार्यहरू अगि बढाउनेछ ।

**आवेदनका लागि योग्यता**

(क) विश्वविद्यालयका अनुसन्धान केन्द्रहरू, सङ्काय/स्कुलहरू/केन्द्रीय विभाग तथा क्याम्पसहरू,

(ख) अन्य सर्तहरू दफा ९.३ मा तोकिएबमोजिम हुनेछ,

(ग) शोध प्रस्ताव र अनुसन्धानको प्रकृति हेरी आयोगले बजेटको परिधिभित्र रही अनुदान रकम निर्धारण गर्नेछ ।

**९.९.१ सहकार्यात्मक तथा नवप्रवर्तन अनुसन्धान अनुदान**

यस अनुदानको मुख्य उद्देश्य नवीनतम तथा समतामूलक सहकार्यात्मक अनुसन्धान परियोजनाहरूको विकासलाई बढावा दिनु हो । यो अनुदानअन्तर्गत अनुसन्धानकर्ताहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सहकार्य गर्न सहज बनाइनेछ । यस अनुदानले अन्वेषकहरूको संस्थागत आदानप्रदान, प्रकाशनहरू र बौद्धिक सम्पत्ति अधिकार साझेदारीका साथ अन्तर्राष्ट्रिय वैज्ञानिक सहकार्यका पनि लक्ष्य लिएको छ । यस अनुदानले सरकारको सोह्रौं आवधिक योजना, राष्ट्रिय शिक्षा नीति-२०७६, विज्ञान प्रविधि तथा नवप्रवर्तन (STI) नीति २०७६, का साथै राष्ट्रिय उच्चशिक्षा कार्यक्रम फ्रेमवर्कमा (National Higher Education Program Framework) परिकल्पना गरिएअनुसार विज्ञान र इन्जिनियरिङ सङ्कायमा समान महिला सहभागिता बढाउने लक्ष्यमा पनि योगदान पुऱ्याउने रहेको छ ।

**सहकार्यात्मक तथा नवप्रवर्तनात्मक अनुसन्धानका लागि न्यूनतम योग्यता**

(१) प्रमुख तथा सहअनुसन्धानकर्ता (Principal and Co-Investigator) पिएच.डी. उपाधि प्राप्त हुनुपर्नेछ,

(२) प्रमुख अनुसन्धानकर्ताले सूचीकृत जर्नलमा कम्तीमा पाँचवटा मौलिक शोधलेख प्रमुख लेखक भई प्रकाशन गरेको अथवा Q1/Q2 ranked जर्नलमा कम्तीमा तीनवटा मौलिक शोधलेख प्रमुख लेखक भई र कम्तीमा दुईवटा मौलिक शोधलेख सहलेखक भई प्रकाशन गरेको हुनुपर्नेछ,

(३) प्रमुख अनुसन्धानकर्ताको रूपमा कम्तीमा एउटा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको अनुसन्धान परियोजना पूरा गरेको हुनुपर्नेछ,

(४) अनुसन्धान कार्यमा कम्तीमा दुई जना फ्याकल्टी (राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहअनुसन्धानकर्ता) संलग्न गराउनुपर्नेछ,

(५) सहअनुसन्धानकर्ताले सूचीकृत जर्नलमा कम्तीमा दुईवटा मौलिक शोधलेख प्रमुख लेखक भई प्रकाशन गरेको अथवा Q1/Q2 ranked जर्नलमा कम्तीमा एउटा मौलिक शोधलेख प्रमुख लेखक भई वा विगत पाँच वर्षमा सहलेखक भई दुइवटा मौलिक लेख प्रकाशन गरेको हुनुपर्नेछ,

(६) अन्तर्राष्ट्रिय अनुसन्धानकर्ता Times Higher Education World University Rankings वा QS World University Rankings को शीर्ष १००० भित्रको संस्थाबाट हुनुपर्नेछ ।

**९.९.२ एकस्व अधिकार सहयोग (Support for Patent)**

आयोगले विश्वविद्यालय/उच्च शैक्षिक संस्थाहरूमा भइरहेका वैज्ञानिक अनुसन्धानहरूलाई आविष्कारका रूपमा प्याटेन्ट गर्न प्रोत्साहित गर्ने उद्देश्यले उच्च शैक्षिक संस्थाहरूमा पूर्णकालीन रूपमा कार्यरत शिक्षक तथा अनुसन्धानकर्तालाई आफ्नो बौद्धिक कार्य प्याटेन्ट गर्नुपर्दा लाग्नसक्ने आवेदन तथा प्रक्रिया शुल्क बेहोर्ने छ । आयोगले बेहोर्ने रकमको सीमा रु. ५ लाखसम्म तोकिएको छ । यस कार्यक्रमअन्तर्गत यो वर्ष २ वटा प्याटेन्ट



अध्यक्ष

प्रस्ताव दर्ता गरेका शिक्षक तथा अनुसन्धानकर्तालाई  सहयोग प्रदान गरिनेछ । यस कार्यक्रममा आवेदन दिंदा **अनुसूची ८.१** को फारम भरी निम्नानुसारका कागजात पेस गर्नुपर्नेछ :

(क) कार्यरत संस्थाले दिएको नियुक्तिपत्रको प्रतिलिपि,

(ख) अनुसन्धानसम्बन्धी कागजातको प्रतिलिपि

(ग) प्याटेन्ट दर्ता गरेको प्रमाण/इनभोइस आदि,

(घ) प्याटेन्ट दर्ता भएको प्रमाणपत्र ।

**९.१० उच्च शैक्षिक संस्थाहरूमा इन्क्युबेशन केन्द्र स्थापनार्थ सहयोग (Support for Establishing Incubation Center in HEIs)**

यस कार्यक्रमको उद्देश्य नेपालका उच्च शैक्षिक संस्थाहरूमा नवप्रवर्तन र उद्यमशीलता संस्कृतिलाई प्रवर्द्धन गर्नु हो । उद्यम विकास मानसिकता र स्वरोजगारी सिर्जनाको लागि यस कार्यक्रमको महत्वपूर्ण भूमिका रहने अपेक्षा राखिएको छ । यसले नयाँ कम्पनीहरू र रोजगारीहरू सिर्जना गर्न, नयाँ बजारहरूको पहिचान गर्न र नयाँ सीप र क्षमताहरूको अभिवृद्धि गर्न मदत गर्नेछ । नेपाल सरकारले विकास योजना र नीतिहरूमा उद्यमशीलता कार्यक्रमलाई जोड दिँदै नवीन उद्यम र व्यवसाय सञ्चालनका लागि स्टार्ट-अप पुँजी विस्तार गर्न नवीनतम स्टार्ट-अप पुँजी ऋण प्रवाह प्रक्रिया-२०७७ ल्याएको छ । यस कार्यक्रमले राष्ट्रिय प्राथमिकता र लक्ष्यहरूलाई आत्मसात् गर्दै उद्यमशीलताको भावनालाई बढावा दिन तथा विद्यार्थी र सङ्कायहरूलाई नयाँ उद्यमहरू सिर्जना गर्न उत्प्रेरित गर्ने उद्देश्यका साथ उच्च शैक्षिक संस्थाहरूमा उद्यमशीलता पर्यावरण निर्माण गर्छ । इन्क्युबेसन केन्द्रले विशेष गरी शिक्षक तथा विद्यार्थीहरूलाई विभिन्न किसिमका तालिमहरू, नवप्रवर्तनात्मक सोचको उत्पादन र सहजीकरण, स्टार्ट-अपको लागि वित्तीय सहयोग, अन्य प्राविधिक सहयोग, सामुदायिक पहुँचजस्ता महत्वपूर्ण कार्यहरू गर्ने अपेक्षा गरेको छ । यो कार्यक्रम आयोगले तयार गरेको निर्देशिकाअनुसार कार्यान्वयन गरिनेछ ।

अध्यक्ष

## उपखण्ड - दुई

## क्षमता अभिवृद्धि, भ्रमण तथा अन्य विशेष कार्यक्रमहरू

यस कार्यक्रमअन्तर्गत छोटो अवधिका क्षमता अभिवृद्धि कार्यक्रम, वैदेशिक भ्रमण तथा उच्चशिक्षाको पारस्परिक सम्बन्ध तथा साझा नीति अवलम्बन गर्न विभिन्न देशमा आयोजना हुने अन्तर्राष्ट्रिय स्तरका कार्यक्रममा सहभागी हुन आर्थिक सहयोग पुऱ्याइनेछ ।

### १०. क्षमता विकास कार्यक्रम (Capacity Development Program)

विश्वविद्यालय र सम्बन्धन प्राप्त क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न निम्नानुसारका कार्यक्रमहरू रहनेछन् र यस अन्तर्गत पर्ने कार्यक्रमहरुमा आयोगबाट प्रत्यायनकृत उच्च शैक्षिक संस्थाहरुलाई कार्यक्रम सञ्चालन लागि प्राथमिकता दिइने छ ।

### १०.१ पुनर्ताजगी तालिम (Refresher Course)

विश्वविद्यालयअन्तर्गतका सङ्काय, डीनको कार्यालय, अनुसन्धान केन्द्र, केन्द्रीय विभाग, आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसमा कार्यरत शिक्षकहरूलाई विषयगत पाठ्यक्रम/पाठ्यांशमा पुनर्ताजगी तालिम गराउनु, समयसमयमा परिवर्तन हुने पाठ्यक्रम तथा नयाँ अध्यापन विधिबारे अद्यावधिक गराउनु यस कार्यक्रमको मुख्य उद्देश्य हो । पुनर्ताजगी तालिम/कार्यशाला कार्यक्रमको विषयवस्तु स्नातक/स्नातकोत्तर/एम.फिल/विद्यावारिधि तहका पाठ्यक्रमसँग सम्बन्धित हुनुपर्नेछ । यस कार्यक्रमअन्तर्गत करिब **३०** वटा संस्थालाई अनुदान दिइनेछ तर प्राप्त प्रस्ताव र कागजातहरूको आधारमा बजेटको परिधि भित्र रही कोटा थप/घट हुन सक्नेछ । सञ्चालन गर्न चाहेको कार्यक्रमलाई **अनुसूची-९** मा उल्लेख भएको फारमबमोजिमको ढाँचामा रीतपूर्वकको प्रस्ताव तयार गरी निर्धारित समयभित्र आयोगको कार्यालयमा पेस गर्नुपर्नेछ । सो फारम आयोगको वेबसाइटबाट पनि डाउनलोड गर्न सकिनेछ । यस कार्यक्रमअन्तर्गत अनुदान रकम कम्तीमा ३ दिन सञ्चालन गर्ने गरी बढीमा रु. **२,००,०००/-** सम्म उपलब्ध गराइने छ भने सोभन्दा माथि थप २ दिनका लागि रु. २५ हजारका दरले ५ दिनसम्मको बढीमा रु. **३,००,०००/-** सम्म अनुदान रकम उपलब्ध गराइनेछ । कार्यक्रम सम्पन्न गरी **अनुसूची-९** मा राखिएको आवेदन फारममा उल्लेख गरिएका विवरण प्राप्त भएपश्चात् अनुदान रकम भुक्तानी गरिनेछ ।

### १०.२ क्षमता विकास तालिमहरू (Capacity Development Trainings)

विश्वविद्यालयअन्तर्गतका सङ्काय, डीनको कार्यालय, अनुसन्धान केन्द्र, विभागहरू, आङ्गिक तथा सम्बन्धन प्राप्त उच्च शिक्षण संस्थाद्वारा प्रस्ताव गरिएअनुसार शिक्षक तथा कर्मचारीको क्षमता अभिवृद्धि गर्नका लागि विभिन्न किसिमका तालिमहरू सञ्चालन गरिनेछन् । यस कार्यक्रमअन्तर्गत करिब १०० वटा संस्थालाई अनुदान दिइनेछ तर प्राप्त प्रस्ताव र कागजातहरूको आधारमा बजेटको परिधि भित्र रही कोटा थप/घट हुन सक्नेछ । सञ्चालन गर्न चाहेको कार्यक्रमलाई **अनुसूची-९** म उल्लेख भएको फारमबमोजिमको ढाँचामा रीतपूर्वकको प्रस्ताव तयार गरी निर्धारित समयभित्र आयोगको कार्यालयमा पेस गर्नुपर्नेछ । सो फारम आयोगको वेबसाइटबाट पनि डाउनलोड गर्न सकिनेछ । यस कार्यक्रमअन्तर्गत अनुदान रकम कम्तीमा ३ दिन सञ्चालन गर्ने गरी बढीमा रु.१,५०,०००/- उपलब्ध

अध्यक्ष

गराइनेछ भने सोभन्दा माथि थप २ दिनका लागि रु. २५ हजारका दरले ५ दिनसम्मको बढीमा रु. २,००,०००/- सम्म अनुदान रकम उपलब्ध गराइनेछ। कार्यक्रम सम्पन्न गरी **अनुसूची-९** मा राखिएको आवेदन फारममा उल्लेख गरिएका विवरण प्राप्त भएपश्चात् अनुदान रकम भुक्तानी गरिनेछ।

### १०.३ अनुसन्धान तालिम (Research Training)

विश्वविद्यालयका विषयसमिति, सङ्काय, डीनको कार्यालय, अनुसन्धान केन्द्र, विभागहरू, आङ्गिक तथा सम्बन्धन प्राप्त उच्च शैक्षिक संस्थाद्वारा प्रस्ताव गरिएअनुसार शिक्षकहरूको अनुसन्धान गर्ने/गराउने सीपको विकास गरी अनुसन्धानात्मक क्षमता अभिवृद्धि गर्नु, अनुसन्धान र उच्चशिक्षाको अन्योन्याश्रित सम्बन्धलाई अनुसन्धान संस्कृतिको रूपमा संस्थागत गर्नु अनुसन्धानविधि तालिमको मुख्य उद्देश्य रहेको छ। विशेष अवस्थामा एम.फिल. र विद्यावारिधि तहमा अध्ययनरत विद्यार्थीहरूसमेतलाई यस कार्यक्रममा सहभागी गराउन सकिनेछ। यस कार्यक्रमअन्तर्गत करिब ८० वटा संस्थालाई अनुदान दिइनेछ तर प्राप्त प्रस्ताव र कागजातहरूको आधारमा बजेटको परिधिभित्र रही कोटा थप/घट हुन सक्नेछ। यस्तो तालिमको आयोजना आयोग आफैंले समेत गर्नसक्नेछ। सञ्चालन गर्न चाहेको कार्यक्रमलाई **अनुसूची-९** मा उल्लेख भएको फारमबमोजिमको ढाँचामा रीतपूर्वकको प्रस्ताव तयार गरी निर्धारित समयभित्र आयोगको कार्यालयमा पेस गर्नुपर्नेछ। सो फारम आयोगको वेबसाइटबाट पनि डाउनलोड गर्न सकिनेछ। यस कार्यक्रमअन्तर्गत अनुदान रकम कम्तीमा ३ दिन सञ्चालन गर्ने गरी बढीमा रु. २,००,०००/- उपलब्ध गराइने छ भने सोभन्दा माथिको थप २ दिनका लागि रु. २५ हजारका दरले ५ दिनसम्मको बढीमा रु. ३,००,०००/- सम्म अनुदान रकम उपलब्ध गराइनेछ। Advanced hands-on laboratory training तालिमको हकमा प्रयोगशाला खर्चबापत २५,०००/- थप बेहोरिनेछ। कार्यक्रम सम्पन्न गरी **अनुसूची - ९** मा राखिएको आवेदन फारममा उल्लेख गरिएका विवरण प्राप्त भएपश्चात् अनुदान रकम भुक्तानी गरिनेछ।

यस कार्यक्रममा सहभागी हुन निम्नलिखित क्षेत्रका विषयमा अनुसन्धान तालिम आयोजना गर्नुपर्नेछ :

(1) Research Methodology, (theories and research design)
(2) Research Proposal Development and Research Management,
(3) Data Management and Analysis,
(4) Scientific Writing,
(5) Responsible Conduct of Research,
(6) Laboratory Safety,
(7) Advanced Hands-on Laboratory Training.

### १०.४ गोष्ठी/कार्यशाला/सम्मेलन (Seminar/Workshop/Conference)

विश्वविद्यालय वा त्यसअन्तर्गतका विभाग एवं सम्बन्धित निकाय तथा क्याम्पसद्वारा विषयगत वा शिक्षा क्षेत्रका समसामयिक समस्याबारे अध्ययन/विश्लेषण गर्ने उद्देश्यले आयोजित गोष्ठी/कार्यशाला/सम्मेलन सञ्चालन गर्न आयोगद्वारा आंशिक रूपमा आर्थिक सहयोग उपलब्ध गराइनेछ। यो कार्यक्रम विश्वविद्यालयसँग सम्बन्धित प्रोफेसनल सोसाइटीहरूसँगको सहकार्यमा समेत सञ्चालन गर्न सकिनेछ तर यसरी सञ्चालन गरिने कार्यक्रमका लागि विश्वविद्यालय वा त्यसअन्तर्गतका निकाय/क्याम्पसबाट प्रस्ताव पेस गर्नुपर्नेछ। यस कार्यक्रमअन्तर्गत स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका क्रमशः करिब ४०, ४० र ३२ वटा संस्थालाई अनुदान दिइनेछ तर प्राप्त प्रस्ताव र कागजातहरूको आधारमा बजेटको परिधि भित्र रही कोटा थप/घट हुन सक्नेछ। अन्तर्राष्ट्रिय सम्मेलन सम्बन्धित


अध्यक्ष

अनुदान प्राप्तीका लागि सम्मेलनको सूचना र उक्त कार्यक्रमबारे २ महिना अगावै विस्तृत प्रस्ताव आयोगमा पेस गर्नुपर्नेछ । साथै Call of Papers सहित सोको जानकारी वेवसाइटमा पनि राख्नुपर्नेछ । यसको प्रक्रिया निम्नबमोजिम हुनेछ :

(१) कार्यक्रमका लागि **अनुसूची-१०** मा उल्लेख भएको ढाँचामा प्रस्ताव पेस गर्नुपर्नेछ। सो ढाँचा आयोगको वेबसाइटबाट पनि डाउनलोड गर्न सकिनेछ,

(२) कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित विषय क्षेत्रका प्राध्यापकहरूलाई सहभागी गराउनुपर्नेछ,

(३) स्थानीय र राष्ट्रिय स्तरका कार्यक्रम सञ्चालन गर्न निर्धारित समयभित्र आयोगको कार्यालयमा प्रस्ताव पेस गर्नुपर्नेछ भने अन्तर्राष्ट्रिय स्तरका कार्यक्रम सञ्चालनका लागि वर्षभरि नै आवेदन दिन सकिनेछ,

(४) एउटै विषय/शीर्षकमा प्रत्येक वर्ष यो सुविधा उपलब्ध गराइनेछैन,

(५) अन्तर्राष्ट्रिय स्तरको कार्यक्रम हुनका लागि कम्तीमा ४ राष्ट्रका प्रतिनिधि सहभागी हुनुपर्नेछ र गोष्ठी/कार्यशाला/सम्मेलनसम्बन्धी विवरण वेबसाइटमार्फत सार्वजनिक गरेको हुनुपर्नेछ। सो नभएमा राष्ट्रिय स्तरबापत उपलब्ध गराइने आर्थिक सहयोग मात्र उपलब्ध गराइनेछ,

(६) प्रस्तावक संस्थाले विगतमा लिएको अनुदानको हिसाबकिताब फर्स्यौट गरिसकेकालाई मात्र निर्णय प्रक्रियामा समावेश गराइनेछ। यस कार्यक्रमका सर्त र अनुदानको रकम निम्नअनुसार रहेको छ :

| | **कार्यक्रम** | **सर्त** | **अधिकतम रकम (रु.)** |
|---|---|---|---|
| १ | एक दिनको कार्यक्रम (स्थानीय तथा राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरका सम्मेलनका लागि) | कम्तीमा दुईवटा क्याम्पसको सहभागिता | १२५,०००।- |
| | एक दिनको कार्यक्रम (अन्तर्राष्ट्रिय स्तरका सम्मेलनका लागि) | कम्तीमा चारवटा देशको सहभागिता | २००,०००।- |
| २ | दुई दिन वा त्यसभन्दा बढीको कार्यक्रम | | |
| | (क) स्थानीय सम्मेलन | कम्तीमा दुईवटा क्याम्पसको सहभागिता | २,००,०००।- |
| | (ख) राष्ट्रिय सम्मेलन | कम्तीमा दुईवटा विश्वविद्यालयको सहभागिता | २५०,०००।- |
| | (ग) अन्तर्राष्ट्रिय सम्मेलन | कम्तीमा चारवटा देशको सहभागिता | ३५०,०००।- |
| | | दशभन्दा बढी देशको सहभागिता | ५,५०,०००।- |

(७) कार्यक्रम सम्पन्न भई प्रतिवेदन प्राप्त भएपछि स्वीकृत रकम उपलब्ध गराइनेछ।

**टिप्पणी :** कार्यक्रमको स्तर स्थानीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रबाट सहभागिताका आधारमा निर्धारण गरिनेछ। कार्यक्रम सम्पन्न गरी **अनुसूची-१०** मा राखिएको आवेदन फारममा उल्लेख गरिएका विवरण प्राप्त भएपश्चात् अनुदान रकम भुक्तानी गरिनेछ । राष्ट्रिय/अन्तर्राष्ट्रिय सम्मेलन सञ्चालन गर्ने संस्थाले थप निम्नानुसारका विवरणसमेत बुझाउनुपर्नेछ :

- कार्यपत्रको सङ्ख्या/शीर्षक,
- प्यानल छलफल भएको भए सोको विवरण,
- कार्यक्रम तालिकासहितको क्रियाकलाप (Proceedings),

अध्यक्ष

- Abstracts/Article/Paper को विवरण,
- कार्यक्रममा सहभागी हुने संस्था र अन्य सरोकारवालाबीचको अन्तर्क्रिया गर्नुपर्ने किसिमको भए सोको विवरण ।

**१०.५ शैक्षिक संस्था उद्योगी/व्यवसायी संवाद (Academia–Industry Dialogue)**

यस कार्यक्रमको उद्देश्य विश्वविद्यालय र उद्योग क्षेत्रबीच आपसी लाभ र सामाजिक उत्तरदायित्वको लागि सहकार्यलाई प्रोत्साहन र सहजीकरण गर्नु हो । यसअन्तर्गत विश्वविद्यालयका जिम्मेवार पदाधिकारी, नीतिनिर्माता, फ्याकल्टी, अनुसन्धाता र उद्योग व्यवसाय क्षेत्रका प्रतिनिधि र सम्बद्ध सरकारी निकायबीच विश्वविद्यालय-उद्योग सहकार्यको सम्भावना, क्षेत्र र ढाँचा पहिल्याउन आयोजना गरिने गोष्ठी, कार्यशाला र सम्मेलनलाई वित्तीय सहयोग प्रदान गरिनेछ। यस्ता कार्यक्रमको आयोजना शैक्षिक संस्था, अनुसन्धान संस्था, उद्योगसँग सम्बन्धित सङ्घसंस्था वा आयोग आफैंले पनि गर्न सक्नेछ ।

यस कार्यक्रमका लागि स्नातकोत्तर तहको पठनपाठन हुने विश्वविद्यालयका अनुसन्धान केन्द्र, आङ्गिक तथा सम्बन्धन प्राप्त उच्च शैक्षिक संस्थाले आवेदन दिन सक्नेछन् । प्रस्ताव आयोगले तोकेको ढाँचामा **अनुसूची-१०** अनुसार पेस गर्नुपर्नेछ ।

यस सहयोगका लागि आयोगले सूचना प्रकाशित गरेपश्चात् तोकिएको अवधिभित्र आयोगद्वारा निर्धारित ढाँचाअनुसारको फारम भरी आवेदन पेस गर्नुपर्नेछ। म्याद नाघी प्राप्त भएका र रीत नपुगेका आवेदनउपर कुनै कारबाही हुनेछैन । यस कार्यक्रमअन्तर्गत प्रतिस्पर्धाका आधारमा करिब १० वटा उच्च शैक्षिक संस्थालाई (कम्तीमा ५०% कोटा काठमाडौं उपत्यकाभन्दा बाहिरका उच्च शैक्षिक संस्थालाई छुट्टयाइने) अनुदान दिइनेछ तर प्राप्त प्रस्ताव र कागजातहरूको आधारमा बजेटको परिधि भित्र रही कोटा थप/घट हुन सक्नेछ । छनोटमा परेका संस्थाले जम्मा रु. १५०,०००/- सहयोग प्राप्त गर्नेछन् । कार्यक्रम सम्पन्न गरी **अनुसूची-१०** मा उल्लेख भएअनुसारको प्रतिवेदन आयोगमा बुझाएपछि अनुदान रकम उपलब्ध गराइनेछ। यो कार्यक्रम आयोग स्वयंले पनि गर्न सक्नेछ। यस कार्यक्रमलाई वितरण गर्दा प्रत्येक प्रदेशमा एक/एक उच्च शैक्षिक संस्था पर्ने गरी (प्राथमिकता) दिनेछ ।

**छनोटका आधारहरू**

- निर्दिष्ट ढाँचामा प्राप्त प्रस्ताव भएको, (सान्दर्भिकता, उद्देश्य, विधि, कार्यक्रमको ढाँचा, सहभागिता, अपेक्षित उपलब्धिहरू तथा बजेट)
- रीतपूर्वक पेस भएको आवेदन फारम,
- समयसीमा (समयसीमा नचाहिनेलाई कार्यक्रम गर्नुपूर्व आयोगमा आवेदन बुझाउनुपर्ने),
- कार्यक्रमको प्रकृति हेरी उच्चशिक्षामा कार्यरत शिक्षक, कर्मचारी तथा शोधार्थीहरूसँग सम्बन्धित भएको,
- विशेषज्ञको छनोट गर्दा प्रस्ताव गरिएको कार्यक्रम सञ्चालन गर्न यथेष्ट अनुभव र उच्च सेवा प्रदान गर्नसक्ने हुनुपर्ने । अनुसन्धान विधि तथा प्राज्ञिक लेखनजस्ता तालिम कार्यक्रम सञ्चालन गर्ने प्रयोजनका लागि विज्ञ छनोट गर्दा विद्यावारिधि, इन्डेक्स जर्नलमा ताजा आर्टिकल, सम्बन्धित कामको यथेष्ट अनुभवलगायतका आधार हुनुपर्ने,
- सहभागिता (अन्य क्याम्पस तथा विश्वविद्यालय),
- आवेदन दिने संस्थामा अध्ययन/अध्यापन हुने विषयसँग सान्दर्भिक हुनुपर्ने,

अध्यक्ष

- कुनै संस्थाले दुई वा सोभन्दा बढी प्रस्ताव पेस गरेमा प्राथमिकता छुट्टयाएको हुनुपर्ने,
- प्रस्तावित विषयसँग सम्बन्धित विशेषज्ञ भएको हुनुपर्ने,
- एउटा विभाग/क्याम्पसले दुईभन्दा बढी कार्यक्रममा प्रस्ताव पेस गरेको भए बढीमा दुईवटा मात्र प्रस्ताव स्वीकृत गरिने (यस्ता प्रस्ताव छनोट गर्दा सहभागितालाई आधार मानिनेछ),
- अघिल्लो आ.व.मा सञ्चालन भएको कार्यक्रमसँग मिल्दोजुल्दो विषय/शीर्षक भएमा यो सुविधा प्रदान गरिनेछैन ।

**दफा १० मा उल्लिखित कार्यक्रमहरू सञ्चालन गर्दा पालना गर्नुपर्ने अन्य सर्तहरू**

- आयोगले कार्यक्रमको अनुगमन गर्ने हुँदा कार्यक्रम सञ्चालन हुने समयबारे पूर्वजानकारी गराउनुपर्नेछ,
- कार्यक्रम सञ्चालनका लागि छनोटमा परेका संस्थाले कार्यक्रमको प्रकृति हेरी नजिकका क्याम्पसहरूलाई समावेश गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ,
- एउटा कार्यक्रमका लागि सहभागी सङ्ख्या समान्यतया कम्तीमा २० जना हुनुपर्नेछ,
- सामान्यतया प्रति दिन ४ वटा सेसन (प्रति सेसन ९० मिनेट) का कार्यक्रम सञ्चालन गर्नुपर्नेछ,
- आयोगले प्रदान गर्ने रकम आंशिक मात्र भएकाले कार्यक्रम सञ्चालनका लागि थप रकम आवश्यक परे सम्वन्धित संस्थाले नै व्यवस्थापन गर्नुपर्नेछ,
- अनलाइन माध्यमबाट सञ्चालन हुने कार्यक्रमहरूलाई स्वीकृत रकमको ६० प्रतिशत मात्र आर्थिक सहयोग हुनेछ,
- सामान्यतया स्वीकृत रकमको ३०% पारिश्रमिक र भ्रमणमा, ३०% कार्यक्रम सामग्री र स्टेसनरीमा, ३०% खाजा तथा खाना र १०% अन्य/विविध शीर्षकमा खर्च गर्नुपर्नेछ,
- खाजा तथा खानाको व्यवस्था गर्नुपर्दा प्रचलित नेपाल सरकारको नियमानुसार गर्नुपर्नेछ,
- विशेषज्ञलाई पारिश्रमिक दिँदा प्रचलित नियमअनुसार कर कट्टी गरी दिनुपर्नेछ। आन्तरिक विज्ञलाई पारिश्रमिक दिँदा प्रति सेसन सामान्यतया रु. ३,०००/- र बाह्य विज्ञलाई रु.४,०००/- सम्म दिन सकिनेछ,
- एकजना विशेषज्ञलाई प्रतिदिन बढीमा दुईवटा सेसनको पारिश्रमिक दिन सकिनेछ,
- कार्यक्रम सम्पन्न भइसकेपछि आयोगमा प्रतिवेदनमा बुझाउँदा सम्बन्धित संस्थाले कार्यक्रमको पृष्ठभूमि, उद्देश्य, सञ्चालन विधि, सहभागिता, उपलब्धि तथा निष्कर्ष र आगामी दिनमा यस्ता कार्यक्रम सञ्चालन गर्दा लिनुपर्ने नीति/प्रक्रिया, खर्चको विवरण (उच्च शैक्षिक संस्थाले खर्च गर्दा प्रचलित कानुनबमोजिम गर्ने, लेखा राख्ने, लेखा परीक्षण गर्ने/गराउने र अभिलेख राख्नुपर्ने छ) । आयोगले आवश्यक ठानेमा बिल भर्पाइसमेत हेर्न सक्नेछ । उपस्थिति विवरण, फोटो, प्रमाणपत्रको प्रतिलिपि आदि समावेश हुनुपर्नेछ । खर्च गर्दा प्रचलित कानुनबमोजिम कर लाग्ने विषयहरूमा अग्रिम कर कट्टी गरी त्यसको दाखिला आन्तरिक राजस्व कार्यलयमा गर्नुपर्नेछ ।

**१०.६ क्याम्पस प्रमुखका लागि शैक्षिक योजना तथा प्रशासनसम्बन्धी तालिम (Training on Higher Education Planning and Administration)**

आयोगले प्रत्येक वर्ष विश्वविद्यालयका आङ्गिक तथा सामुदायिक क्याम्पसमा कार्यरत क्याम्पस प्रमुख/सहायक क्याम्पस प्रमुखका लागि शैक्षिक योजना तथा प्रशासनसम्बन्धी तालिम सञ्चालन गर्नेछ । क्याम्पसको नेतृत्व गरिरहेका



अध्यक्ष

प्रमुखहरूको शैक्षिक योजना तथा प्रशासनमा थप सीप र दक्षता अभिवृद्धि गर्नाले उच्च शैक्षिक संस्थाहरूको विकास, विस्तार तथा प्राज्ञिक क्षमताको वृद्धि भई सुशासन कायम हुनसक्ने देखिएकाले यो कार्यक्रम कार्यान्वयन गरिएको हो। आयोगले आफैं वा विश्वविद्यालयका अनुसन्धान केन्द्र/सङ्काय/विभाग आदिसँगको सहकार्यमा यो कार्यक्रम सञ्चालन गर्न सक्नेछ। निर्धारण गरिएको समयसीमाभित्र प्राप्त आवेदनलाई सूचकाङ्कमा आधारित भई योग्यताक्रमअनुसार छनोटमा पर्ने क्याम्पस प्रमुखहरू यस कार्यक्रममा सहभागी हुन सक्नेछन्। यो कार्यक्रम ५ दिने आवासीय हुनेछ। कार्यक्रममा लाग्ने खर्च आयोगले व्यवस्थापन गर्नेछ। आवेदन फारम **अनुसूची - १०.१** बाट डाउनलोड गर्न सकिनेछ।

### १०.७ विश्वविद्यालय-समुदाय सम्पर्क कार्यक्रम (University Community Linkage Program)

विश्वविद्यालय र समुदायसँगको सम्बन्ध स्थापित गर्न तथा उच्च शैक्षिक कार्यमा संलग्न प्राध्यापक तथा विद्यार्थीहरूले स्थानीय समाजसँग सहकार्य तथा साझेदारी गरी समुदायको आवश्यकता र प्राथमिकता पहिचान गरेर स्थानीय समुदायलाई फाइदा पुग्नसक्ने कार्यक्रम सञ्चालन गरिनेछ। देशको नीति निर्माण तथा कार्यक्रम तर्जुमामा समेत यस कार्यक्रमले पृष्ठपोषणको रूपमा कार्य गर्नसकोस् भन्ने हेतुले तथा शिक्षक-विद्यार्थीहरूलाई स्थानीय स्कुलहरूको शैक्षिक गतिविधिमा टेवा पुग्ने गरी परिचालन गर्न तथा समाजका विभिन्न समस्याहरूको अनुसन्धानका लागि सहभागी गराउनसमेत आयोगले सहयोग प्रदान गर्नेछ। यस कार्यक्रमका लागि आयोगले निर्धारण गरेको समय सीमाभित्र प्राप्त आवेदनहरूमध्येबाट ४ वटा प्रस्तावलाई आर्थिक सहयोग गर्न सकिनेछ तर प्राप्त प्रस्ताव र कागजातहरूको आधारमा बजेटको परिधि भित्र रही कोटा थप/घट हुन सक्नेछ। सहयोगको सीमा अधिकतम रु. १० लाखसम्म हुनेछ। यस कार्यक्रममा सहभागी हुन **अनुसूची १०.२** को आवेदन फारममा तोकिएका कागजात तथा निर्दिष्ट ढाँचाको प्रस्ताव पेस गर्नुपर्नेछ।

विश्वविद्यालय समुदाय सम्पर्क कार्यक्रमको प्रस्तावको मूल्यांकन अंक ५० र आवेदकबाट प्रस्तुतीकरणका लागि अंक ५० हुनेछ र प्रस्ताव छनोट हुनका लागि प्रस्ताव मुल्यांकन र प्रस्तुतीकरणमा न्यूनतम ५० प्रतिशत अंक प्राप्त गर्नुपर्नेछ। प्रस्तुतीकरणको मूल्याङ्कन गर्दा प्राज्ञिक समितिका विज्ञमध्ये कम्तीमा दुई जनाबाट उत्तीर्ण अङ्क प्राप्त गरेको हुनुपर्नेछ। बाहिरी विज्ञहरूको मूल्याङ्कनको भार ८० प्रतिशत र आयोगको प्रतिनिधित्व गर्ने व्यक्तिका मूल्याङ्कनको भार २० प्रतिशत रहनेछ।

यस्तो कार्यकमको लागि उच्च शैक्षिक संस्था भित्रकै जनशक्ति पर्याप्त मात्रामा हुनुपर्नेछ।

### १०.८ उच्चशिक्षासम्बन्धी नीति संवाद (Higher Education Policy Dialogue)

उच्चशिक्षाका नीतिगत विभिन्न अवयवमा सरोकारवालासँग छलफल तथा संवाद गरी विद्यमान उच्चशिक्षासम्बन्धी नीति, कानुन तथा कार्यक्रमहरूलाई थप प्रभावकारी बनाउनु तथा पृष्ठपोषण गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ। उच्चशिक्षा क्षेत्रमा संलग्न पदाधिकारी, प्राज्ञिक व्यक्तित्व, नीति निर्माता, फ्याकल्टी, अनुसन्धानदाता, उद्योग व्यवसाय क्षेत्रका प्रतिनिधि, विद्यार्थी प्रतिनिधि र सम्बन्धित निकायबीच संवाद, कार्यशाला, परामर्श तथा छलफल गरी समयानुकूल नीति निर्माण तथा विद्यमान मौजुदा कानुनमा सुधार गर्नसमेत मद्दत पुग्ने अपेक्षा गरिएको छ। यो कार्यक्रम आयोगले आवश्यकताबमोजिम आफैंले वा विश्वविद्यालयका निकायहरूबीच सहकार्य गरी सञ्चालन गर्नेछ। उच्चशिक्षासम्बन्धी नीति संवादअन्तर्गतका क्षेत्रहरू (जस्तै– गुणस्तर र सान्दर्भिकता, सरकारी लगानी, समतामूलक पहुँच, अन्तर्राष्ट्रियकरण, सुशासन, वातावरणीय जोखिम न्यूनीकरण तथा सामाजिक सुरक्षण



अध्यक्ष

आदि) आयोगले निर्धारण गरेबमोजिम हुनेछन् । यस कार्यक्रममा सहभागी हुन **अनुसूची १०.३** को आवेदन फारममा तोकिएका कागजात तथा निर्दिष्ट ढाँचाको प्रस्ताव पेस गर्नुपर्नेछ ।

**१०.९ उच्चशिक्षामा नवप्रवर्तन तथा असल अभ्यास गर्ने नेतृत्वकर्ता पहिचान (Recognition to Academic Leaders for Innovation and Good Practices)**

उच्च शैक्षिक क्षेत्रमा शैक्षिक नेतृत्वमा रहेका व्यक्तिले विद्यमान नियम तथा कानुनको पालन गरी संस्थाको व्यवस्थापन, सञ्चालनमा सुशासन, शैक्षिक व्यवस्थापन (पाठ्यक्रम, पठनपाठन, मूल्याङ्कन) मा गरिएका नवप्रवर्तनात्मक तथा असल अभ्यासहरूलाई प्रोत्साहन गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । आयोगले निश्चित समयसीमा तोकी **अनुसूची १०.४** को निदिष्ट ढाँचामा उच्च शैक्षिक संस्थामा पूर्णकालीन रूपमा कार्यरत नेतृत्वकर्ताबाट असल अभ्यास तथा नवप्रवर्तनमा गरिएका कार्यसहितको प्रस्ताव माग गर्नेछ र तोकिएका आधारमा छनोट गरिनेछ । कार्यक्रमबाट विश्वविद्यालय/आङ्गिक निकायबाट १ जना र सम्बन्धन प्राप्त १ जना गरी जम्मा दुई जना नेतृत्वकर्ता छानिनेछ । छनोट हुने संस्थाको विकासका लागि थप रकम सहयोग उपलब्ध गराइनेछ ।

**११. अध्ययन/अध्यापन भ्रमण (Teaching/Study Visit)**

यसअन्तर्गत निम्नलिखित कार्यक्रमहरू रहनेछन् :

**११.१ उच्च शैक्षिक संस्थामा प्राध्यापकको भ्रमण (Visit by Professor in Higher Education Institutions)**

उच्च शैक्षिक संस्थामा सञ्चालित अध्ययन/अध्यापन कार्यमा सुधार ल्याउन तथा पठनपाठनको गुणस्तरलाई समयसापेक्ष बनाउनका निम्ति सम्बन्धित विषयका प्राध्यापकलाई छोटो अवधिका लागि ग्रामीण तथा दुर्गम क्षेत्रका क्याम्पसमा अध्यापन कार्यमा संलग्न गराउन यस कार्यक्रमअन्तर्गत अनुदान दिइनेछ । यस कार्यक्रमको सञ्चालनका लागि देहायबमोजिमका प्रक्रिया अँगालिनेछन् :

नेपाल भित्र सञ्चालित उच्च शैक्षिक संस्थाहरुमा आवश्यकता हेरी प्राध्यापकहरुले visiting professor विशेषज्ञ भै काम गर्न सक्नेछ ।

(१) अनुभवी एवं सम्बन्धित विषयका विशेषज्ञहरूलाई प्राथमिकताका आधारमा यस कार्यक्रममा सहभागी गराइनेछ । यस्तो कार्यक्रममा सहभागी हुन प्राध्यापक तहको हुनुपर्नेछ ,

(२) आमन्त्रण गरिने शिक्षकको छनोट र कार्यक्रम सञ्चालन आयोगले गर्नुपर्नेछ,

(३) सञ्चालन गरिने विषय, अवधि, विशेषज्ञबाट अपेक्षा गरिएको सेवा आदि उल्लेख गरिएको प्रस्ताव सम्बन्धित क्याम्पसले आयोगमा पेस गर्नुपर्नेछ,

(४) प्रस्ताव स्वीकृत भएमा बढीमा २ जना शिक्षकलाई ७ दिनसम्मको आवश्यक पर्ने खर्च उपलब्ध गराइनेछ । यसरी उपलब्ध गराउने खर्च सम्बन्धित शिक्षकको भ्रमण र पारिश्रमिकका निम्ति हुनेछ । खाना तथा बासको व्यवस्था सम्बन्धित क्याम्पसले गर्नुपर्नेछ,

(५) यस कार्यक्रमको प्रतिवेदन विशेषज्ञबाट प्रमाणित गराई आयोगको कार्यालयमा पेस गरेपछि भुक्तानी दिइनेछ,

अध्यक्ष

(६) स्थानीय/क्षेत्रीय स्तरमा विशेषज्ञ नभएको खण्डमा मात्र राजधानी वा देशभित्रका अन्य स्थानबाट विशेषज्ञ आमन्त्रण गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ,

(७) सञ्चालन गर्न चाहेको कार्यक्रमलाई **अनुसूची-११** मा उल्लिखित फारमबमोजिमको ढाँचामा रीतपूर्वकको प्रस्ताव तयार गरी निर्धारित समयभित्र आयोगको कार्यालयमा पेस गर्नुपर्नेछ (सो फारम आयोगको वेबसाइटबाट पनि डाउनलोड गर्न सकिनेछ),

(८) Economic Class को हवाईजहाजको भाडाबापतको रकम आयोगले उपलब्ध गराउनेछ। सम्भव भएसम्म सार्वजनिक यातायात प्रयोग गर्नुपर्नेछ,

(९) विशेषज्ञलाई प्रति दिन रु. ६,०००/- का दरले, नियमानुसार कर कट्टी गरी, पारिश्रमिक उपलब्ध गराइनेछ।

## ११.२ सभा/गोष्ठीमा सहभागिताका लागि भ्रमण अनुदान (Travel Grants for Participation in Seminars/ Conferences)

यस कार्यक्रमअन्तर्गत विदेशमा आयोजना हुनेसभा/गोष्ठी/कार्यशाला आदिमा कार्यपत्र/मुख्य वक्ता (Key Note Speaker) भई सहभागी हुन उच्चशिक्षा संस्थामा कार्यरत पूर्णकालीन शिक्षकलाई आंशिक आर्थिक सहयोग उपलब्ध गराइनेछ। यस कार्यक्रमका लागि उमेर हद ६३ वर्ष नकाटेको हुनुपर्नेछ। यस कार्यक्रममा आयोगको आर्थिक सहयोगबाट अनुसन्धान गर्ने शिक्षकहरूलाई आफ्नो अनुसन्धान कार्यमा सहयोगी हुने तथा सम्बन्धित अनुसन्धानको परिणाम प्रस्तुत गर्नसमेत प्रोत्साहित गरिनेछ। यस्तो आर्थिक सहयोग रकम भ्रमण, रजिस्ट्रेसन, भिसा, बास आदिका लागि खर्च गर्न सकिनेछ। भ्रमण अनुदानका निम्ति निम्नलिखित प्रक्रिया अपनाउनु पर्नेछ :

**कार्यक्रममा सहभागी हुन जानुअघि पेस गर्नुपर्ने कागजातहरू**

(१) आयोगले निर्धारण गरेको फारम भर्नुपर्नेछ। सो फारम **अनुसूची-१२** मा राखिएको छ। सो फारम आयोगको वेबसाइटबाट पनि डाउनलोड गर्न सकिनेछ,

(२) नेपाली नागरिकता/राष्ट्रिय परिचयपत्रको प्रमाणपत्रको प्रतिलिपि १ प्रति,

(३) सम्बन्धित आयोजक संस्थाको निमन्त्रणापत्र,

(४) कार्यरत शैक्षिक संस्था प्रमुखको सिफारिसपत्र,

(५) आयोजक संस्था वा अन्य स्रोतबाट आर्थिक सहयोग हुन सक्ने/नसक्नेबारे स्पष्ट विवरण खुलेको विवरण,

(६) कार्यपत्र प्रस्तुतीकरणका लागि जाने शिक्षकले कार्यपत्र स्वीकृत भएको कार्यपत्रको सारांशसहित पेस गर्नुपर्नेछ,

(७) उच्चस्तरीय अन्तर्राष्ट्रिय सभा/गोष्ठी/कार्यशालामा पोष्टर प्रस्तुत गर्न आयोजक संस्थाको प्रकृति, कार्यक्रमको स्तर समतेका आधारमा भ्रमण अनुदान दिन सकिनेछ। कार्यक्रमको स्तर र प्रकृति लगायतका पक्षबारे निर्णय प्राज्ञिक समितिको सिफारिसका आधारमा निर्णय गरिनेछ।

**कार्यक्रम समापनपश्चात् बुझाउनुपर्ने कागजातहरू**

(१) सहभागी भएको संस्थाबाट प्राप्त प्रमाणपत्रको प्रतिलिपि,

(२) भ्रमणको टिकटको दर/रेट खुलेको अधिकृत बिक्रेता वा ट्राभल एजेन्सीको टिकट र बिल,

(३) प्रवेषाज्ञा (भिसा) को प्रतिलिपिं तथा बोर्डिङ पास,

(४) कार्यक्रममा सहभागी भएको प्रतिवेदन।

अध्यक्ष

**निर्णय प्रक्रिया**

(१) कार्यक्रम समापन भएपश्चात् आवश्यक कागजातसहित अनुदानका लागि आयोगमा निवेदन पेस भएको हुनुपर्नेछ (कार्यक्रम सम्पन्न भइसकेको भए आयोगले निर्णय गरेको १.५ महिनामा र भ्रमण सम्पन्न भइनसकेको खण्डमा कार्यक्रम सम्पन्न भएको १ महिनाभित्र),

(२) आयोगले निर्धारण गरेको प्राथमिकताका आधारमा स्वीकृत भएका आवेदनहरूलाई मात्र यो अनुदान उपलब्ध गराइनेछ,

(३) यस्तो सुविधा एकपटक पनि अवसर प्राप्त नगरेकालाई प्राथमिकता दिइनेछ,

(४) अघिल्लो आर्थिक वर्षमा सुविधा पाएकालाई चालु आर्थिक वर्षमा भ्रमण अनुदान उपलब्ध गराइनेछैन,

(५) संयुक्त लेखनमा तयार गरिएको कार्यपत्र प्रस्तुतीकरणमा जाने प्रस्तुतकर्ताहरूमध्ये एकजना मुख्य लेखक वा निजले सहमति दिएको सहलेखकलाई मात्र यो अनुदान प्रदान गरिनेछ,

(६) रीत नपुगेका आवेदनउपर कुनै कारबाही हुनेछैन ।

भ्रमण अनुदान निम्नानुसार हुनेछ :

| **देश** | **अधिकतम रकम (रु.)** |
|---|---|
| (क) भुटान, बङ्गलादेश र भारत | ३५,०००/- |
| (ख) पाकिस्तान, श्रीलङ्का, माल्दिभ्स, थाइलेन्ड, बर्मा, मलेसिया र कम्बोडिया | ६०,००० /- |
| (ग) माथि (क) र (ख) मा उल्लेख नभएका अन्य मुलुक | ७५,००० /- |

आयोगबाट विद्यावारिधि विद्वत्वृति तथा अनुसन्धान सहयोग प्राप्त आवेदकहरुको हकमा भ्रमण अनुदानको लागि निज र आयोगबीच सम्पन्न सम्झौताबमोजिम अनुदान उपलब्ध गराइने ।

अध्यक्ष

## उपखण्ड - तीन
## विद्यार्थी छात्रवृत्ति कार्यक्रम

### १२. छात्रवृत्ति (Scholarship)

गुणस्तरीय उच्चशिक्षामा समतामूलक पहुँच अभिवृद्धि गर्न लक्षित समूहका विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम रहेको छ । यसप्रकारको छात्रवृत्ति स्नातक तथा स्नातकोत्तर तहमा उपलब्ध गराइने छ । निम्नानुसारको लक्षित वर्गको विद्यार्थीमध्येबाट प्राप्त आवेदनका आधारमा "उच्चशिक्षा अध्ययन छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०८०" बमोजिम छात्रवृत्ति पाउने विद्यार्थी छनोट गरिनेछ ।

१. आर्थिक रुपले विपन्न वा दलित समुदायका विद्यार्थी
२. लोकतान्त्रिक परिवर्तनका लागि भएका जनआन्दोलन,संघर्ष तथा क्रान्तिका क्रममा शहीद भएका तथा द्वन्द्वका क्रममा वेपत्ता भएका वा अङ्गभङ्ग भइ शारीरिकरुपले कुनै काम गर्न नसक्ने अशक्त र पीडित भएका व्यक्तिका छोराछोरी,
३. अपाङ्गता भएका,
४. मुस्लिम छात्रा, र
५. मुक्त कमलरी

चालु आर्थिक वर्ष विनियोजित बजेटबाट विगत वर्षहरुमा छनोट भै अध्ययनलाई निरन्तरता दिई छात्रवृत्ति नविकरणका लागि आवेदन दिई योग्य हुने आर्थिक रुपले विपन्न वा दलित समुदाय (डोम, वादी, चमार र मुसहर समुदायका विद्यार्थी समेत) का विद्यार्थी, शहीद तथा द्वन्द्वपिडितका छोराछोरी, अपाङ्गता भएका विद्यार्थी, मुस्लिम छात्रा र मुक्त कमलरी वर्गका छात्रालाई छात्रवृत्तिको किस्ता प्रदान गरिने छ । साथै बजेट व्यवस्था अनुसार निर्धारित छनोटको मापदण्ड अनुसार लक्षित वर्गका विद्यार्थीलाई "उच्चशिक्षा अध्ययन छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०८०" अन्तर्गत रही छात्रवृत्ति पाउने विद्यार्थी छनोट गरी छात्रवृत्ति प्रदान गरिनेछ ।

### १२.१. प्राविधिक शिक्षण जनशक्ति विकास कार्यक्रम (Technical Teacher Development Program)

नेपाल सरकारले सबै स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच विस्तार गर्ने नीतिअनुरूप सार्वजनिक विद्यालयहरूमा प्राविधिक धारका विषय विस्तार भइरहेकाले त्यस्ता सामुदायिक विद्यालय, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्अन्तर्गतका आङ्गिक शिक्षालयसमेतलाई आवश्यक पर्ने प्राविधिक जनशक्ति आपूर्ति गर्नुपर्ने आवश्यकतालाई सम्बोधन गर्न उच्चशिक्षा प्रदायक शैक्षिक संस्थाहरूसँग प्राविधिक कार्यक्रमहरूमा कोटा थप, नयाँ कार्यक्रम तथा विषय विस्तारका लागि लागत साझेदारीमा उच्चशिक्षामा प्राविधिक शिक्षा विस्तार कार्यक्रम सञ्चालनमा ल्याइएको हो । यो कार्यक्रम कार्यान्वयन गर्न लागत साझेदारीमा दक्ष प्राविधिक जनशक्ति विकास कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८० जारी भएको छ । प्रति महिना रु. ६,००० प्रति विद्यार्थी निर्वाह खर्च (वार्षिक १० महिनाका लागि) र शुल्कबापतको रकम नेपाल सरकारले बेहोर्ने र उत्पादन भएका जनशक्तिलाई २ वर्ष राष्ट्रिय प्राविधिक सेवामा प्राविधिक शिक्षा सञ्चालन भएका सार्वजनिक विद्यालय, प्राविधिक

अध्यक्ष

शिक्षा तथा व्यवसायिक तालिम केन्द्र तथा टेक्स स्कूलमा खटाइने व्यवस्था भएबमोजिम अध्ययन गरेका विद्यार्थीले अध्ययन पुरा गरेपश्चात २ वर्ष राष्ट्रिय प्राविधिक सेवामा खटाइनेछ ।

अध्ययन पुरा गरेका विद्यार्थीलाई राष्ट्रिय प्राविधिक सेवामा खटाउन निम्न प्रक्रिया अवलम्बन हुनेछ ।

- लागत साझेदारीमा दक्ष प्राविधिक जनशक्ति विकास कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८० अन्तर्गत त्रि.वि. इन्जिनियरिङ अध्ययन संस्थान अन्तर्गतका आङ्गिक क्याम्पसमा इन्जिनियरिङका विभिन्न विधा तथा कृषि तथा वनविज्ञान विश्वविद्यालयका आङ्गिक क्याम्पसमा विएस्सी एग्रीकल्चर र विएस्सी फरेष्टी अध्ययनपुरा गरेका विद्यार्थीको नतिजा सहितको विवरण प्राप्त गर्ने ।
- राष्ट्रिय प्राविधिक सेवामा खटाउनुपर्ने जनशक्तिको आधारमा खटाउन पर्ने विद्यालय/शिक्षालयको नामावली श्री शिक्षा तथा मानव श्रोत विकास केन्द्र र प्राविधिक शिक्षा व्यावसायिक तालिम परिषद्बाट माग गर्ने ।
- विद्यालय/शिक्षालय छनौटका लागि खटाउनुपर्ने विद्यार्थीबाट आवेदन आव्हान गर्ने ।
- विद्यार्थीको योग्यताक्रम (मेरिट) र प्राथमिकताक्रमका आधारमा म्याचिङ गरी सूची  प्रकाशित गर्ने ।
- प्रकाशित सूचीमा विद्यार्थीको गुनासो तथा प्रतिक्रिया भए प्राप्त गरी अन्तिम सूची  प्रकाशित गर्ने ।
- अन्तिम सूचीमा परेका विद्यार्थीलाई विद्यालय/शिक्षालयमा खटाउन श्री शिक्षा तथा मानव श्रोत विकास केन्द्र र प्राविधिक शिक्षा व्यावसायिक तालिम परिषद्मा पठाउने ।
- श्री शिक्षा तथा मानव श्रोत विकास केन्द्र र प्राविधिक शिक्षा व्यावसायिक तालिम परिषद्ले सम्बन्धित विद्यालय/शिक्षालयमा खटाउने आवश्यक व्यवस्था गर्ने ।
- विद्यालय/शिक्षालयमा खटिई तोकिए बमोजिम राष्ट्रिय प्राविधिक सेवाका कार्य गरेको विद्यालय/शिक्षालयको पत्र तथा मासिक हाजिरी विवरणका आधारमा सो प्रयोजनका लागि विनियोजित वजेटको परिधि भित्र रही विश्वविद्यालय अनुदान आयोगबाट सम्बन्धित विद्यालय/शिक्षालयमा वार्षिक १२ महिनाको हुने रकम त्रैमासिक रुपमा पठाउने ।
- विद्यालय/शिक्षालयले नियमानुसार हाजिरी विवरणका आधारमा करकट्टी गरी निर्वाह खर्च भुक्तानीदिई अद्यावधिक रुपमा सम्बन्धित स्थानीय तह, श्री शिक्षा तथा मानव श्रोत विकास केन्द्र र श्री प्राविधिक शिक्षा व्यावसायिक तालिम परिषद र विश्वविद्यालय अनुदान आयोगमा जानकारी गराउने ।
- **विद्यालय/शिक्षालयको नियमानुसार  राष्ट्रिय प्राविधिक सेवामा खटिने विद्यार्थीले बिदा पाउनेछ ।**
- **विद्यालय/शिक्षालयको नियमानुसार पाउने बिदा बाहेकका कार्य दिनमा विद्यालय/शिक्षालयमा सेवा गर्नुपर्ने र बिदा बाहेक गयल वा अनुपस्थित भएको अवधिको निर्वाह खर्च पाउने छैन । लागत साझेदारीमा दक्ष प्राविधिक जनशक्ति विकास कार्यक्रम** अन्तर्गत छात्रवृत्तिमा अध्ययन गरी कबुलियतनामा बमोजिम अनिवार्य रुपमा २ वर्ष राष्ट्रिय प्राविधिक सेवामा खटिनुपर्ने व्यक्तिले राष्ट्रिय प्राविधिक सेवा नगरेमा सो वापतको निर्धारित विगो (रु ५,४०,०००।०० अक्षेरुपी पाँचलाख चालिसहजार) तोकिएको समयभित्र नेपाल सरकारलाई फिर्ता गर्नुपर्नेछ ।

अध्यक्ष

- विगो रकम फिर्ता गर्ने दायित्व भएका विद्यार्थीले विगो रकम राष्ट्रिय प्राविधिक सेवामा खटिन नसक्नाको कारण सहित विश्वविद्यालय अनुदान आयोगको नाममा राष्ट्रिय वाणिज्य बैंक, सानोठिमी शाखाको खाता नम्बर १७३०१०००००२१४००१ मा बुझाएको रसिद/भौचर संलग्न गरी निवेदन दिन पर्नेछ र आयोगबाट विद्यार्थीको वन्देज फुकुवागरी विद्यार्थी र उच्चशैक्षिक संस्थालाई जानकारी गराउनेछ ।
- राष्ट्रिय प्राविधिक सेवा नगरी विगो नतिर्ने विद्यार्थी नेपालको प्रचलित कानून बमोजिम सजायभागी स्वयं हुनेछ ।

अध्यक्ष

## उपखण्ड – चार
## गुणस्तर सुनिश्चितता तथा प्रत्यायन

### १३. गुणस्तर सुनिश्चितता तथा प्रत्यायन

### १३.१ उच्च शैक्षिक संस्थाहरूको प्रत्यायन प्रक्रिया

देशभित्र सञ्चालित उच्च शैक्षिक संस्थाहरू गुणस्तरका न्यूनतम मापदण्ड पूरा गरी सञ्चालित छन् भन्ने सुनिश्चितताको लागि विश्वविद्यालय अनुदान आयोगले संस्थागत प्रत्यायन प्रणाली लागु गरेको छ । उच्च शैक्षिक संस्थाहरूले आयोगबाट संस्थागत प्रत्यायन प्राप्तिका लागि पूरा गर्नुपर्ने प्रक्रियाहरू सङ्क्षेपमा यसप्रकार छन्:

(१) आशय पत्र पेस गर्ने

गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रक्रियामा सामेल हुन इच्छुक उच्च शैक्षिक संस्थाले तोकिएको ढाँचामा आवश्यक विवरण र कागजातहरू समेत समावेश गरी शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद् सचिवालयमा आशय पत्र पेस गर्नुपर्दछ । आशय पत्र स्वीकृत भएको संस्था मात्र स्व–अध्ययन प्रतिवेदन पेस गर्न योग्य हुनेछ ।

(२) स्व–अध्ययन प्रतिवेदन पेस गर्ने

आशय पत्र स्वीकृत भएको उच्च शैक्षिक संस्थाले शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन निर्देशिकामा व्यवस्था भए बमोजिम तोकिएको समयावधि, मापदण्ड र सूचकहरूमा आधारित रही संस्थाको स्व–अध्ययन प्रतिवेदन पेस गर्नुपर्नेछ ।

आयोगले प्रत्यायन प्रक्रियाका लागि स्व–अध्ययन प्रतिवेदन सम्बन्धमा विश्वविद्यालय र विश्वविद्यालय सरहका प्रतिष्ठान, पहिलो चक्रका लागि गुणस्तर सुनिश्चितता प्रक्रिया र दोस्रो वा सो भन्दा माथिका चक्रका लागि सहभागिता जनाउने उच्च शैक्षिक संस्थाहरूको हकमा देहायबमोजिम छुट्टाछुट्टै मापदण्ड तथा सूचकहरू निर्धारण गरेको छ ।

| मापदण्ड **(Criteria)** | सूचक संख्या ( Number of Indicators) |
|---|---|
| १. शासन र नेतृत्व (Governance and Leadership) | २४ |
| २. पाठ्यक्रम व्यवस्थापन (Curriculum Management) | १७ |
| ३.अनुसन्धान,ज्ञान सृजना र विस्तार (Research, Knowledge Generation and Extension/Outreach) | १७ |
| ४. भौतिक श्रोतहरु (Physical Resources) | १५ |
| ५. विद्यार्थी सहयोग सेवाहरु र कल्याण (Students Support Services and Wellbeing) | ९ |
| ६. मानव संसाधन (Human Resource) | ८ |

अध्यक्ष

विश्वविद्यालय तथा विश्वविद्यालय सरहका प्रतिष्ठानको गुणस्तर सुनिश्चितता तथा प्रत्यायनका लागि देहाय बमोजिम ६ मापदण्ड (Criteria) र त्यस अन्तर्गतका ९० सूचकहरू (Indicators)

उच्च शैक्षिक संस्थाहरू मध्ये प्रथम चक्रका लागि ८ मापदण्ड (Criteria) र त्यस अन्तर्गतका १२० सूचकहरू (Indicators) निर्धारित छन्।

| मापदण्ड **(Criteria)** | सूचक संख्या **( Number of Indicators)** |
|---|---|
| १. नीति र प्रक्रिया (Policy & Procedures) | १५ |
| २. पाठ्यक्रमका पक्षहरु (Curricular Aspects) | १० |
| ३. शिक्षण शिकाई र मुल्याँकन (Teaching Learning And Evaluation) | २१ |
| ४.अनुसन्धान, परामर्श र विस्तार (Research, Consultancy And Extension) | १६ |
| ५. पूर्वाधार र सिकाइ श्रोतहरु (Infrastructure And Learning Resources ) | २८ |
| ६. विद्यार्थी सहयोग र कल्याण (Student Support And Guidance) | १४ |
| ७. सूचना प्रणाली (Information System) | ८ |
| ८. सार्वजनिक सूचना (Public Information) | ८ |

उच्च शैक्षिक संस्थाहरू मध्ये दोस्रो तथा तेस्रो चक्रको लागि ६ मापदण्ड (Criteria) र त्यस अन्तर्गतका स्नातकोत्तर कार्यक्रम सञ्चालित संस्थाहरूको लागि ८० सूचकहरू (Indicators) र स्नातक कार्यक्रम सञ्चालित संस्थाहरूको लागि ८५ सूचकहरू (Indicators)। साथै, प्राविधिक र विशिष्टीकृत संस्थाहरूको हकमा थप सूचकहरू निर्धारित छन्।

| मापदण्ड (Criteria) | सूचक संख्या (स्नातक कार्यक्रम) | सूचक संख्या (स्नातकोत्तर कार्यक्रम) |
|---|---|---|
| १. शासन र नेतृत्व (Governance and Leadership) | १६ | १५ |
| २. पाठ्यक्रम व्यवस्थापन (Curriculum Management) | २३ | २० |
| ३.अनुसन्धान र ज्ञान विस्तार (Research and Knowledge Extension) | १३ | १५ |
| ४. भौतिक श्रोतहरु (Physical Resources) | १५ | १४ |
| ५. विद्यार्थी कल्याण (Student Welfare) | १० | ८ |
| ६. मानव संसाधन (Human Resource) | ८ | ८ |

उल्लेखित मापदण्ड तथा सूचकहरू सम्बन्धी विस्तृत विवरण आयोगको वेभसाइटबाट प्राप्त गर्न सकिनेछ ।

(३) स्व–अध्ययन प्रतिवेदनको समीक्षा

उच्च शैक्षिक संस्थाबाट प्राप्तस्व–अध्ययन प्रतिवेदन परिषद् अन्तर्गत शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्राविधिक समितिले समीक्षा गर्नेछ । समीक्षाको आधारमा समितिले प्रतिवेदन स्वीकृत गर्न वा संस्थालाई पृष्ठपोषण प्रदान गर्न सक्नेछ । पृष्ठपोषण प्राप्त भएमा सो बमोजिम संस्थाले कार्य प्रगति गरी अद्यावधिक विवरणहरू निर्धारित समयमा पेस गरेपछि मात्र प्राविधिक समितिले पुनः समीक्षा गरी प्रतिवेदन स्वीकृत वा अस्वीकृत गर्नेछ र समकक्षी परीक्षण टोलीको गठनका लागि शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद्मा सिफारिस गर्नेछ ।

(४) समकक्षी परीक्षण टोलीको गठन
प्राविधिक समितिबाट स्व–अध्ययन प्रतिवेदन स्वीकृत भएको संस्थाको समकक्षी परीक्षणका लागि परिषद्ले उच्च शैक्षिक संस्था अन्तर्गत विश्वविद्यालयको गुणस्तर परीक्षणको लागि गठन हुने समकक्षी परीक्षण टोली बढीमा पाँच सदस्यीय तथा अन्य उच्च शैक्षिक संस्थाहरूको हकमा बढीमा तीन सदस्यीय विज्ञ सम्मिलित समकक्षी परीक्षण टोली गठन गर्नेछ । यसरी गठित समकक्षी परीक्षण टोलीका सदस्य र सम्बन्धित उच्च शैक्षिक संस्थाले हित नबाझिने (No Conflict of Interest) फारम भरी समकक्षी परीक्षण भ्रमण गर्नु पूर्व सचिवालयमा पेस गर्नुपर्नेछ । समकक्षी परीक्षण टोलीको गठन सम्बन्धी अन्य व्यवस्था शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन निर्देशिका २०८१ बमोजिम हुनेछ ।

(५) पूर्व परीक्षण भ्रमण
समकक्षी परीक्षण टोली गठन भएपश्चात सो] टोलीको पोर्टफोलियो बैठक बसी संस्थाबाट प्राप्तहुन आएको स्व–अध्ययन प्रतिवेदन एवं अनुसूचीहरूको मूल्याङ्कन गरी सन्तोषजनक ठानेमा समकक्षी परीक्षण अन्तर्गत पूर्व परीक्षण भ्रमणको तालिका स्वीकृत गर्न सक्नेछ । यस्तो भ्रमण सम्पन्न गर्ने समयावधि शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन निर्देशिका २०८१ मा भएको व्यवस्था बमोजिम हुनेछ ।

(६) प्रगति प्रतिवेदन तयार पार्नुपर्ने
समकक्षी परीक्षण टोलीको पूर्व भ्रमणका क्रममा दिइएका सुझावहरूमा उच्चशैक्षिक संस्थाले आवश्यक कार्य प्रगति गरी प्रगति प्रतिवेदन सहित अद्यावधिक स्व–अध्ययन प्रतिवेदन र अनुसूचीहरू समेत निर्धारित समयभित्र सचिवालयमा पेस गर्नुपर्नेछ ।

(७) पूर्ण परीक्षण भ्रमण
पूर्व परीक्षण भ्रमणको सुझाव अनुसारको प्रगति प्रतिवेदन प्राप्त भएपछि परीक्षण टोलीको पोर्टफोलियो बैठक पुनः बस्नेछ । उक्त बैठकले प्रगति प्रतिवेदन तथा अद्यावधिक स्व–अध्ययन प्रतिवेदन



अध्यक्ष

र अनुसूचीहरू समेतको मूल्याङ्कन गरी सन्तोषजनक ठानेमा समकक्षी परीक्षण अन्तर्गत पूर्ण परीक्षण भ्रमणको तालिका स्वीकृत गर्नेछ र परीक्षण भ्रमण गरी निर्धारित समयमा समकक्षी भ्रमण प्रतिवेदन पेश गर्नेछ। यस्तो भ्रमण सम्पन्न गर्ने समयावधि शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन निर्देशिका, २०८१ मा भएको व्यवस्था बमोजिम हुनेछ।

(८) प्रतिवेदन परिषद्मा पेस हुने
समकक्षी भ्रमण प्रतिवेदन पेश भएपछि निर्धारित समयमा समकक्षी परीक्षण टोली प्रमुखले शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद् समक्ष प्रतिवेदन प्रस्तुतीकरण गर्नेछ । उक्त प्रस्तुतीकरण र आवश्यक छलफल पश्चात् परिषद्ले उच्च शैक्षिक संस्थाको प्रत्यायनको लागि आयोग समक्ष सिफारिस गर्न, थप कार्य प्रगतिका लागि संस्थालाई पृष्ठपोषण प्रदान गर्न वा अन्य निर्णय लिन सक्नेछ। पृष्ठपोषण प्रदान भएमा संस्थाले सो बमोजिम कार्य प्रगति गरी प्रगति प्रतिवेदन पेस गरेपछि र पूरक भ्रमणको निर्णय भएको अवस्थामा भ्रमण सम्पन्न भई प्रतिवेदन प्राप्त भएपछि परिषद्मा प्रत्यायन सिफारिस सम्बन्धमा पुनः छलफल हुनेछ।

(९) आयोगले निर्णय लिने
शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद्बाट प्रत्यायनको लागि सिफारिस भई आएको संस्थालाई प्रत्यायन गर्ने सम्बन्धमा अन्तिम निर्णय आयोगले गर्नेछ।

**१३.१.१ पुनः प्रत्यायन**

उच्च शैक्षिक संस्थाले आफ्नो संस्थाको प्रत्यायन मान्य रहने अवधि समाप्त हुनु अगावै पुनः प्रत्यायन (Reaccreditation) का लागि प्रक्रिया सुरु गर्नुपर्नेछ। पुनः प्रत्यायन प्रक्रिया बुँदा १३.१ मा उल्लेख भए बमोजिम नै हुनेछ।

(पुनश्च: गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रक्रियाका हरेक चरणको लागि निर्धारित समय सीमा तथा शुल्क अनुसूची १४ बमोजिम हुनेछ । प्रत्यायन प्रक्रियाबारे थप जानकारीका लागि शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन निर्देशिका २०८१ आयोगको वेभ साइटमा राखिएको छ।

**१३.१.२ गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रक्रियामा सहभागीताका लागि उच्च शैक्षिक संस्थाहरूले पुरा गर्नुपर्ने निर्धारित मापदण्ड तथा पेस गर्नुपर्ने कागजातहरू**

- गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रक्रियामा सहभागीताका लागि उच्च शैक्षिक संस्थाहरूको आशय पत्र (LOI) स्वीकृतिको लागि निर्धारित मापदण्ड अनुसूची १४.१ बमोजिम हुनेछ।
- गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रक्रियामा सहभागीताका लागि उच्च शैक्षिक संस्थाहरूले आशय पत्र (LOI) पेस गर्दा संलग्न गर्नुपर्ने कागजातहरू अनुसूची १४.२ बमोजिम हुनेछ।

अध्यक्ष

## १३.२ विश्वविद्यालय तथा समान स्तरका शैक्षिक संस्थाहरूको गुणस्तर सुनिश्चितता तथा प्रत्यायन

विश्वविद्यालय अनुदान आयोगबाट सञ्चालित उच्च शिक्षामा विशिष्टता प्रवर्द्धन कार्यक्रम (NEHEP) अन्तर्गत पहिलो पटक विश्वविद्यालय तथा समान तहका संस्थाहरूको गुणस्तर सुनिश्चितता तथा प्रत्यायन कार्यक्रम सञ्चालनमा रहेको छ ।आयोगबाट विश्वविद्यालयको गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सम्बन्धी निर्देशिका पारित गरी सो सम्बन्धी कार्य अगाडी बढाइएको छ । गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रक्रियामा सहभागी हुन कुनै पनि विश्वविद्यालय र समान स्तरका संस्थाहरूले निम्नलिखित आधार पूरा गर्नुपर्नेछ।

विश्वविद्यालय र समान स्तरका शैक्षिक संस्थाहरूको आशय पत्र स्वीकृतिको लागि निर्धारित मापदण्ड अनुसूची १४.३ बमोजिम हुनेछ।

आशय पत्र फारमको साथ विश्वविद्यालयहरू र समान स्तरका शैक्षिक संस्थाहरूले पेस गर्नुपर्ने कागजातहरूको सूची अनुसूची १४.४ बमोजिम हुनेछ।

## १३.३ कार्यक्रम प्रत्यायन

विश्वविद्यालय अनुदान आयोगबाट उच्च शैक्षिक संस्थाहरूमा सञ्चालित कार्यक्रमहरू गुणस्तरका न्यूनतम मापदण्ड पूरा गरी सञ्चालित छन् भन्ने सुनिश्चितताको लागि आर्थिक वर्ष २०८२/८३ बाट कार्यक्रम प्रत्यायन प्रणाली लागू गर्नेछ। कार्यक्रम प्रत्यायन सम्बन्धी मापदण्ड, सूचकहरू तथा प्रक्रिया कार्यक्रम प्रत्यायन निर्देशिकामा तोके बमोजिम हुनेछ।

## १३.४ अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था

प्रत्यायनकृत उच्च शैक्षिक संस्थाको अनुगमन तथा मूल्याङ्कन प्रयोजनका लागी परिषद्बाट वार्षिक प्रगति प्रतिवेदनको ढाँचा पारित भई आयोगको वेभसाइटमा अपलोड गरिएको छ । आर्थिक वर्ष सम्पन्न भएको ४५ दिनभित्र प्रत्यायनकृत संस्थाले वार्षिक प्रगति प्रतिवेदन सचिवालयमा पेस गर्नुपर्नेछ।प्राप्त प्रतिवेदनको विश्लेषणको आधारमा प्रत्यायनकृत संस्थाको वर्गीकरण गरी अनुगमन गरिनेछ । अनुगमन सम्बन्धी अन्य व्यवस्था शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन निर्देशिका, २०८१ ले निर्धारण गरे बमोजिम हुनेछ।

उच्च शैक्षिक संस्थाद्धारा सञ्चालित कार्यक्रमको गुणस्तर र प्रत्यानका लागि सो सम्बन्धि निर्देशिकामा तोके बमोजिम हुनेछ।

## १३.५ गुणस्तर अभिवृद्धि (Quality Enhancement) कार्यक्रम सम्बन्धी व्यवस्था

विश्वविद्यालय अनुदान आयोगअन्तर्गत सञ्चालित उच्च शिक्षामा विशिष्टता प्रवर्द्धन कार्यक्रम (Nurturing Excellence in Higher Education Programme-NEHEP) को Result Area २ अन्तर्गतका मध्य Sub Results Areas गुणस्तर अभिवृद्धि (Quality Enhancement) कार्यक्रममा सहभागिताको लागि विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर प्रत्यायनकृत भई परिषद्ले तोकेबमोजिम न्यूनतम योग्यता तथा शर्तहरू पूरा गरेका उच्च शैक्षिक संस्थाहरूले उच्च शिक्षामा विशिष्टता प्रवर्द्धन कार्यक्रम सम्बन्धी कार्य सञ्चालन निर्देशिका (Operations Manual) को परिच्छेद ५.२ मा भएको व्यवस्था अनुसार आवेदन पेस गर्नुपर्नेछ । थप जानकारीका लागि आयोगको वेभ साइटमा रहेको कार्य सञ्चालन निर्देशिका (Operations Manual) हेर्न सकिनेछ ।

अध्यक्ष

## खण्ड – ग

## आयोगका कर्मचारीहरूका लागि क्षमता अभिबृद्धि तथा निजका सन्ततिलाई उच्चशिक्षा अध्ययनका लागि छात्रवृत्ति कार्यक्रमहरू

### आयोगका कर्मचारीहरूका लागि क्षमता अभिबृद्धि

विश्वविद्यालय अनुदान आयोगको स्थायी सेवामा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि देहाय बमोजिमका कार्यक्रमहरू बजेटको परिधिभित्र रही सञ्चालन गरिनेछ ।

- छोटो अवधिको तालिम
- सेवाकालीन तालिम
- उच्चशिक्षा अध्ययन
    - स्नातकोत्तर अध्ययन तथा शोध ग्रन्थ तयारी सहयोग (पहिलो उपाधि)
    - एमफिल अध्ययन वृत्ति, एमफिल अध्ययन शुल्क शोधभर्ना, दर्शनाचार्य शोधग्रन्थ तयारी
    - विद्यावारिधि अध्ययन तथा सहयोग (शोध सहयोग सरहको रकममा नबढाई विश्वविद्यालयमा तिरेको शुल्क र पुस्तक खरिद तथा टाइपिङ वाइण्डिङ खर्च )
    - विद्यावारिधि पुस्तक खरिद तथा टाइपिङ वाइण्डिङ खर्च

अध्ययन बिदा लिएर उच्चशिक्षा अध्ययन गर्नेको हकमा विश्वविद्यालय अनुदान आयोग कर्मचारी नियमावली २०७८ को नियम ६९ बमोजिम हुनेछ ।

पूर्व स्वीकृति लिएर अध्ययन बिदा आवश्यक नपर्ने र कार्यालय समय अघिपछिको समयमा अध्ययन अध्यापन भएको/हुनेको हकमा कम्तीमा पाँच वर्ष स्थायी सेवा पुगेका कर्मचारीहरूमध्येबाट सेवा अवधि र तहका आधारमा स्वीकृत बजेट शीर्षकको सीमाभित्र रही आयोगको कार्यक्रम कार्यविधि-२०८२ को खण्ड (ख) मा उल्लेख भए बमोजिमको विधावारिधिको हकमा शोध सहयोग बरावरको रकममा नबढ्ने गरी विश्वविद्यालयमा तिरेको शुल्क र पुस्तक खरिद तथा टाइपिङ वाइण्डिङ खर्च गर्न रकम उपलब्ध गराउन सकिनेछ । कवुलियतनामा सम्बन्धि व्यवस्था आयोगले तोके बमोजिम हुनेछ ।

- भ्रमण अनुदान

विदेशमा आयोजना हुने सभा, गोष्ठी र कार्यशाला आदिमा कार्यपत्र र मुख्य वक्ता (Key note Speaker) भई सहभागी हुन वर्षमा एकटकमा नबढाई भ्रमण अनुदान (आयोग तथा नेपाल सरकारबाट मनोनीत भई दैनिक भ्रमण खर्चमा भ्रमण गर्ने बाहेक) उपलब्ध गराउन सकिनेछ ।

अध्यक्ष

- जर्नलमा शोध लेख प्रकाशन सहयोग

उच्च प्रभाव अङ्क भएका अन्तर्राष्ट्रिय सूचीकृत जर्नलमा (Indexed Journal with Impact Factor Ranking) प्रकाशित गर्दा लाग्न सक्ने प्रकाशन शुल्क बापत वर्षमा २ वटासम्मको लागि प्रदान गरिनेछ।

- विश्वविद्यालय अनुदान आयोगको करार सेवामा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि कम्तीमा पाँचवर्षदेखि करार सेवा नवीकरण हुँदै अविच्छिन्न रूपमा कार्यरत कर्मचारीहरूलाई उच्च शिक्षाको विशिष्टताको प्रवर्द्धन कार्यक्रम (Nurturing Excellence in Higher Education) बाट शोध सहयोग, भ्रमण अनुदान, जर्नलमा शोध लेख प्रकाशन सहयोग र टाइपिङ्ग र वाइण्डिङ्ग अनुदान उपलब्ध गराउन सकिनेछ ।
- विधावारिधि अध्ययन, भ्रमण अनुदान तथा जर्नलमा लेखरचना प्रकाशन सहयोग पाउन आवेदक कम्तीमा अधिकृतस्तरको कर्मचारी हुनुपर्नेछ।

## आयोगका कर्मचारीहरुका सन्ततिलाई उच्चशिक्षा अध्ययनका लागि छात्रवृत्ति

आयोगमा कार्यरत कर्मचारीहरुका सन्ततिलाई उच्च शिक्षा अध्ययनका लागि उपलब्ध गराईने छात्रवृत्तिका सम्बन्धमा आयोगबाट स्वीकृत भएको निर्देशिका अनुसार स्वीकृत बजेट शिर्षकबमोजिम कार्यान्वयन गरिनेछ ।

अध्यक्ष